हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।




राष्ट्रिय संस्करण | विचार | यथार्थपरक बजेटको अपेक्षा | दस महिनामा दुई हजार विदेशीलाई श्रम स्वीकृति १४

वर्ष १२४ | अङ्क १९ | २०८१ साल जेठ ११ गते शुक्रबार | ज्येष्ठ कृष्ण प्रतिपदा | नेपाल संवत् ११४४ बछलागा १ | 2024 May 24 Friday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



रुपन्देहीको लुम्बिनीमा २५६८ औँ बुद्ध जयन्तीका अवसरमा बिहीबार सिँगारिएको मायादेवी मन्दिर ।

तस्बिर : रासस

# 'लुम्बिनीलाई विश्वशान्तिको गन्तव्य बनाऔँ'



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'

> पूर्वीय दर्शन र चिन्तन परम्परामा बुद्धको विचार र त्यसको प्रभाव निकै महत्त्वपूर्ण छ । मानव सभ्यता र संस्कृति विकासमा ज्ञान निर्माण र प्रज्ञा अभ्युदयमा बुद्धको मार्गदर्शन अत्यन्तै प्रभावशाली छ ।

**भैरहवा समाचारदाता**
*भैरहवा, जेठ १० गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न क्रियाशील रहेको बताउनुभएको छ।

२५६८ औँ बुद्ध जयन्ती एवं लुम्बिनी दिवसका अवसरमा बिहीबार लुम्बिनीमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले संसारभरिका करोडौँ बौद्ध समुदाय एवं आममानिसले समेत जीवनमा एक पटक दर्शन/ अवलोकन गर्नैपर्ने पवित्र तीर्थस्थलको विकासमा सरकार लागिपरेको उल्लेख गर्नुभयो। उहाँले नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा बृहत्तर लुम्बिनी विकास परियोजनासम्बन्धी प्रस्ताव प्रस्तुत भई वैदेशिक लगानीका लागि विश्व समुदायलाई आह्वान गरिएको जानकारी दिनुभयो।

प्रधानमन्त्री प्रचण्डले लुम्बिनीलाई विश्वभरका बुद्धिस्टहरूको 'बर्थिङ सेन्टर' का रूपमा विकास गरी त्यसमार्फत यस क्षेत्र र सिङ्गो देशको पर्यटन प्रवर्धनमा उच्च सफलता हासिल गर्ने सम्भावना रहेको बताउनुभयो । उहाँले शाक्यमुनि गौतमबुद्ध शील, समाधि र प्रज्ञाका प्रतिमूर्ति एवं शान्ति, एकता र सद्भावका सामूहिक प्रतीक भएको उल्लेख गर्नुभयो । उहाँले बुद्धको जन्मभूमि लुम्बिनीको भ्रमण गर्न पाउनु विश्वका प्रत्येक नागरिकका लागि गौरवको विषय भएको बताउनुभयो।

प्रधानमन्त्री प्रचण्डलले भन्नुभयो, "पूर्वीय दर्शन र चिन्तन परम्परामा बुद्धको विचार र त्यसको प्रभाव निकै महत्त्वपूर्ण छ। मानव सभ्यता र संस्कृतिको विकासमा, ज्ञान निर्माण (आर्जन) र प्रज्ञाको अभ्युदयमा बुद्धको मार्गदर्शन अत्यन्तै प्रभावशाली छ।" उहाँले बुद्धको जन्मले नेपाललाई विश्वमा चिनाउने मात्र नभई धार्मिक पर्यटनको माध्यमबाट असीमित सम्भावनासमेत उपलब्ध गराएको बताउनुभयो । मौर्य सम्राट् अशोकद्वारा निर्मित अशोक स्तम्भको शिलालेखले बुद्धको जन्म लुम्बिनीमा भएको तथ्य अकाट्य रूपमा प्रमाणित भएको उल्लेख गर्दै उहाँले सम्पूर्ण मानव जातिको साझा धरोहर एवं विश्व सम्पदाको महत्त्वपूर्ण अङ्ग पवित्र लुम्बिनीको विकासका लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरुयोजनाको बाँकी कार्य यथाशक्य पूरा गर्न लागि परेको जानकारी दिनुभयो।

प्रधानमन्त्री प्रचण्डले अन्तर्राष्ट्रिय दातृ राष्ट्र तथा सङ्घसंस्थाहरूको समेत सहयोग तथा सहभागितामा सरकारले कपिलवस्तु क्षेत्र, देवदह क्षेत्र तथा रामग्रामको पुरातात्त्विक उत्खनन, संरक्षण, प्रवर्धन तथा विकास गरी स्थानीयवासीलाई विकासको प्रतिफल दिलाउन प्रयास गरिरहेको उल्लेख गर्नुभयो । बृहत्तर लुम्बिनी विकास परियोजनाको सफल कार्यान्वयनमार्फत उक्त सम्भावनालाई यथार्थमा बदल्न सकिने भन्दै उहाँले यस कार्यका लागि प्रस्ताव बनाउन र पहल अगाडि बढाउन लुम्बिनी विकास कोषलाई निर्देशन दिनुभयो।

नेपाल सरकारले सन् २००४ मा दोस्रो विश्व बौद्ध शिखर सम्मेलन आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेको स्मरण गर्दै प्रधानमन्त्रीले तेस्रो शिखर सम्मेलन छिट्टै आयोजना गरिने जानकारी दिनुभयो।

# नेपालको आवश्यकता स्वच्छ ऊर्जा

> ऊर्जा उत्पादन देशमा रोजगारी सिर्जनाको महत्त्वपूर्ण उद्योग भएकाले पनि दिगो विकासको अवधारणामा नेपालको हरेक क्षेत्रलाई ऊर्जा उत्पादनसँग जोडेर लैजानु पर्छ ।

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ १० गते*



स्वच्छ ऊर्जा उत्पादन नेपालको अबको आवश्यकता रहेको औँल्याइएको छ । चन्द्रागिरिमा जारी हिमाल, जनता र जलवायु विषयक अन्तर्राष्ट्रिय विज्ञ संवादको स्वच्छ ऊर्जा र हरित अर्थतन्त्र सत्रमा विज्ञहरूले दिगो अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा महत्त्वपूर्ण आधारस्तम्भ भएको बताउनुभयो।

वरिष्ठ ऊर्जाविद् डा. शोभाकर ढकालले जैविक अर्थतन्त्र, स्वच्छ ऊर्जायुक्त अर्थतन्त्र र हरित अर्थतन्त्र नेपालको अर्थतन्त्रको आधारशिला भएको स्पष्ट पार्नुभयो।

ऊर्जा उत्पादन देशमा रोजगारी सिर्जनाको महत्त्वपूर्ण उद्योग भएकाले पनि दिगो विकासको अवधारणामा नेपालका हरेक क्षेत्रलाई ऊर्जा उत्पादनसँग जोडेर लैजानुपर्ने बताउनुभयो । आफ्नै देशमा उत्पादित जलविद्युत् स्थानीय उपभोगसँगै छिमेकी मुलुकमा बेचेर देशकै कुल गार्हस्थ उत्पादनमा योगदान पुऱ्याउन पनि तापक्रम नियन्त्रण र जलस्रोत प्रमुख स्रोतका रूपमा रहेको हिमाल, हिमनदी र त्यहाँको हिउँ जोगाउने बाटोमा पनि उत्पादनकर्ताले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

अर्थविद् स्वर्णिम वाग्लेले हरित अर्थतन्त्रमा प्रवेश गर्न त्यसको अवधारणात्मक स्पष्टतालाई सबैभन्दा पहिले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । विश्वका ३२ शक्तिराष्ट्रहरूले अत्यधिक कार्बन उत्सर्जन गरिरहेको भन्दै उहाँले त्यसको क्षतिपूर्ति दिने सहमति तिनीहरूबाट आउनु नेपालका लागि खुसीको कुरा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "तर ऊर्जा उत्पादनमा जलवायु परिवर्तन र हिमालको हिउँ गलनले पारिरहेको असरको समाधान प्रकृतिमैत्री हुनु पर्छ, नत्र ऊर्जा उत्पादनको नेपालको यात्रामा अवरोध आउने छ।" दक्षिण अफ्रिकाका लागि युएनडिपीका प्राविधिक सल्लाहकार डा. मार्क टेडोरसले जलविद्युत् उत्पादनको निरन्तरताका लागि पनि नेपालसहित विश्वकै लागि पनि हिमालको हिउँ जोगाउनुपर्नेमा उहाँले जोड दिनुभयो । त्यसका लागि सबैले आफ्नो नीतिगत विकासमा सुधार गर्नुपर्ने स्पष्ट पार्नुभयो।

म्यानमारका लागि युएन ह्याबिट्याटका प्रतिनिधि क्याथरिना क्यामरुनले हरित समाज निर्माणका लागि प्रकृतिमा आधारित सहर तथा बस्ती विकास गर्न सुझाउनुभयो। स्वच्छ ऊर्जा विकासका लागि बलियो राजीतिक इच्छाशक्तिको आवश्यकता रहने र त्यसो हुन सकेमा देश हरित अर्थतन्त्रको बाटोमा अग्रसर हुने विश्वास विज्ञहरूले व्यक्त गर्नुभयो। साथै तत्काल संरक्षणमा लाग्नुपर्ने आवश्यकतामा जोड दिँदै उहाँहरूले सबै निकायको सहकार्य आवश्यक रहनुपर्ने उहाँहरूले धारणा राख्नुभयो।

### समुदायमा आधारित रणनीति चाहिन्छ

जलावयु परिवर्तनको असर हिमालमा परिरहँदा अत्यधिक नोक्सानी खेपिरहेका स्थानीय समुदायका लागि समुदायमा आधारित रणनीति आवश्यक रहेको विज्ञ तथा स्थानीय समुदाय तथा स्थानीय सरकारका प्रतिनिधिले जोड दिनुभएको छ।

काठमाडौँमा जारी हिमाल, जलवायु परिवर्तन, जनता विषयक अन्तर्राष्ट्रिय विज्ञ सम्मेलनमा सहभागी विज्ञ तथा स्थानीय प्रतिनिधिले स्थानीयले भोगेका चुनौतीबारे स्थानीय नै बढी जानकार रहेकाले त्यसको सम्बोधन पनि स्थानीय तहबाटै राम्ररी सम्बोधन गर्न सकिने दाबी पनि गर्नुभयो । बाजुरा गाउँपालिकाकी उपप्रमुख कमला जैसीले जलवायु परिवर्तनको असर स्वरूप स्थानीयले पछिल्लो समय हिमालको हिउँ गलन, बेमौसमी वर्षा, डढेलो, खडेरी, अनावृष्टि आदि बढी भोग्नुपरेको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

सगरमाथा आरोहणमा नयाँ कीर्तिमान

# फुन्जो सबैभन्दा छिटो चढ्ने महिला

**मीनराज भण्डारी**
*काठमाडौँ, जेठ १० गते*



गोरखाकी फुन्जो झाङ्मु लामाले सबैभन्दा छिटो सगरमाथा चढेर महिला पर्वतारोहीतर्फ नयाँ कीर्तिमान बनाउनुभएको छ । सगरमाथा आधार शिविरमा रहेको अनुगमन फिल्ड कार्यालयले दिएको जानकारी अनुसार ३३ वर्षीया लामा आधार शिविरबाट १४ घण्टा ३१ मिनेट लगाएर बिहीबार बिहान ६ बजेर २३ मिनेटमा सर्वोच्च शिखरको चुचुरोमा पुग्नुभएको हो।

अनुगमन कार्यालयका प्रमुख खेललाल गौतमले भन्नुभयो, "आरोही लामाले सगरमाथा आधार शिविरबाट आरोहण सुरु गरेर पुनः आधार शिविरमा आइपुग्दा २४ घण्टा ३६ मिनेट लगाउनुभएको छ। उहाँ आधार शिविरबाट १४ घण्टा ३१ मिनेटमा चुचुरोमा पुग्नुभएको हो।" उहाँ बुधबार अपराह्न ३ बजेर ५२ मिनेट जाँदा आरोहण सुरु गरेर बुधबार बिहान ६ बजेर २३ मिनेटमा चुचुरोमा पुग्नुभएको हो।

पर्यटन विभागका अनुसार आरोही लामा चुमनुब्री गाउँपालिका–७, छेकम्पार गोरखाकी स्थायी बासिन्दा हुनुहुन्छ । यसअघि उहाँले सन् २०१८ मा ३९ घण्टा ६ मिनेट लगाएर सगरमाथाको आरोहण गर्नुभएको थियो । विभागका अनुसार सन् २०२१ मा हङकङकी स्याङ यिन हङ (आडा) ले २५ घण्टा ५० मिनेटमा आरोहण गरेर सबैभन्दा छिटो सगरमाथा आरोहण गर्ने महिलाका रूपमा गिनिज बुकमा नाम लेखाउनुभएको थियो । जुन रेकर्ड आरोही लामाले तोड्नुभएको छ।

विभागले उपलब्ध गराएको तथ्याङ्क अनुसार जापानका महिला आरोही जुन्को ताबेईले सर्वप्रथम २०३२ जेठ २ गते पहिलो महिला आरोहीका रूपमा सगरमाथा आरोहण गर्नुभएको थियो।

» बाँकी पृष्ठ २ मा

# आँगनमा खानी र जडीबुटीको भण्डार

## माल पाएर चाल नपाउँदा युवा पलायन

**गोकर्ण दयाल**
*बैतडी, जेठ १० गते*



बैतडीको सिगास गाउँपालिका–१, सुगरखालमा रहेको फलाम खानी ।

> खानी र जडीबुटी उपयोग नहुँदा माल पाएर पनि चाल नपाए जस्तै गरी युवा रोजगारीको खोजीमा विदेश पलायन हुन थालेका छन् । युवा जनशक्ति पलायन हुँदा गाउँमा वृद्ध, महिला, केटाकेटीबाहेक कोही भेटिँदैनन् ।

कृषि मलमा प्रयोग हुने 'फस्फोराइट' खानीदेखि क्यान्सर रोग निको पार्ने ट्याक्सल नामको रसायनयुक्त जडीबुटीका लागि बैतडी जिल्ला भण्डार मानिन्छ। यहाँ विभिन्न खनिज पदार्थका अतिरिक्त उपयोगी जडीबुटीसमेत पाइन्छ।

खानी र जडीबुटीको उपयोग नहुँदा माल पाएर पनि चाल नपाए जस्तै गरी युवा रोजगारीको खोजीमा विदेश पलायन हुन थालेका छन् । युवा जनशक्ति पलायन हुँदा गाउँमा वृद्ध, महिला, केटाकेटीबाहेक कोही भेटिँदैनन् । अधिकांश युवा कामको खोजीमा भारत जाने गरे पनि पछिल्लो समय खाडी मुलुक र मलेसिया जानेको सङ्ख्या बढेको छ । मलेसिया गएका सिगास गाउँपालिका–१ का लोकराज भट्ट उतै बेपत्ता भएपछि घरमा वृद्ध आमाबुवा आठ वर्षदेखि छोराको बाटो कुरेर बसिरहनुभएको छ।

भारतमा ज्याला मजदुरीले जीविका नचलेपछि सोही वडाका हर्कबहादुर ऐरी दुई लाख रुपियाँ ऋण लिएर खाडी मुलुक पस्नुभयो। सोही वडाका अर्का युवा बलवेद ऐरी वृद्ध आमाबुवा र जहान परिवार पाल्न कामको खोजीमा भारत हिँड्नुभएको छ।

बेरोजगारीका कारण गाउँबाट पलायन यी युवा केही प्रतिनिधि पात्र मात्र हुन्। युवा पलायन भएको सिगास गाउँपालिका–१, सुगरखालमा फलाम खानी छ। यहाँको फलाम खानीमा ३८ प्रतिशत म्याग्नाइट आइरन रहेको प्राविधिक परीक्षणबाट पुष्टि भएको छ तर सडक र बिजुलीको सुविधा नहुँदा खानी उत्खनन हुन सकेको छैन। वडामै खानी र जडीबुटी भए पनि यहाँका ८० प्रतिशत युवा रोजगारीका लागि भारतलगायत खाडी मुलुक पलायन हुने क्रम लामो समयदेखि निरन्तर छ । जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार पछिल्ला वर्षमा राहदानी लिने युवाको सङ्ख्या बढेको छ। आर्थिक वर्ष २०७४/७५ मा राहदानी लिनेको सङ्ख्या पाँच सय रहेकोमा हाल बढेर आव २०७९/८० मा दुई हजार ६८० पुगेको छ।

बैतडीमा फस्फोराइट, फलाम, चुन ढुङ्गा, शिलाजित, स्लेट र खल बनाउन प्रयोग हुने ढुङ्गाको खानीलगायत सिल्भर खानी रहेका छन्। जडीबुटीतर्फ क्यान्सर रोग निको पार्ने लौठसल्लासहित पाँचऔँले, पाखनवेद, चिराइतो, सुगन्धवाल, चुत्रो, तेजपत्ता, रिट्ठा, सिमजडी, अमला, हर्रोबर्रो, गुड, महलगायत ६५ भन्दा बढी जडीबुटीको भण्डार रहेको छ।

यद्यपि यहाँको जडीबुटी बिचौलियामार्फत भारत निकासी हुने भएकाले जिल्लामै जडीबुटी प्रशोधन केन्द्र सञ्चालन हुन सकेको छैन। ग्वाल्लेक र सिगास संरक्षित वनमा क्यान्सर रोग निको पार्ने ट्याक्सल नामको रसायन निस्कने लौठसल्ला रहेको छ।

» बाँकी पृष्ठ २ मा

# ‘पूर्वाधार विकासको क्षेत्रमा ठुलो उपलब्धि’



तस्बिर : सागर बस्नेत

**राष्ट्रिय समाचार समितिद्वारा आयोजित फोटो प्रदर्शनी उद्घाटन गर्नुहुँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पूर्वाधार विकासको क्षेत्रमा ठुलो उपलब्धि हासिल भएको बताउनुभएको छ। राजनीतिक अस्थिरताका कारण सोचेजस्तो विकास हुन नसकेको भन्दै उहाँले गणतन्त्र स्थापना भएको १५ वर्षमा पूर्वाधार विकास क्षेत्रमा ठुलो उपलब्धि हासिल भएको उल्लेख गर्नुभयो।

राष्ट्रिय समाचार समिति (रासस) द्वारा ‘गणतन्त्रको उपलब्धि : समृद्धिका लागि पूर्वाधार’ शीर्षकमा बिहीबार आयोजित तस्बिर प्रदर्शनी उद्घाटन गर्दै सञ्चारमन्त्री शर्माले नेपालका दुई छिमेकी मुलुक चीन र भारतमा एउटै व्यक्तिले १०/१५ वर्षसम्म शासन चलाउन पाउँदा त्यहाँ विकासले फड्को मारेको बताउनुभयो। उहाँले नेपालमा राजनीतिक अस्थिरताका कारण पूर्वाधार विकास हुन नसकेको उल्लेख गर्नुभयो।

सञ्चारमन्त्री शर्माले भन्नुभयो, “अहिले गाउँघर टोलटोलमा बाटा र विकास निर्माण पुगेका छन्। त्यसमा सबैभन्दा बढी भूमिका स्थानीय र प्रदेशको छ। हामीले सोचेजति विकास गर्न नसके पनि धेरै सुविधा गाउँमा पुर्‍याउन सफल भएका छौँ।”

तत्कालीन सञ्चारमन्त्री कृष्णबहादुर महराले ‘हातहातमा मोबाइल, घरघरमा इन्टरनेट’ भन्ने नारा ल्याउँदा धेरैले नपत्याएको स्मरण गर्दै उहाँले अहिले हातहातमा ल्यापटप हुँदै प्रविधि ‘एआई’ सम्म पुगेको चर्चा गर्नुभयो। “गणतन्त्रमा जतिसुकै पदीय हैसियतमा भए पनि गल्ती गर्ने छुट कसैलाई हुँदैन,” भन्ने जबर्जस्त भाष्य निर्माण भएको बताउँदै उहाँले भन्नुभयो, “आमजनतामा बढ्दै गएको निराशा चिर्न हामी सफल भयौँ। गणतन्त्र भएकाले कानुन छ भन्ने भाष्य स्थापित गर्न सफल भयौँ।” उहाँले वर्तमान सरकारको गतिविधिबाट गणतन्त्र र संविधानभन्दा माथि कोही छैन भन्ने तथ्य स्थापित भएको बताउनुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले १६ औँ गणतन्त्र दिवस–२०८१ को सन्दर्भ पारेर आयोजना गरिएको तस्बिर प्रदर्शनीले गणतन्त्रमा विकास निर्माणका केही पनि काम भएको छैन भन्ने अफवाह चिर्न मद्दत पुग्ने बताउनुभयो। प्रदर्शनीमा दार्चुलाको मर्मादेखि पाँचथरको थार्कोसम्मका पूर्वाधार निर्माणसम्बन्धी ९५ वटा तस्बिर राखिएको भन्दै उहाँले पत्रकारितासँग सम्बन्धित सामग्रीका लागि सङ्ग्रहालय निर्माण गर्न रासस तयारीमा लागेको जानकारी दिनुभयो।

प्रदर्शनीमा सिस्नेखोला–थानकोट सुरुङमार्ग, भूकम्पपछि पुनर्निर्मित रानीपोखरी, धरहरा, दरबार हाइस्कुल, बबरमहलको तस्बिर राखिएका छन्। त्यसै गरी आर्क ब्रिज, चोभार सुक्खा बन्दरगाह, निर्माणाधीन काठमाडौँ–तराई/मधेश द्रुतमार्ग र त्यसका सुरुङमार्ग, मेलम्ची खानेपानी आयोजना, मूलपानी क्रिकेट मैदान, सुनकोशी मरिन डाइभर्सनलगायत निर्माणाधीन विभिन्न राजमार्गखण्डका तस्बिर प्रदर्शनीमा राखिएका छन्।

# ‘बजेटमा कृषि क्षेत्र उच्च प्राथमिकतामा’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले आगामी आर्थिक वर्षको बजेटमा कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिने बताउनुभएको छ। ललितपुरको कोन्ज्योसोम गाउँपालिकाद्वारा बिहीबार आयोजित त्रिमूर्ति प्रतिमा उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले हालै सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम अनुरूप कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने उल्लेख गर्नुभयो।

प्रधानमन्त्री प्रचण्डले नीति तथा कार्यक्रममा उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएर नीतिगत व्यवस्था गरिएको जानकारी दिनुभयो। सरकारले अघिल्लो महिना सम्पन्न तेस्रो लगानी सम्मेलनमा ललितपुरको ठोट्नेखोलाको पानी प्रयोग गरी उपत्यकावासीको पानी समस्या समाधान गर्न विदेशी लगानीकर्ताका लागि परियोजनाको प्रारूप प्रस्ताव गरिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, “मेरो विश्वास छ। उक्त प्रस्ताव अनुरूप यस आयोजनाका निम्ति विदेशी लगानी जुट्ने छ। यसबाट पानीको बहुउपयोग हुने किसिमका बृहत् आयोजना सञ्चालन गर्न सम्भव हुने छ।”

प्रधानमन्त्री प्रचण्डले कोन्ज्योसोम गाउँपालिकाका केही वडालाई नयाँ सहरका रूपमा विकास गर्न सकिने सम्भावना रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “यस क्षेत्रका लेले–चन्दनपुर, नल्लु–चौघरे–उन्युचौर–मानिखेल–गोटिखेल र बिर्खेधारा–दलचोकी–शङ्ख–इकुडोल गरी तीन वटा सडक दक्षिण ललितपुरको ‘लाइफ लाइन’ का रूपमा विकास हुने क्रममा रहेको छ। यसले ललितपुरको दक्षिणी क्षेत्र विकासमा गुणात्मक फड्को मार्ने विश्वास मैले लिएको छु।”

काठमाडौँ उपत्यकाबाट नजिकको दुरीमा प्राकृतिक मनोरम दृश्यावलोकन गर्न सकिने स्थान कोन्ज्योसोम भएको भन्दै उहाँले ग्रामीण अर्थतन्त्र र पर्यटन प्रवर्धन गरेर आयआर्जन गर्न सकिने उल्लेख गर्नुभयो। उहाँले यस क्षेत्रमा पर्यटकको बसाइ लम्ब्याएर विदेशी मुद्रा आर्जनका निम्ति राजधानीनजिकका यस्ता पर्यटकीय गन्तव्यको विशिष्ट भूमिका रहने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री प्रचण्डले ललितपुरभित्र पर्ने अत्यन्त महत्त्वपूर्ण र मनोरम गाउँपालिकाका रूपमा स्थापित कोन्ज्योसोमले कृषि र पर्यटनमार्फत ग्रामीण अर्थतन्त्रको सबलीकरण एवं विकासमा रचनात्मक भूमिका निर्वाह गरेको बताउनुभयो। उहाँले कृषि उत्पादन, पर्यटकीय सम्भावना खोजी एवं गाउँपालिकाभित्र विद्यमान सबै साधन स्रोतको अधिकतम उपयोगका निम्ति विभिन्न नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, “करिब ७८ प्रतिशत तामाङ समुदायको बसोबास रहेको यस कोन्ज्योसोम गाउँपालिकाको नामकरण स्थानीय पहिचान झल्किने गरी तामाङ भाषामा गरिएको छ। यसबाट यस गाउँपालिकाभित्रका विविधतायुक्त संस्कृति प्रवर्धन हुनुका साथै प्राकृतिक एवं सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नसमेत महत्त्वपूर्ण योगदान पुग्दै आएको छ।” प्रधानमन्त्री प्रचण्डले कोन्ज्योसोम प्रतिमा निर्माणमा सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको भूमिका र योगदान रहेको उल्लेख गर्नुभयो।

## कार्यदिशमा जुटेन सहमति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

सहकारी अपचलन प्रकरणमा संसदीय छानबिन समितिको कार्यदिश टुङ्गो लगाउन बसेको बैठक बिनानिष्कर्ष सकिएको छ। सिंहदरबारमा बसेको कार्यदल बैठकमा सत्तापक्ष र प्रतिपक्ष दलका नेताहरू आआफ्नै अडान कायमै राखेपछि सहमति जुट्न नसकेको हो।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का प्रमुख सचेतक एवं कार्यदल सदस्य महेश बर्तौलाले सहकारी अपचलनका विषयभन्दा व्यक्ति केन्द्रित भई छानबिन समिति बनाउन खोज्दा सहमति जुट्न नसकेको बताउनुभयो। “प्रतिपक्षका साथीहरू गृहमन्त्री रवि लामिछानेको मात्रै छानबिन गर्ने भन्नुहुन्छ। हामी रवि लामिछानेको होइन, समग्र सहकारी अपचलनबारे छानबिन गरौँ भन्ने छ,” उहाँले भन्नुभयो, “हामी अहिले छानबिन समिति मात्रै बनाउने त्यसपछि सहकारी अनियमितताको हेरौँ भन्ने छ। उहाँहरू त्यसमा सहमत नभएपछि सहमति जुटेन।”

कांग्रेस नेताहरूले आफ्ना पार्टीका शीर्ष नेतृत्वसँग छलफल गरेपछि भोलि (शुक्रबार) बसेर कार्यदिशबारे टुङ्गो पुर्‍याउने आश्वासन दिएकाले तत्काल टुङ्गोमा पुग्न सकिने उहाँले बताउनुभयो। शुक्रबार बिहान ८ बजे कार्यदलको बैठक बसेपछि कार्यदिशका विषयमा निष्कर्षमा पुग्ने अपेक्षा गरिएको छ। तर नेपाली कांग्रेसका नेता जीवन परियारले गृहमन्त्री रवि लामिछानेको नामै जोडेर छानबिन समिति बनाउनुपर्ने जिकिर गर्नुभयो।

पशुपतिको भेटी चोरी प्रकरण

## ढोडारीको घरबाट छ लाख बरामद

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

पशुपतिनाथ मन्दिरमा दर्शनार्थीले चढाएको भेटी चोरीमा संलग्न रहेको अभियोगमा पक्राउ परेका एक कर्मचारीको घरबाट प्रहरीले छ लाख रुपियाँ बरामद गरेको छ।

महानगरीय प्रहरी वृत्त गौशालाका प्रमुख प्रहरी नायब उपरीक्षक केशवराज थेबेका अनुसार कोषका नायब सुब्बा नवराज ढोडारीको घरबाट भेटी चोरी गरेर सङ्कलन गरेकै ठाउँबाट छ लाख रुपियाँ बरामद गरिएको हो। डिएसपी थेबेले भन्नुभयो, “घरको तलासी लिँदा नगद बरामद भएको हो।”

जेठ ७ गते नासु ढोडारीसहित आठ जनालाई नियन्त्रणमा लिए पनि पाँच जनामाथि काठमाडौँ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ। मन्दिरका ब्राह्मण नवराज घिमिरे, मन्दिरमा बाजा बजाउने कर्मचारीत्रय अनिल परियार, सञ्जय कपाली र कुमार परियारमाथि जेठ ८ गते म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ। अन्य तीन जना भेटी चोरीमा संलग्न नदेखिएपछि प्रहरीले छोडिदिएको छ।

पशुपति क्षेत्र विकास कोषको सिसिटिभी निगरानीका क्रममा संस्कृति संरक्षण महाशाखाको भेटी गणना कक्षका मुख्य कर्मचारी ढोडारीसहितका कर्मचारीले लुकाएर लाने गरेको खुलेको थियो।

मन्दिरभित्रै पक्राउ परेका अभियुक्तले प्रहरीसँगको बयानमा पदाधिकारीकै संरक्षणमा चोरीमा संलग्न भएको बयान दिएपछि कोषाध्यक्ष नारायणप्रसाद सुवेदी पनि तानिनुभएको छ। डिएसपी थेबेले अनुसन्धानका क्रममा नाम आएका व्यक्तिमाथि बयान लिन सक्ने र संलग्न देखिएमा आवश्यक कारबाही हुने प्रस्ट पार्नुभयो।

वर्षायाम सुरु भएपछि कोषले भेटी अलपत्र हुने भएकाले संस्कृति संरक्षण महाशाखाका कर्मचारीलाई २०८० जेठ १६ गते पूर्ण रूपले गणना गर्नेलाई १५ दिनको र अतिरिक्त समयमा काम गर्नेलाई १० दिनको तलब सुविधा दिने गरी खटाएको थियो।

तर कोषाध्यक्ष सुवेदीको निर्देशनमा आफूहरूले निरन्तर काम गरेको बयान पक्राउ परेका अभियुक्तले दिएका छन्। बाजा बजाउने कर्मचारी अनिल परियारको दाबी छ, “नारायण सुवेदी सर हुनुहुन्छ, उहाँले भनेर हामीले गरेको हो।”

परियारको बयानमा ‘सिसिटिभी छ, हामी यस्तो काम नगर्ने भन्दा, केही हुँदैन, कसैले देख्दैन गर गर’ भनिएको छ। कोषाध्यक्ष सुवेदीलाई २०७८ मा तत्कालीन पर्यटनमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का नेता प्रेमबहादुर आलेले नियुक्त गर्नुभएको हो। एकीकृत समाजवादीको केन्द्रीय निर्वाचन आयोगमा पनि सुवेदी हुनुहुन्थ्यो। यस सम्बन्धमा सुवेदीले केही बोल्न चाहनु भएन।

## आँगनमा...

### चाउचाउ र कुरमुरेसँग साटिन्छ जडीबुटी

विद्यालय जाने बालबालिकाले पाखनवेद र सिमजडी, चुत्रोलगायत जडीबुटी सङ्कलन गरेर बिचौलियासित चाउचाउ र कुरमुरेसित साट्ने गरेका छन्। बिचौलियाले यस्ता जडीबुटी नेपालगन्जको बाटो भएर भारत पठाउने गरेको पाइएको छ।

डिभिजन वन कार्यालयको तथ्याङ्क अनुसार हरेक वर्ष चार लाख किलो जडीबुटी भारत जाने गरेको छ। तेजपत्ता, सिमजडी, चुत्रो, सुगन्धवाल, अमला र रिट्ठो सबैभन्दा बढी निकासी हुने गरेको डिभिजन वन कार्यालयका निमित्त प्रमुख दिलीपकुमार यादवले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “रिट्ठो र तेजपत्तापछि स्थानीय जङ्गली फल किरमडा (चुत्रो) को बोक्रा, जरा र डाँठ बढी निकासी हुने गरेको छ। चुत्रो सङ्कलन गर्न प्रतिकिलो १० रुपियाँ राजस्व तिरेपछि मात्रै यो जडीबुटी निकासी गर्न पाइन्छ।”

### अध्ययन भयो, उत्खनन भएन

दोगडाकेदार गाउँपालिका–७ र ३ नं. वडाको बसौरा र पुरचौडी नगरपालिका–६, साउन गाउँमा कृषिमलमा प्रयोग हुने फस्फोराइट खानी फेला परेर विस्तृत अध्ययन भए पनि उद्योग खुल्न सकेको छैन।

खानी उत्खनन गर्न पाँच वर्षअघि भूगर्भ विभागका वरिष्ठ भूगर्भविद् कुमार खड्काको नेतृत्वमा १५ जनाको टोलीले ५५ दिनसम्म खानीमा ड्रिल (प्वाल पार्ने काम) गरेर नेपालमै कृषिमल बन्ने सम्भावना औँल्याएर फर्किएको थियो। नेपाल सरकारले किसानलाई वार्षिक छ अर्ब रुपियाँ बराबरको मल आयात गर्ने गरेको तथ्याङ्क भए पनि फस्फोराइट उत्खनन र प्रशोधन गर्ने उद्योग स्थापना हुन सकेको छैन।

यस जिल्लाका १० वटा स्थानीय तहमध्ये पुर्चौडी नगरपालिकामा फलाम खानी, कृषिमलमा प्रयोग हुने फस्फोरस खानी रहेका छन्। दोगडाकेदार गाउँपालिकामा चुनढुङ्गा र फस्फोराइट खानी, दशरथचन्द नगरपालिकाको ग्वाल्लेकमा सिसा र मौरा भिरमा शिलाजित खानी छन्।

त्यसै गरी सिगास गाउँपालिकामा फलामसँगै खरी ढुङ्गा, स्लेट खानी, डिलासैनी गाउँपालिकालाई छोएर बग्ने चमेलिया नदी किनारमा युरेनियम र सुनको सम्भावना, शिवनाथ गाउँपालिकामा कुटानी पिसानीमा प्रयोग हुने घट्ट, जाँतो र खल बनाउने ढुङ्गा खानी भए पनि उद्योग सञ्चालन हुन सकेको छैन।

विस्तृत खोज अनुसन्धानका लागि सरकारलाई आग्रह गरिएको भए पनि अहिलेसम्म खानीको अध्ययन हुन सकेको छैन। स्थानीय तहको पुनर्संरचना हुनुपूर्व तत्कालीन जिल्ला विकास समितिले खानी तथा भूगर्भ विभागसँग समन्वय र पत्राचार गरेर सुन र युरेनियम खानीको अध्ययन गर्ने विषय चर्चा हुने गरेको थियो।

### प्रयोगमा रहेको फलाम खानी बन्द

पुर्चौडी नगरपालिकाको मल्लादेही कालीढुङ्गा क्षेत्रमा ३५ वर्षअघि स्थानीयले उत्खनन गरेर फलाम निकालेका चार सयभन्दा बढी खाडल देख्न सकिन्छ। द्वन्द्वकालमा फलाम खानी बन्द भएपछि ती खाल्डामा अहिले स्थानीयले फोहोर र मरेका पशुचौपाया फाल्ने गरेका छन्।

खानी बन्द भएपछि फलाम उत्खनन गरेर विभिन्न औजार बनाउने चलनसमेत हराएको छ। विदेशबाट आयात हुने प्लास्टिक र सिल्भरका भाँडा वर्तनको प्रयोग बढेको छ। खानीबाट उत्खनन गरेर निकालिएको फलामबाट बनेका पुर्चौडे भदेला (कराही) अहिले पनि सुदूरपश्चिमको जनबोलीमा झुन्डिएको छ। फलाम खानी बन्द भएपछि यहाँका परम्परागत आरनसमेत बन्द भएका छन्।

## नेपालको...

उहाँले भन्नुभयो, “बुढीगङ्गामा आगलागीले तीन सय घरपरिवार विस्थापित भएका छन्, त्यो व्यवस्थापनको जिम्मेवारी हाम्रै हो तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति बनाउँदा हामीलाई नै बाहिर राखिन्छ।”

त्यस्तै सिन्धुपाल्चोक गाउँपालिका उपप्रमुख अप्सरा लामिछानेले जलवायु परिवर्तनले सबैभन्दा बढी महिला जोखिममा परिरहे पनि महिलाका मुद्दा नीतिमा समावेश नभएको बताउनुभयो।

गरुवा गाउँपालिका दाङका उपप्रमुख शारदा बोहराले रणनीति निर्माणका लागि हुने सम्मेलनमै समावेशी सहभागिता नहुने गरेको गुनासो गर्नुभयो। उहाँले विभिन्न सत्रमा प्रश्न गर्नुभयो, “जे परेको छ, हामीलाई परेको छ, गाउँमा पानी छैन, दुःख हामीले पाएका छौँ तर किन समुदायलाई वास्ता गरिँदैन।”

सर्वोच्च शिखर सगरमाथा रहेको गाउँ पासाङल्हामु गाउँपालिकाकी उपप्रमुख टासी शेर्पाले आफूले भोगेको विगतमा हिमालमा हिउँको थुप्रोमा खेलिएको भए पनि अहिले खानेपानीको अभाव हिमालमै देखिन थालेको जानकारी दिनुभयो। परम्परागत चलनलाई जोगाउँदै समुदायमुखी अनुकूलनका उपाय नरहेको बताउनुभयो। उहाँलगायत स्थानीय समुदायका प्रतिनिधि, जनजाति वर्गलगायतले सत्रहरूमा पर्याप्त बोल्ने अवसर नदिएको भन्दै आपत्ति जनाउनुभयो।

समुदायमा आधारित फरक सत्रमा प्रधानमन्त्रीका वातावरण सल्लाहकार पपुलर जेन्टलले नीति र आमसमुदायका बिचमा दुरी रहेको औँल्याउँदै समस्याको पहिचान र व्याख्यामै समस्या रहेको बताउनुभयो।

प्रतिनिधि सभा सदस्य आरजु राणा देउवाले समुदायको जीवनस्तर सुधार गर्न तत्काल कार्यगत कार्यान्वयनमा जानुपर्नेमा जोड दिनुभयो। त्यसका लागि प्रविधि, शिक्षा, बजेट, क्षमता अभिवृद्धि र समुदायमुखी सहकार्यलाई जोड दिनुपर्ने उहाँले सुझाउनुभयो।

सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लले न्याय क्षेत्रले सरकार र सरोकारवाला निकायलाई समुदायप्रति उत्तरदायी र जिम्मेवार बनाउन निर्णयमार्फत मार्गदर्शन गरेको स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, “तर कतिपय भएका निर्णयबारे सरकारलाई जानकारी गराउन नसकिँदा समस्या जस्ताको तस्तै रहने गरेको पाइएको छ।”

# नवीनतम प्रयोग अनुसरण गर्न सुझाव

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

प्रधानसेनापति प्रभुराम शर्माले चिकित्सा विज्ञानमा ‘रोबोटिक’ प्रविधि विकास भइसकेकाले सोही अनुरूप नवीनतम प्रयोग अनुसरण गर्न सुझाव दिनुभएको छ।

नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठानको १२ औँ स्थापना दिवसका अवसरमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले चिकित्सा विज्ञानमा आएको परिवर्तन र प्रविधि विकाससँगै गुणस्तरीय शिक्षामा सैनिक महाविद्यालयले विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

उहाँले मुलुकलाई आवश्यक पर्ने दक्ष चिकित्सक जनशक्ति उत्पादनमा प्रतिष्ठनले पुर्‍याएको योगदानको प्रशंसा गर्नुपर्ने बताउनुभयो।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजङ्ग बरालले स्वास्थ्य शिक्षाजस्तो जटिल विधामा प्रतिष्ठानले दक्ष जनशक्ति उत्पादन गरेको प्रयासको सराहना गर्दै चिकित्सा शिक्षामा प्रतिष्ठानले तल्लो वर्गलाई समेत अवसरको ढोका खोलेकोमा प्रशंसा गर्नुभयो। प्रतिष्ठानका अनुसार त्रिभुवन विश्वविद्यालय अन्तर्गत चिकित्सा शिक्षा तथा नर्सिङ शिक्षातर्फ विद्यार्थीले उत्कृष्ट नतिजा हासिल गरेका छन्। त्यस्तै चिकित्सा शिक्षा अन्तर्गत एमबिबिएस, बिएस्सी नर्सिङ, बिएन, बिपिएच तथा बिएससिएमएलटी तथा प्रमाणपत्र तहका पिसिएल नर्सिङ, जनरल मेडिसिन, फार्मेसी, रेडियोग्राफी, फिजियोथेरापी र सिएमएलटी विधामा अध्यनरत शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्।

प्रतिष्ठानका कार्यकारी निर्देशक तथा पूर्वउपरथी प्राडा देवेन्द्रराज खत्रीले प्रतिष्ठानले गुणस्तरीय शिक्षामार्फत उत्कृष्ट नतिजा हासिल गरेको बताउनुभयो। समारोहमा सेनापति शर्माले नर्सिङ शिक्षातर्फ सर्वोत्कृष्ट नतिजा हासिल गर्ने छात्रा रञ्जु अधिकारी र एमबिबिएसतर्फ सर्वोत्कृष्ट नतिजा हासिल गर्ने छात्र जिनिस महर्जनलाई गोल्ड मेडलसहित पुरस्कृत गर्नुभयो। प्रतिष्ठान अन्तर्गतका विभिन्न विधामा अध्ययनरत उत्कृष्ट विद्यार्थी पूजा अधिकारी, जानकी पुरी, कजन थापा र रजनी गुरुङ, सरु योगी, विद्या भाट र राहुल यादव, सजिना श्रेष्ठ, गरिमा गुरुङ र अमृता ढुङ्गाना, जेनिशा गुरुङ, निरञ्जना साउदलाई सेनापति शर्माले जनही १० हजार रुपियाँसहित पुरस्कार तथा मेडल प्रदान गर्नुभयो।

# ‘राष्ट्रिय साइबर सुरक्षा केन्द्र’ स्थापना

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ १० गते*

‘डिजिटल नेपाल फ्रेमवर्क २०७६’ को आकाङ्क्षा पूरा गर्ने उद्देश्य अनुरूप सरकारले ‘राष्ट्रिय साइबर सुरक्षा केन्द्र’ स्थापना गरेको छ। सिंहदरबारस्थित पुरानो गृह मन्त्रालयमा कार्यालय रहेको केन्द्रले आफ्नो काम सुरु गरेको मन्त्रालयका उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख राजकुमार महर्जनले जानकारी दिनुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, चुनौती पहिचान, रोकथाम, प्रतिक्रिया तथा पुनर्लाभलगायत कामको सम्पर्क निकायका रूपमा कार्य गर्न तथा डिजिटल फोरेन्सिक अनुसन्धान गर्न केन्द्र स्थापना गरिएको उहाँले बताउनुभयो।

गत माघ ९ गतेको मन्त्रीपरिषद् बैठकले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। केन्द्र सञ्चालन गर्न १२ कर्मचारीको संरचना बनेको छ। पछिल्लो समयमा विभिन्न देशमा साइबर असुरक्षा बढ्दै गएको र नेपालको सन्दर्भमा अझै बढी असुरक्षा बढ्दै गएको सन्दर्भलाई दृष्टिगत गर्दै केन्द्र स्थापना गरिएको हो।

नेपालमा पछिल्लो समय साइबर असुरक्षा बढिरहेको सन्दर्भ ध्यानमा राख्दै केन्द्र स्थापना गरिएको साइबर सुरक्षा शाखा प्रमुख महर्जनले बताउनुभयो। उहाँका अनुसार केन्द्रले संवेदनशील सूचना पूर्वाधारको चौबिसै घण्टा अनुगमन, साइबर घटना तथा जोखिम मूल्याङ्कन गर्ने, आकस्मिक रूपमा आइपर्ने साइबर जोखिम समाधान गर्न प्राविधिक जनशक्तिसहितको आकस्मिक सहायता समूह गठन गर्ने र आकस्मिक रूपमा आइपर्ने साइबर जोखिम समाधान गर्न प्रदेश तथा स्थानीय तहले आकस्मिक सहायता समूह गठन गर्नेलगायत काम गरेको छ।

राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका–२०७५ ले गरेको व्यवस्था अनुसार गठन गरिएको सूचना प्रविधि आकस्मिक सहायता समूहमा आबद्ध प्रतिनिधिका लागि ‘साइबर सुरक्षा पूर्वतयारी अभ्यास’ पनि सञ्चालन गरिएको थियो। चालु आव २०८०/८१ को बजेट वक्तव्यमा पनि साइबर सुरक्षा केन्द्र स्थापना गर्ने उल्लेख थियो।

# चुरे संरक्षण माग गर्दै धर्ना

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

चुरे संरक्षण मागसहित सप्तरीको भारदहबाट पैदल यात्रा सुरु गरेको टोली काठमाडौँ आइपुगेको छ। २५ जनाको सो टोली वैशाख १६ गते सप्तरीबाट पैदल यात्रा सुरु गरेको थियो।

चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालको अग्रसरतामा काठमाडौँ आइपुगेको टोलीले बिहीबारबाट माइतीघर मण्डलामा धर्ना सुरु गरेको छ। टोलीले चुरेको अवैध उत्खनन रोक्नुपर्ने, भूमिहीनको नाममा मासिएको वनको जग्गा फर्काउनुपर्ने र सो क्षेत्रमा बसोबास गर्दै आएका वास्तविक भूमिहीन तथा सुकुम्बासीलाई भूमि व्यवस्था गर्नुपर्नेलगायतका २५ बुँदे माग राखेको छ।

चुरेको अवैध उत्खनन तथा वन विनाशले तराई–मधेशमा नदीको मुहान सुकेर पानीको हाहाकार भएको अभियानका संयोजक सुनील यादवले बताउनुभयो।

चुरे संरक्षणका लागि दबाब दिने उद्देश्यसहित सो टोलीको काठमाडौँसम्मको यो तेस्रो पदयात्रा हो। संयोजक यादवले माग पूरा गर्न सरकार गम्भीर नबने सङ्घर्षको कार्यक्रम जारी राख्ने बताउनुभयो।

## फुन्जो...

त्यस्तै गरी न्युजिल्यान्डका महिला आरोही लिडिया ब्राडेले २०४५ असोज २८ गते महिलातर्फ बिनाअक्सिजन सगरमाथा आरोहण गर्ने महिलाका रूपमा कीर्तिमानी राख्नुभएको थियो।

पुरुषतर्फ भने सर्वप्रथम २०६० जेठ १२ गते लाक्पा गेलु शेर्पाले १० घण्टा ५६ मिनेटमा सगरमाथा आरोहण पूरा गर्नुभएको थियो। त्यसको एक वर्षपछि उहाँको रेकर्डलाई पेम्बादोर्जे शेर्पाले तोड्नुभएको थियो। पेम्बाले २०६१ जेठ २१ गते आठ घण्टा १० मिनेटमा आधार शिविरदेखि चुचुरोसम्म पुगेर नयाँ रेकर्ड राख्नुभएको थियो। हाल उक्त रेकर्ड ब्रेक हुन सकेको छैन।

यसैबिच बिनाअक्सिजन सगरमाथा आरोहणका क्रममा बुधबार राति ४० वर्षीय केन्याका नागरिक जोसुवा चेरुयोट (अक्सिजनसहित) र उहाँको साथमा रहेका नेपाली गाइड लिख्वु पिके गाउँपालिका–६ का ४४ वर्षीय ङवाङ शेर्पाको मृत्यु भएको विभागले जनाएको छ।

उहाँहरू दुवै जना बुधबार राति सगरमाथा चुचुरो नजिक मृत अवस्थामा फेला पर्नुभएको हो।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौँडा**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति :- २०८१।०२।११

१. चनौली वितरण केन्द्र (Email: chanauli@nea.org.np, Mobile Number : 9855019312)

| सि.नं. | सिलबन्दी दरभाउपत्र नम्बर | छनोट भएको दरभाउपत्र दाता | कबोल रकम VAT सहित |
|---|---|---|---|
| 1. | NEA/CDC-2080/81-SQ10 (Store Building Construction) | Naradevi Nirman Sewa, Lamjung | 13,63,360.54 |

• थप जानकारीका लागि सम्बन्धित वितरण केन्द्रमा सम्पर्क गर्नुहोला ।

**NEPAL ELECTRICITY AUTHORITY**
**Distribution and Consumer Services Directorate**
**Planning and Technical Services Department**
**RASUWA NUWAKOT DISTRIBUTION SYSTEM RECONSTRUCTION AND IMPROVEMENT PROJECT**
**Date of Publication: May 24, 2024**

**Notice of Intent to Award the Contract**

This is to notify all the concerned that it is our intension to award the contract to the following bidder selected as lowest evaluated substantially responsive bid with respect to the following bid. This notice is being published for the provision of Clause 27(2) of Public Procurement Act, 2063 of Nepal.

| S. No. | Contract Identification No. | Selected Bidder's Name and Address | Evaluated Bid Price (Including VAT) |
|---|---|---|---|
| 1 | Sealed Quotation No.: SQB-REC-CIVIL-01/080/081"**PROTECTION WORK FOR 33 KV UNDERGROUND CABLING AT KALIKASTHAN, RASUWA**" | M/s Neupane Construction, Bidur-06, Nuwakot District | NPR. 10,10,254.47 |

Phone No.: +977-1-4153141 Email: neakfwproject@gmail.com

# स्थानीय विकास बजेट खर्च निराशाजनक

**नवराज श्रेष्ठ**
*रामेछाप, जेठ १० गते*

रामेछाप जिल्लाका स्थानीय तहको विकास बजेट खर्च निराशाजनक देखिएको छ। यहाँका नगरपालिका तथा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि वैशाखसम्मको बजेट खर्च कम भएको पाइएको हो। चालुतर्फको खर्चको तुलनामा पुँजीगततर्फको बजेट खर्चको अवस्था झनै कमजोर रहेको छ।

विकास बजेट खर्च कम हुनुले रामेछापका स्थानीय तहहरू असारे विकासको मानसिकताबाट अझै मुक्त हुन नसकेको पुष्टि हुन्छ। एक वर्षभित्र सम्पन्न गर्नुपर्ने योजनाको समयमै सम्झौता, काम सम्पन्न र भुक्तानी दिन यहाँका स्थानीय तहहरू अझै गम्भीर बन्न सकेका छैनन्। रामेछापमा दुई नगरपालिका र छ वटा गाउँपालिका गरी आठ वटा स्थानीय तह छन्।



जिल्ला सदरमुकामसमेत रहेको मन्थली नगरपालिकाले झन्डै १० महिनाको अवधिमा ५५ प्रतिशत मात्रै बजेट खर्च गरेको छ। चालु आव २०८०/८१ को साउनदेखि वैशाख २५ सम्म नगरपालिकाले कुल एक अर्ब चार करोड ५४ लाख ९२ हजार बजेटको ५५ प्रतिशत अर्थात् ५७ करोड ५० लाख २० हजार छ सय रुपियाँ खर्च गरेको हो। यो अवधिसम्म नगरपालिकाको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अन्तर्गत चालु आवका लागि स्वीकृत बजेटमा चालुतर्फ ६५ प्रतिशत र पुँजीगत खर्च ४० प्रतिशत गरी जम्मा ५५ प्रतिशत बजेट खर्च गरेको मन्थली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद चापागाईंले बताउनुभयो।

१४ वटा वडा रहेको मन्थली नगरपालिकामा चालु आवको नौ महिनामा चालु आवमा सम्पन्न हुनुपर्ने ४४८ वटा योजनाको ४१.७४ प्रतिशत योजनाको भुक्तानी भएको छ। यो अवधिसम्म ३०८ योजनाको सम्झौता भएकोमा १८७ योजनाको भुक्तानी भएको योजना प्रशासन, अनुगमन तथा मर्मत उपशाखाले जनाएको छ।

यस्तै रामेछाप नगरपालिकाले चालु आवको जेठ पहिलो हप्तासम्म कुल बजेटको ५४.९५ प्रतिशत बजेट खर्च गरेको छ। चालु आव २०८०/८१ मा चालुतर्फ ५० करोड ८१ लाख ५३ हजार ९४५ र पुँजीगततर्फ २५ करोड पाँच लाख ५३ हजार ६९६ गरी ७५ करोड ८७ लाख सात हजार ६४१ रुपियाँ विनियोजन गरिएको थियो। हालसम्म चालुतर्फ ६१.८३ प्रतिशत अर्थात् ३१ करोड ४१ लाख ९१ हजार ५८४ रुपियाँ र पुँजीगततर्फ ४१.६५ प्रतिशत अर्थात् १० करोड १८ लाख ५० हजार ७७ रुपियाँ खर्च भएको रामेछाप नगरपालिकाका योजना तथा प्रशासन शाखाका प्रमुख होमबहादुर थापाले बताउनुभयो।

### सुनापतिको खर्च ३० प्रतिशत मात्रै

सुनापति गाउँपालिकाले चालु आवको १० महिनामा जम्मा ४७ प्रतिशत बजेट खर्च गरेको छ। यो गाउँपालिकाको विकास बजेट खर्च झनै निराशाजनक ३० प्रतिशत मात्रै भएको छ। चालु आवमा चालुतर्फ ३२ करोड ९८ लाख ६५ हजार र पुँजीगततर्फ २२ करोड चार लाख ५७ हजार गरी ५५ करोड ३२ लाख २२ हजार रुपियाँ बजेट विनियोजन भएको छ। यसमध्ये गत साउनदेखि वैशाखसम्म चालुतर्फ ५८.२४ प्रतिशत अर्थात् १९ करोड २१ लाख १३ हजार ३७६ रुपियाँ र पुँजीगततर्फ ३०.६७ प्रतिशत अर्थात् छ करोड ७६ लाख एक हजार ४१४ रुपियाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत दिलकृष्ण श्रेष्ठले बताउनुभयो। सुनापति गाउँपालिकाको चालु र पुँजीगत गरी कुल बजेट ५५ करोड ३२ लाख २२ हजार रुपियाँको ४७.१९ प्रतिशत अर्थात् २६ करोड ५१ लाख दुई हजार २३९ रुपियाँ खर्च भएको छ। यो अवधिसम्म यो गाउँपालिकामा १२८ वटा योजना सम्पन्न हुनुपर्नेमा ६६ वटा योजनाको भुक्तानी भएको छ।

जिल्लाको लिखु तामाकोशी गाउँपालिकामा चालु आवको हालसम्म १२६ वटा योजनाको भुक्तानी भएको छ। चालु आवमा यो गाउँपालिकामा २०६ वटा योजना सम्पन्न हुनुपर्नेमा अहिलेसम्म १२६ वटाको काम सम्पन्नपश्चात् आवश्यक अनुगमन, निरीक्षण गरी भुक्तानीसमेत भइसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनेन्द्र भुजेलले बताउनुभयो। उहाँका अनुसार बाँकी ८० वटा योजनामध्ये १५ वटा योजनाको ६० प्रतिशत काम सम्पन्न भइसकेको र ६५ वटा योजनाको काम सम्पन्न भए पनि भुक्तानी दिन बाँकी छ। सात वटा वडा रहेको लिखु तामाकोशी गाउँपालिकामा चालु आवमा ७७ करोड रुपियाँ बढी बजेट विनियोजन भएको छ।

## जेठ १३ देखि पोलियोविरुद्धको खोप

**रामेछाप समाचारदाता**
*रामेछाप, जेठ १० गते*

रामेछापका पाँच हजार पाँच सयभन्दा बढी बालबालिकालाई पोलियोविरुद्धको आइपिभी खोप लगाइँदै छ। सरकारले २०७३ साल वैशाखदेखि २०७५ असोजभित्र जन्मिएका बालबालिकालाई पोलियो रोगविरुद्धको आइपिभी खोप लगाउन यही जेठ १३ देखि २६ सम्म खोप अभियान सञ्चालन गर्दै छ। यो अभियान अन्तर्गत रामेछाप जिल्लामा रहेका दुई नगरपालिका र छ वटा गाउँपालिकाका पाँच हजार ५१५ जना बालबालिकालाई पोलियोविरुद्धको आइपिभी खोप लगाइने जनस्वास्थ्य कार्यालय रामेछापका जिल्ला खोप कार्यक्रमका फोकल पर्सन दीपेन्द्र श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार जिल्लाको मन्थली नगरपालिकामा एक हजार ६२०, रामेछाप नगरपालिकामा ६९१, उमाकुण्ड गाउँपालिकामा ५६६ र गोकुलगङ्गा गाउँपालिकामा ६५५ जना बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइँदै छ। त्यसै गरी लिखु तामाकोशी गाउँपालिकामा ४७७, खाँडादेवी गाउँपालिकामा ५११, दोरम्बा शैलुङ गाउँपालिकामा ५०४ र सुनापति गाउँपालिकामा ४९१ जना बालबालिकालाई खोप लगाइने छ।

जिल्लाको आठ वटै पालिकामा नियमित खोप सञ्चालन कार्यक्रमलाई प्रभाव नपर्ने गरी विभिन्न तीन चरणमा पोलियोविरुद्धको आइपिभी खोप अभियान सञ्चालन गरिने जिल्ला खोप कार्यक्रमका फोकल पर्सन श्रेष्ठले बताउनुभयो। २०४ वटा खोप केन्द्रमा २०४ जना स्वास्थ्यकर्मी र तीन सयभन्दा बढी स्वास्थ्य स्वयंसेवक खटिने उहाँले बताउनुभयो। यस अभियानका लागि निर्धारण गरिएको उमेर समूहका अधिकांश बालबालिका विद्यालयमा अध्ययन गर्ने भएकाले विद्यालयमा नै गएर खोप लगाइने छ। विद्यालय नजाने तथा बाँकी रहेका बालबालिकालाई पायक पर्ने स्थानमा बाह्य खोप केन्द्र सञ्चालन गरेर र अभियानको अन्तिम दिन स्वास्थ्य संस्थाबाट खोप प्रदान गरिने श्रेष्ठले बताउनुभयो।

## ‘भ्रष्टाचारविरुद्धको नेतृत्व कांग्रेसले लिनु पर्छ’

**मकवानपुर समाचारदाता**
*हेटौँडा, जेठ १० गते*



धनराज गुरुङ

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले सबै राजनीतिक पार्टीले भ्रष्टाचारको काण्डसँग जेडिएकालाई कारबाही गर्ने नीति लिनुपर्नेमा जोड दिनुभएको छ। प्रजातान्त्रिक विचार समाज, मकवानपुरद्वारा प्रकाशित ‘प्रजातान्त्रिक दर्पण मकवानपुर’ स्मारिका बिहीबार हेटौँडामा विमोचन गर्दै कांग्रेस उपसभापति गुरुङले भ्रष्टाचारीको कुनै जात, धर्म र पार्टी नहुने भएकाले चाहे कांग्रेसको होस् वा अन्य पार्टीका हुन्, भ्रष्टाचारमा संलग्न जो सुकैलाई कारबाही हुनुपर्ने बताउनुभयो।

उहाँले राजनीतिक दलले जनताको पक्षमा काम गर्नु पर्छ भन्ने तर अपेक्षा अनुसार काम गर्न नसकेको बताउँदै कांग्रेस पार्टीको अवस्था खराब नभएको र पार्टीभित्र खराब प्रवृत्ति रहेकोले पार्टीका नेता खराब नेतालाई सच्याउनुपर्ने बताउनुभयो।

अब कांग्रेसले भ्रष्टाचारविरुद्धको मिसनलाई अन्दोलनका रूपमा लिँदै नेतृत्व गर्नुपर्ने बताउँदै उहाँले बताउनुभयो। “अरू पार्टीले २०८४ को निर्वाचनलाई लक्षित गर्दै मिसन ८४ भन्दै हिँड्ने गरेका छन् तर काँग्रेसले देशमा सुशासन र भ्रष्टाचार समाप्त गर्ने मिसनको नेतृत्व लिएर अघि बढ्नु पर्छ,” उहाँको भनाइ थियो। उहाँले कांग्रेस र नेपाली जनता गणतन्त्रका लागि लडिरहँदा नेपाली नागरिकता त्यागेर अमेरिकामा बसेकाको गणतन्त्र स्थापनामा कुनै योगदान नरहेको बताउनुभयो।

उहाँले अहिले राजनीतिमा रहेका कतिपयले हिजोको दिनको सङ्घर्षलाई बिर्सिने काम गरेकाले राजनीतिमा विकृति फैलिँदै गएको हो भन्नुभयो। प्रजातान्त्रिक विचार समाज मकवानपुरका अध्यक्ष डा. देवचन्द्र मानन्धरको अध्यक्षतामा भएको कार्यक्रममा प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेलगायतले वर्तमान राजनीतिलगायत समसामयिक विषयमा भनाइ राख्नुभएको थियो। कार्यक्रममा प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो।

## घरबास प्रवर्धन गर्न सम्झौता

**चितवन समाचारदाता**
*चितवन, जेठ १० गते*

घरबास (होमस्टे) को प्रवर्धन गर्ने उद्देश्यले उद्योग वाणिज्य सङ्घ चितवन र कुमाल सामुदायिक होमस्टेबिच सम्झौता भएको छ।

भरतपुर महानगरपालिका-२८, जितपुर सिसाबासमा रहेको कुमाल सामुदायिक होमस्टेको प्रवर्धन गर्न होमस्टे र सङ्घबिच बुधबार सम्झौता भएको हो।

सम्झौतापत्रमा हस्ताक्षर गर्दै सङ्घका अध्यक्ष सुमनकुमार श्रेष्ठले होमस्टेले नेपालको पर्यटन विकासका साथै कला संस्कृतिको जगेर्ना गर्न सहयोग पुर्‍याउने बताउनुभयो। उहाँले होमस्टे सञ्चालनले रैथाने खानाको प्रवर्धन हुनका साथै स्थानीयको आयस्रोतमा समेत वृद्धि हुने बताउनुभयो। होमस्टेका सञ्चालक महिलालाई जीवनस्तर माथि उकास्न आवश्यक तालिम सेमिनारको मागका आधारमा सङ्घले उपलब्ध गराउने उहाँले बताउनुभएको थियो।

कार्यक्रममा कुमाल सामुदायिक होमस्टेका अध्यक्ष ताराचन मास्केले सम्झौता अनुरूप कार्य गर्न तयार रहेको बताउनुभयो। होमस्टेको सेवासुविधाका बारेमा प्रचारप्रसार तथा परिचयात्मक सामग्री (ब्रोसर) छपाइ गर्ने एवं परिचयात्मक बोर्ड राख्नुपर्ने सम्झौतापत्रमा उल्लेख गरिएको छ।

सङ्घले होमस्टेमा सञ्चालकद्वारा उत्पादित अर्गानिक वस्तुको बजारीकरणमा सहयोग गर्ने छ। व्यवस्थापनका लागि सम्बन्धित निकायमा सहयोग माग गर्नसमेत सहजीकरण गर्ने सम्झौतमा उल्लेख रहेको सङ्घका कार्यक्रम अधिकृत गणेश सुवेदीले जानकारी दिनुभएको थियो।

## सुरेल सङ्ग्रहालय स्थापना

- ”सङ्ग्रहालयभित्र सामग्री राख्नका लागि निर्माण भएका कोठाहरू रकम अभावले खाली छन्।
- गाउँपालिका र भाषा आयोगले अध्ययन गरिसकेकाले सुरेल भाषा, वेशभूषा, संस्कृति र इतिहास संरक्षण संवर्धनका लागि यसलाई अध्ययनका रूपमा अभिलेख गर्ने योजना

**दोलखा समाचारदाता**
*दोलखा, जेठ १० गते*



*तस्बिर बाबुराम शर्मा*

**सुरेल समुदायको सङ्ग्रहालय भवन।**

लोपोन्मुख भाषा, संस्कृति र वेशभूषालाई जोगाउन सुरेल समुदायले सङ्ग्रहालय स्थापना गरेको छ। सुरेल जाति उत्थान सेवा समाजको पहलमा गौरीशङ्कर गाउँपालिका-५, सुरीमा सङ्ग्रहालय स्थापना गरिएको समाजका अध्यक्ष सुवास सुरेलले जानकारी दिनुभयो।

उहाँका अनुसार सुरेल बस्तीमै एक करोड रुपियाँमा खरिद गरिएको जग्गामा सङ्ग्रहालय निर्माण गरिएको हो। बागमती प्रदेश सरकारको पाँच लाख र स्थानीय सरकारको २५ लाख लगानीमा सङ्ग्रहालय भवन निर्माण गरिएको हो। “सङ्ग्रहालयभित्र सामग्री राख्नका लागि निर्माण भएका कोठाहरू रकम अभावले खाली छन्। सुरेल जातिको वेशभूषा, भाँडाकुँडा, पुराना सामग्री राख्नका लागि रकम पर्याप्त भएन,” अध्यक्ष सुरेलले भन्नुभयो, “समाजले गाउँपालिकालाई थप रकमका लागि अनुरोध गरेको छ। रकम प्राप्त भएलगत्तै आवश्यक सामान राखिने छन्।”

सङ्ग्रहालय भवन दुई तलाको छ। सबै कुरा पूरा भएपछि, समाजले सुरेल पहिचानसँग सम्बन्धित सामग्री र भुइँ तलालाई कार्यक्रम हलका रूपमा प्रयोग गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो। गाउँपालिका र भाषा आयोगले अध्ययन गरिसकेकाले सुरेल भाषा, वेशभूषा, संस्कृति र इतिहासको संरक्षण संवर्धनका लागि यसलाई अध्ययनका रूपमा अभिलेख गर्ने योजना रहेको पनि अध्यक्ष सुरेलले जानकारी दिनुभयो। गत २०७८ सालको जनगणना अनुसार सुरेल जातिको जनसङ्ख्या ३१८ रहेको छ। भाषा बोल्नेको सङ्ख्या भने घट्दो अवस्थामा रहेको बताइन्छ।

## साइकल यात्रा

**हेटौँडा समाचारदाता**
*हेटौँडा, जेठ १० गते*

मकवानपुरको मकवानपुरगढीबाट गोरखा दरबारसम्म साइकल यात्रा सुरु गरिएको छ। हिमालयन राइडर्स सोसाइटी मकवानपुरको आयोजना तथा मकवानपुरगढी गाउँपालिका-२ को समन्वयमा २५६७ औँ बुद्ध जयन्तीका अवसरमा आन्तरिक पर्यटन प्रवर्धन गर्न ऐतिहासिक मकवानपुरगढीदेखि गोरखा दरबारसम्म दुईदिने साइकल यात्रा थालिएको हो।

सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले १२ जनाको सहभागिता रहेको साइकल यात्रा शुक्रबार साँझ गोरखा दरबार पुगेर समापन गरिने जानकारी दिनुभयो। फरक क्षमता हुनुभएका सुरज लिम्बूले एकै हातले साइकल यात्रा गरिरहनुभएको छ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**सामुदायिक ग्रामीण विद्युतीकरण विभाग**

**बोलपत्र आह्वान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०२।११**

तपशिल बमोजिमका बोलपत्रहरू सम्बन्धी सूचना सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेवसाइट https:/www.bolpatra.gov.np/egp मा प्रकाशित गरिएकाले विस्तृत विवरण सोही वेवसाइट हेरी तोकिएको समयभित्र E-Bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| सि.नं. | बोलपत्र नं. |
|---|---|
| 1. | Re-CRED/Rehab/2080/081-06, Timal, Kavre. |
| 2. | Re-CRED/Rehab/2080/081-07, Sindhuli & Parsa. |
| 3. | Re-CRED/Rehab/2080/081-08, Sankhuwasabha. |
| 4. | Re-CRED/Rehab/2080/081-09, Shantipur, Gulmi. |
| 5. | CRED/Rehab/2080/081-10, Badagaon, Gulmi. |
| 6. | CRED/Rehab/2080/081-11, Ghodaghodi, Kailali. |
| 7. | CRED/Rehab/2080/081-12, Baluwa, Kavre. |

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मितिः २०८१।०२।११)**

यस नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय पोखराबाट मिति २०८०।१२।१३ गते आह्वान गरिएको सिलबन्दी दरभाउपत्र नं. **NDCL/PD-PKR/SQ-08/080-81 for Supply and Delivery of 48 Core Aerial Optical Fiber Cable** को सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएका सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित ठहर हुन आएको देहायबमोजिमको दरभाउपत्र स्वीकृतिका लागि छनोट भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | सिलबन्दी दरभाउपत्रदाताको नाम | कबोल गरेको रकम (मू.अ.कर सहित) रु |
|---|---|---|
| NDCL/PD-PKR/SQ-08/080-81 for Supply and Delivery of 48 Core Aerial Optical Fiber Cable | M/s Kwality Solution Company Pvt Ltd. Lalitpur | 6,723,215.01 |

**नेपाल टेलिकम**
प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश
महेन्द्रपुल, कास्की, फोन नं. ०६१-५८९६६६

*त्रिभुवन विश्वविद्यालय*
*परीक्षा नियन्त्रण कार्यालय, बल्खु*

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(मिति २०८१।०२।११)**

यस कार्यालयको मिति २०८१।०१।०९ गतेको दैनिक गोरखापत्रमा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका दरभाउपत्रहरुमध्ये देहाय बमोजिम दरभाउपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत्तिका लागि छनौट भएको हुँदा त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० (संशोधन सहित) को परिच्छेद १४ को उपनियम १४ बमोजिम सम्बन्धित दरभाउपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि. नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रु.(मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | पुरानो भवनमा महिला तथा पुरुषहरुको लागि ट्वाइलेट निर्माण सम्बन्धी कार्य | श्री एल.एम.एस. बिल्डर्स एण्ड कन्सल्ट प्रा.लि, मध्यपुर ठिमी, भक्तपुर। | ७,१८,९१९।- |

**परीक्षा नियन्त्रक**

**मनमोहन प्राविधिक विश्वविद्यालय**
**बुढीगंगा गा.पा ४ मोरङ**

**दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**सुचना प्रकाशन मिति २०८१।०२।११**

यस कार्यालयको भवन मर्मत कार्यको लागि तपसिलमा उल्लेख भएबमोजिम बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.न. | विषय | ठेक्का नं | बोलपत्रदाताको नाम ठेगाना | कबोल गरेको रकम (मु.अ. कर समेत) |
|---|---|---|---|---|
| 1 | Renovation of Building | MTU-SQ-RE-09-080/81 | Prazmi Construction and suppliers Pvt Ltd | 13,09,704.81 |

**प्रदेश लोक सेवा आयोग**
**सुदूरपश्चिम प्रदेश**
**धनगढी, कैलाली**
**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

**प्रदेश निजामती सेवा एघारौं तहका प्राविधिक पदको ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं.** : १५९/२०८०-०८१ **मिति** :- २०८१।०२।११

ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९(१) (क) बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१।०२।३१ गते र दोब्बर दस्तुर तिरी मिति २०८१।०३।०६ गते सम्ममा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोगको कार्यालय, धनगढीमा बुझाइसक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन। यसरी प्राप्त हुन आएका दरखास्तलाई सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ।

**क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम उम्मेदवारका लागि आवश्यक न्यूनतम योग्यताहरू**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९(१) (क) बमोजिम छुट्टिएको प्रतिशतमा सोही ऐनको दफा २९ बमोजिम तोकिएको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछ।

**ख) उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू**


१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२,३३,३४,३५,३६ र ३७ बमोजिम मूल्याङ्कन हुने आधारहरूसँग सम्बन्धित आफूसँग भएका कागजातहरू आफैँले प्रमाणित गरी दरखास्त साथ पेस गर्नुपर्नेछ।
२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट रूपमा खुलाउनुपर्नेछ।
५. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो ५ (पाँच) वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको कार्यालयहरूको नाम खुलाउनुपर्नेछ।
६. हालको पद/तह, श्रेणीमा अध्ययन बिदा/असाधारण बिदा/गयलकट्टी भएको भए सो विवरण खुलाउनुपर्नेछ।
७. शैक्षिक योग्यताको प्रमाणपत्र लगायत तालिमको विवरण भरी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६(५) बमोजिम प्रमाणपत्र पेस गर्नुपर्नेछ।
८. आयोगको स्वीकृत दरखास्त फाराममा प्रविष्ट गरेका कागजातहरू पञ्जिका बनाई फाइल साथ पेस गर्नुपर्नेछ।
९. दरखास्त दस्तुर रु. १,५००।- (एक हजार पाँच सय रुपियाँ) बुझाएको बैंक भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।
१०. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम हुनेछ।
११. दरखास्त दस्तुर बुझाउने स्थानः-
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड खाता नं.** : १०००१००२०००१००००
**कार्यालय कोड** : २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)
**राजस्व शीर्षक नं.** : १४२२४

**ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी विवरण**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | तह | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | १५/२०८०-८१ | प्रमुख, कृषि, समूहकृत नहुने | एघारौं | १ |

**सम्पर्क** : ०९१-५२७६००, Website:- http://psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com

दुःख र विपत् जीवनका यस्ता दुई पाहुना हुन्,
जो विनानिमन्त्रण टुप्लुक्किन्छन् ।
- वाल्मीकि



## सम्पादकीय

# क्याबात कामिरिता

विश्वको सर्वोच्च शिखर सगरमाथामा मानव पाइला परेको ७१ वर्ष पुगेको छ । कतिपय आरोहण प्रयास असफल भए पनि निरन्तरको प्रयासस्वरूप २९ मे, १९५३ मा पहिलो पटक आरोहण सफल भयो । एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सगरमाथा आरोहण गरी इतिहासमा सुनौलो अक्षर लेख्नुभयो । संयुक्त अधिराज्य बेलायतका आरोहीको १० औँ पटकको अभियानपछि सफलता मिल्यो । यसअघि पनि तेन्जिङ र हिलारीले स्विस आरोहण दलमा सामेल भएर ८४५० मिटरसम्म पुगेर फर्किएका कारण उहाँहरूलाई बेलायती आरोहण दलले अनुभवीका रूपमा सामेल गराएको थियो । पहिलो पाइला बेलायती आरोहीकै पार्ने उनीहरूको सपना अनेक प्रयासबाट पनि सम्भव नभएपछि अनुभवीका रूपमा उहाँहरूलाई चढ्न स्वीकृति दिइएको थियो । सगरमाथा चुचुरोमा पुगेर पृथ्वीको सबैभन्दा उच्च स्थानमा पुगेको विश्वकीर्तिमानले संसार हल्लायो । यसपछिका दिनमा भने सगरमाथा आरोहणमा अनेक कीर्तिमान कायम भएका छन् । पछिल्लो पटक आफ्नै कीर्तिमान भङ्ग गर्दै कामिरिता शेर्पाले सबैभन्दा धेरै पटक सगरमाथा आरोहणको कीर्तिमान कायम गर्नुभएको छ । उहाँले ३० औँ पटक चुचुरोमा पाइला पुर्‍याएर विश्वका आरोहीलाई चकित पार्दै चुनौती दिनुभएको छ ।

कीर्तिमानी आरोही कामिरिताले आफ्नै कीर्तिमान भङ्ग गर्दै एकै सिजनमा १० दिनभित्र दुई पटक आरोहण गर्नुभएको हो । फोर्टिन पिक एक्सपिडिसन कम्पनीबाट आरोही गाइडका रूपमा उहाँले विदेशी आरोहीसँगै चुचुरोमा पुगेर अन्य आरोहीलाई आरोहणको तृष्णा बढाउनुभएको छ । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा जन्मिएका ५४ वर्षीय शेर्पा पहिलो पटक सन् १९९४ मे १३ मा सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो । आधार शिविरमा रहेको अनुगमन फिल्ड कार्यालयका अनुसार गत वैशाख ३० गते २९ औँ पटक सगरमाथा आरोहण गर्नुभएकोमा पुनः १० दिनमै ३० औँ पटकको आरोहणलाई उहाँले सफल बनाउनुभएको छ । कामिरिताले आठ पटक चोयु, तीन पटक मनासलु, एक पटक ल्होत्से र एक पटक माउन्ट केटु (दोस्रो उच्च हिमाल) सहित ४० पटकभन्दा बढी विश्वका अग्ला हिमालको आरोहण गरिसक्नुभएको छ । उहाँपछि सगरमाथा सर्वाधिक आरोहण गर्नेमा सोलुखुम्बुकै ४७ वर्षीय पासाङ दावा शेर्पा हुनुहुन्छ । गत वर्ष एकै सिजनमा दुई पटक आरोहण गरेर २७ औँ पटकको आफ्नो कीर्तिमानलाई भेट्टाएपछि कामिरिताले साहस चम्काउनुभयो । पासाङ दावाले कीर्तिमान बनाएको एक साता नबित्दै पुनः आरोहण गरेर २८ औँ पटकको पहिलो आरोहीको कीर्तिमान बनाउन सफल हुनुभएको थियो । साहसीका निम्ति कीर्तिमान बनाउनु र भङ्ग गर्नु आत्मसन्तुष्टि मात्र नभएर देशकै लागि गौरवबोधको विषय बन्न पुगेको छ ।


त्यसो त सगरमाथा आरोहणमा अनेक कीर्तिमान बनेका छन् । कीर्तिमानका चाङ हेर्दा बिनाकठिनाइ नै चुचुरोमा पुग्न सकिन्छ जस्तै देखिन्छ तर साहसीका लागि मात्रै आरोहण सम्भव हुने हो । अघिल्लो वर्ष दुवै खुट्टा गुमाएका हरि बुढामगरले कृत्रिम खुट्टाको सहारामा सफल आरोहण गर्नुभएको थियो । बुढामगरभन्दा पहिले यस्तो कीर्तिमान चिनियाँ नागरिक सिया पोयुले विसं २०७५ मै बनाउनुभएको थियो । सबैभन्दा धेरै पटक सगरमाथा आरोहण गर्ने महिला नेपालकै लाक्पा शेर्पा हुनुहुन्छ । उहाँले १० औँ पटकको आरोहण कीर्तिमान कायम गर्नुभएको छ । पहिलो नेपाली महिला आरोही पासाङल्हामु शेर्पा हुनुभएको छ । विसं २०५० मा आरोहण गरी फर्किने क्रममा उहाँको निधन भएको दुःखद इतिहास छ । पहिलो महिला आरोही भने जापानकी जुन्को ताबेई हुनुहुन्छ । उहाँले सन् १९७५ मा सफल आरोहण गर्नुभएको थियो । यसै गरी सगरमाथा आरोहण गर्ने पहिलो दृष्टिविहीन अमेरिकाका एरिक ह्वेन मायर हुनुहुन्छ ।

नेपालकै मिङमा दोर्जी शेर्पाको नाममा सबैभन्दा छोटो समयमा आरोहण गरेको कीर्तिमान कायम छ । उहाँ ६ घण्टा १ मिनेटमै चुचुरोमा पुग्न सफल हुनुभएको थियो । स्पेनका कार्लोस सोरियाले ८१ वर्षको उमेरमा सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गर्नुभएको छ । बिनाअक्सिजन १० पटक आरोहण गरेर आङरिता शेर्पाले विश्वलाई चकित पार्दै 'हिउँचितुवा' को उपाधि नै पाउनुभएको छ । विश्वको सर्वोच्च शिखरमा पाइला टेक्नु आरोहीहरूको गौरवबोधको विषय हुँदाहुँदै पनि सबैलाई सफलता मिल्छ भन्ने हुँदैन । आरोहण त्यागेर सकुशल फर्किन सक्नु ठुलो कुरा हो तर कतिले ज्यान गुमाएका दुःखद घटनासमेत छन् । यसै सिजनमा पनि चार जनाले ज्यान गुमाइसकेका छन् । ज्यान जोखिममा राखेर आरोहणको ३० औँ पटकको कीर्तिमान कायम गर्ने कामिरिता देशले गौरव गर्ने साहसी आरोही हुनुहुन्छ । क्याबात कामिरिता !

## १०० वर्ष अधिको

गोर्खापत्र

१९७० साल भाद्र ३ गते सोमबार


प्रार्थना.
हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत-गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा- "अबदेखी भारत-सर्कारले धनी जिम्दार र व्यापारी हरूलाई राजा-महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि वेङ्कटेश्वर लेखतछ.

### प्रार्थना.

हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत–गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा "अबदेखी भारतसर्कारिले धनी जिम्दार र व्यापारीहरूलाई राजा–महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बैङ्कटेश्वर लेखतछ.



## चिन्तन

यो ध्रुवाणि परित्यज्य
अध्रुवं परिषेवते ।
ध्रुवाणि तस्य नश्यन्ति
चाध्रुवं नष्टमेव हि ॥

जसले निश्चितलाई छाडेर अनिश्चितको
सहायता लिन्छ, ऊ निश्चित नष्ट हुन्छ ।
अनिश्चित त स्वयं
नष्ट हुन्छ नै ।

– संस्कृत सुभाषित

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# यथार्थपरक बजेटको अपेक्षा



देवकुमारी गुरागाईं




जेठ १५ मा नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेट सार्वजनिक गर्ने छ । आव २०८१/८२ को नीति तथा कार्यक्रम सङ्घीय संसद्मा प्रस्तुत भइसकेको छ । नेपाल सरकारले आगामी आर्थिक वर्षबाट प्रारम्भ हुने सोह्रौँ योजनासमेत स्वीकृत गरिसकेको छ । उल्लिखित नीति तथा कार्यक्रम र आवधिक योजना नै आगामी बजेट तयारीका प्रमुख नीतिगत आधार हुन् । आगामी बजेट कस्तो हुनु पर्छ भन्ने विषयमा पूर्वबजेट छलफल कार्यक्रम पनि दर्जनौँ भएका छन् । विभिन्न सरोकारवाला निकायले आफ्नो आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित अपेक्षा र सुझाव सरकारसमक्ष प्रस्तुत गरिसकेका छन् । सरकारको आफ्नो स्रोतसाधनको सीमितता र बाध्यता पनि छँदै छ ।

सरकारले कस्तो बजेट ल्याउँदै छ भन्नुभन्दा पनि हाल मुलुकको समग्र अवस्था कस्तो छ ? घोषणा गरिएको नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयन गर्ने सरकारको संयन्त्र कति मजबुद र सक्षम छ ? सरकारप्रति एक सामान्य नागरिकको अपेक्षा के रहेको छ ? भन्ने प्रश्नहरू नै महत्त्वपूर्ण र सान्दर्भिक हुन्छन् । मुलुकको वर्तमान राजनीतिक, प्रशासनिक तथा आर्थिक अवस्थाको सामान्य विश्लेषणको आधारमा मौजुदा सबै प्रकारका सवाल र जनताको अपेक्षालाई सम्बोधन गर्ने प्रकृतिको रूपान्तरणकारी बजेट ल्याउन कठिन छ । एक सामान्य नागरिकले राज्यप्रति गरेको न्यूनतम अपेक्षालाई सम्बोधन गर्न सक्ने व्यावहारिक, कार्यान्वयनयोग्य एवं दिगो बजेट आइदिए र सो बजेट पूर्ण रूपमा कार्यान्वयन भइदिए अहिलेका लागि पर्याप्त हुने अवस्था छ ।

दिशाविहीन राजनीति, कमजोर प्रशासनयन्त्र, शिथिल अर्थतन्त्र, हतोत्साही निजी क्षेत्र तथा निरास जनता अहिलेको वास्तवीकता हो । सरकारले यो वास्ताविकतालाई स्वीकार गर्न सक्नु पर्छ । तदनुरूप, आगामी बजेटले मुलुकको यथार्थ परिवेशलाई सम्बोधन गर्न सक्नु पर्छ । अन्यथा, त्यस्तो बजेटले कुनै परिणाम दिन सक्दैन तर वर्तमान अवस्थालाई चिर्दै जनताको अपेक्षा अनुसारको बजेट ल्याउने कार्य आफैँमा निकै चुनौतीपूर्ण छ ।

कतिपय राजनीतिक नेतृत्वमा मुलुक र जनताका लागि केही गर्नु पर्छ भन्ने हुटहुटी नभएको होइन तर समग्र राजनीतिक प्रवृत्ति र वातावरणले त्यसलाई समर्थन गर्न सकेको छैन । राजनीतिक एवं संवैधानिक संरचनाहरू प्रभावशाली बनाउन सकिएको छैन । संविधान जारी भएपश्चात् भएका दुई वटै निर्वाचनले सङ्घ तथा प्रदेशमा स्थिर सरकार दिन सकेन । वर्तमान सम्माननीय प्रधानमन्त्रीले अठार महिनाको अवधिमा चौथौ पटक विश्वासको मत लिनु पर्ने अवस्था सिर्जना भएको छ । कतिपय मन्त्रालयमा चार पटकसम्म मन्त्री फेरिएका छन् । यसै अवधिमा प्रदेश सरकारको नेतृत्व पाँच पटकसम्म परिवर्तन भएको छ । राजनीतिक अस्थिरताले विकास र समृद्धिका एजेन्डा छायाँमा परेका छन् । तसर्थ, नागरिकले राजनीतिक स्थिरतासहितको सक्षम, विकासमैत्री र जनउत्तरदायी सरकारको अपेक्षा गरेका छन् तर सरकारको नीति, कार्यक्रम तथा बजेटले जनताको यो अपेक्षालाई सम्बोधन गर्न सक्ने अवस्था देखिँदैन ।

सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय कर्मचारी प्रशासन हो । यसका लागि सुदृढ, सक्षम तथा व्यावसायिक प्रशासनिक संयन्त्रको आवश्यक पर्छ । राजनीतिक अस्थिरताको प्रत्यक्ष असर प्रशासनिक संयन्त्रमा पनि परेको छ । मुलुकको प्रशासन कमजोर हुँदै गएको अनुभूति हुन्छ । राजनीतिक नेतृत्वको प्रभाव, सेवाग्राहीको बढ्दो अपेक्षा, कर्मचारी सङ्गठनहरूको अनुचित दबाब र नियामकीय निगरानीको चौघेराभित्र वर्तमान कर्मचारी संयन्त्र फसेको छ । कुनै काम गर्दा वा निर्णय गर्दा जोखिम मोल्नु पर्ने तर केही नगर्दा वा निष्क्रिय भएर बस्दा केही पनि गुमाउनु नपर्ने मनोविज्ञानबाट कर्माचारीहरू ग्रसित भएका छन् । यस्तो मनोविज्ञानबाट अपेक्षित परिणाम दिन कठिन हुन्छ । तसर्थ, सुदृढ, सक्षम, जिम्मेवार, उत्प्रेरित र उत्पादनशील प्रशासनिक संयन्त्रको निर्माण गर्नेतर्फ आगामी बजेट लक्षित हुन आवश्यक छ । यसका लागि राजनीतिक इच्छाशक्ति नै पहिलो सर्त हो ।

मुलुकको अर्थतन्त्र शिथिल बनेको छ । अधिकांश आर्थिक सूचकहरू सन्तोषजनक छैनन् । सरकारको अनिवार्य दायित्व र वित्तीय असन्तुलन बढ्दै गएको छ । राजस्वले साधारण खर्च धान्न पनि कठिन हुने अवस्था छ । अर्थतन्त्र शिथिल भइरहेको वर्तमान अवस्थामा करका दरको हेरफेर र कर प्रशासनको सामान्य सुधारबाट मात्र अपेक्षित रूपमा राजस्व बढ्न सक्ने अवस्था छैन । सरकारले कुनै कठोर निर्णय नगर्ने हो भने न त खर्च नियन्त्रण हुन्छ न त राजस्व वृद्धि नै । तसर्थ, सरकारको आम्दानी तथा खर्च प्रणालीमा पुनर्संरचनाको आवश्यकता रहेको छ ।

> केही वर्षदेखि मुलुकको आर्थिक क्षमताको विश्लेषण नगरीकन तत्कालका लागि लोकप्रिय जस्तो देखिने प्रकृतिका कार्यक्रम घोषणा गर्ने प्रतिस्पर्धा नै चलेको छ । त्यस्ता कार्यक्रमको वित्तीय दायित्व प्रत्येक वर्ष बढ्दै गएका कारण यस्ता कार्यक्रमलाई दिगो बनाउन निकै कठिन हुने अवस्था छ । यसका लागि आगामी बजेटमार्फत केही कठोर निर्णय गर्न सरकार तयार हुनु पर्छ ।

कुल बजेटमा पुँजीगत खर्चको आकार घट्दै गएको छ । स्वीकृत पुँजीगत बजेट पनि ६० प्रतिशतभन्दा बढी खर्च हुन सकेको छैन । त्यस्तो खर्च कहाँ कसरी भएको छ र त्यसले राष्ट्रिय उत्पादनमा कति योगदान गरेको छ भन्ने प्रश्न त छँदै छ । विगतमा पुँजीगत बजेट खर्च गरी निर्माण गरिएका कतिपय पूर्वाधारको आवश्यकता र औचित्य पुष्टि गर्न कठिन हुने अवस्था छ । सरकारले पूर्वाधारमा गरेको लगानीको आर्थिक तथा सामाजिक लाभको बारेमा प्रश्न उठ्न थालेको छ । तसर्थ, मुलुकको आवश्यकता र जनताको अपेक्षा अनुरूप विकास आयोजनाको छनोट एवं बजेटको विनियोजन गर्न आवश्यक छ । केही वर्षदेखि मुलुकको आर्थिक क्षमताको विश्लेषण नगरीकन तत्कालका लागि लोकप्रिय जस्तो देखिने प्रकृतिका कार्यक्रम घोषणा गर्ने प्रतिस्पर्धा नै चलेको छ । त्यस्ता कार्यक्रमको वित्तीय दायित्व प्रत्येक वर्ष बढ्दै गएका कारण यस्ता कार्यक्रमलाई दिगो बनाउन निकै कठिन हुने अवस्था छ । यसका लागि आगामी बजेटमार्फत केही कठोर निर्णय गर्न सरकार तयार हुनु पर्छ ।

दिगो विकासको लक्ष्य पूरा गर्न तथा पूर्वाधार विकासको बढ्दो आवश्यकतालाई सम्बोधन गर्न निजी क्षेत्रबाट ठुलो परिमाणको लगानी हुन आवश्यक छ तर लगानीका लागि आन्तरिक वित्तीय स्रोत अपर्याप्त छ । उपलब्ध वित्तीय स्रोतको पनि उचित र उत्पादनमूलक उपयोग हुन सकेको छैन । वैदेशिक लगानी अपेक्षित रूपमा भित्रिन सकेको छैन । तसर्थ, पूर्वाधार संरचनामा आन्तरिक तथा बाह्य लगानी अभिवृद्धि गर्न उपयुक्त वातावरण विकास गर्नेतर्फ बजेटले ध्यान दिनुपर्ने आवश्यकता छ ।

उद्यमी तथा व्यवसायीको मनोबल कमजोर हुँदै गएको छ । उद्योग, व्यवसायहरू न्यून क्षमतामा सञ्चालन भई रहेका छन् । कतिपय उद्योग व्यवसाय बन्द हुने अवस्थामा पुगेका छन् । घरजग्गा व्यवसाय र पुँजी बजार शिथिल भएका छन् । नीतिगत अस्थिरता र अस्पष्टता, वित्तीय क्षेत्रमा देखिने गरेको अस्थिरता, सङ्कुचित र सीमित बजार, कर कानुनको कार्यान्वयनमा पटक पटक देखिएको विवाद आदिका कारण निजी क्षेत्र हतोत्साहित बनेको हो । उद्यमी तथा व्यवसायीको मनोबल कमजोर भएसम्म अर्थतन्त्र चलायमान हुन सक्दैन । अर्थतन्त्र चलायमान नभएसम्म सरकारी ढुकुटी बलियो हुँदैन । सरकारी ढुकुटी बलियो नबनेसम्म जनताको अपेक्षा अनुरूप सरकारको भूमिका सुदृढ हुन सक्दैन । तसर्थ उद्यमी तथा व्यवसायीको मनोबल बढाउनेतर्फ बजेटले गम्भीर ध्यान दिन आवश्यक छ ।

सर्वसाधारण जनता निरास देखिन्छन् । ऊर्जाशील युवा जनशक्तिको अनुहार मलिन छ । रोजगारीको खोजीमा अधिकांश युवा जनशक्ति विदेश पलायन भएका कारण गाउँघर युवाबिहीन भई रहेका छन् । युवा जनशक्तिलाई विदेश पठाएर अनि उनीहरूबाट रेमिट्यान्स भित्र्याएर समृद्धि हासिल गर्न सकिँदैन । विकासका संरचना दुर्गम गाउँ पुग्ने तर गाउँका जनता सहर हुँदै विदेश पलायन हुने विकासको अनौठो ढाँचा हामीकहाँ देखिएको छ । युवा जनशक्तिलाई मुलुकभित्रै टिकाइ राख्ने विषय अहिलेको प्रमुख चुनौती हो । तसर्थ, सकरकारले आगामी बजेटमार्फत सर्वसाधारण जनताको मुहार हँसिलो बनाउन र युवा जनशक्तिलाई मुलुकभित्र नै टिकाउन ठोस योजना ल्याउन आवश्यक छ ।

देशभित्र कृषि तथा पशुजन्य उत्पादन घट्दै गएको छ । खाद्यान्नमा परनिर्भरता बढ्दै गएको छ । कृषि तथा पशुजन्य उत्पादनको बिक्रीका लागि भरपर्दो बजारको अभाव छ । बिक्री भएको उपजको पनि किसानले समयमा मूल्य पाउन सकेका छैनन् । कृषिका लागि आवश्यक मल, बिउ आपूर्ति व्यवस्थित र विश्वसनीय हुन सकेको छैन । परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई आधुनिक प्रविधिमैत्री र व्यावसायिक बनाउन सकिएको छैन । श्रमजीवीहरूको दैनिकी कष्टकर बन्दै गएको छ । शिक्षा, स्वास्थ्य जस्ता जनताको न्यूनतम आवश्यकता पूर्तिको सन्दर्भमा जनताको पहुँच र सरकारको उपस्थिति बढाउन सकिएको छैन । तसर्थ कृषक, मजदुर तथा श्रमजीवीहरूको समस्यालाई सम्बोधन गर्नेतर्फ बजेटले गम्भीर ध्यान दिन आवश्यक छ ।

विगतमा केही सकारात्मक, उपलब्धिमूलक एवं सुखद सङ्केतहरू पनि देखिएका छन् । मुलुकले ऊर्जा सङ्कटबाट मुक्ति पाएको छ । अहिले मुलुक विद्युत्मा आत्मनिर्भर हुने अवस्थामा पुगेको छ । विद्युत्को निर्यात बढ्दै र आयात घट्दै गएको छ । आन्तरिक तथा बाह्य पर्यटनमा गुणात्मक सुधार भएको छ । पर्यटन पूर्वाधारमा सामान्य सुधार गर्ने हो भने मुलुकको आर्थिक विकासमा यस क्षेत्रको योगदान महत्त्वपूर्ण हुने अवस्था छ । केही सार्थक प्रयास गर्ने हो भने केही वर्षभित्रमा नै नेपाल कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर हुन सक्ने अवस्थामा छ तर यी उपलब्धि पर्याप्त छैनन् । अर्थात्, विश्व जुन गतिमा हिँडेको छ, हाम्रो गति निकै नै सुस्त छ । तसर्थ सरकारबाट व्यावहारिक, कार्यान्वियनयोग्य र यथार्थपरक बजेटको अपेक्षा नागरिकले गरेका छन् ।

# जैविक विविधता संरक्षणको चिन्ता



जगदीश रेग्मी

मानव जीवनको अस्तित्वको मुख्य आधार जैविक विविधता हो । जैविक विविधता भन्नाले आकाशीय, स्थलीय, जलीय, सामुद्रिक र अन्य क्षेत्रमा रहेको जीवजन्तुको पारिस्थितिक प्रणाली (इकोसिस्टम), त्यसको भागका रूपमा रहेको जीव र वनस्पतिको सम्बन्ध तथा विविधतालाई जनाउँछ । सो शब्दले जातीय प्रजातीय विविधता (स्पेसिस डाइभर्सिटी), आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी) र पारिस्थितिक प्रणाली (इकोसिस्टम डाइभर्सिटी) समेतलाई जनाउँछ । जैविक विविधताले जिनदेखि सम्पूर्ण इकोसिस्टमसम्म फैलिएको पृथ्वीमा रहेका जीवन स्वरूपहरूको विस्तृत शृङ्खलालाई वर्णन गर्छ । यसले विकास, पारिस्थितिक र सांस्कृतिक अभ्याससहित जीवनलाई कायम राख्ने प्रक्रिया समावेश गर्छ । जैविक विविधताले दुर्लभ, खतरामा परेका वा लोपोन्मुख प्रजाति मात्र नभई सबै जीवित प्राणी जस्तै– मानवदेखि लिएर सूक्ष्म जीव, फङ्गस र 'इन्भर्टेब्रेट्स' जस्ता जीवलाई समेट्छ । जैविक विविधताले हाम्रो जीवनका विभिन्न पक्षमा महत्त्वपूर्ण भूमिका खेल्छ । खाना, इन्धन, आश्रय र औषधि जस्ता अत्यावश्यक आवश्यकता परिपूर्ति गर्नमा यसको महत्त्व छ ।

नेपालमा ११८ किसिमका पारिस्थितिक प्रणाली छन् । यसले नेपाललाई दोस्रो जैविक विविधताको धनी मुलुक भनी विश्व समुदायसामु चिनाएको छ । इकोसिस्टमले परागकण तथा बिउ फैलाउने, जलवायु नियमन, पानी शुद्धीकरण, पोषण साइकल चलाउने, कीट नियन्त्रण जस्ता महत्त्वपूर्ण सेवा प्रदान गर्छ । नेपालमा न्यूनतम उचाइ झापाको केचनाकलनमा ६० मिटर तथा अधिकतम उचाइ सगरमाथामा ८८४८.८६ मिटरको उचाइ र हावापानीको भेरियसनले गर्दा नै प्रजाति, आनुवंशिक तथा पारिस्थितिक प्रणालीमा प्रचुर मात्रामा विविधता पाइएको हो । पारिस्थितिक प्रणाली विविधता, प्रजाति विविधता र वंशाणुगत विविधता गरी तीन प्रकारका हुन्छन् । जैविक विविधताले जीवहरूको किसिम र तिनीहरूको फरकपनलाई बुझाउँछ ।

नेपालमा स्तनधारी २०७, चरा ८६७, उभयचर ४३, सरिसृप सय र वनस्पति १० हजारभन्दा बढी प्रजातीय विविधता रहेको छ । त्यसै गरी माछा १८५, पुतली ६५३, राति उड्ने पुतली तीन हजार ९६६, किरा पाँच हजारभन्दा बढी, माकुरा दुई सय, झ्याउ ४७१, ढुसी एक हजार ८२२ र उन्यु जस्ता सूक्ष्म जीव तथा वनस्पति प्रजातिको विविधता छ ।

नेपालमा एकातिर जनसङ्ख्याको वृद्धिसँगै स्थानीय जनताको दैनिक वन पैदावारको माग पूर्ति गर्न र कृषि भूमिका लागि वनस्रोतको प्रयोग हुँदै आएको छ भने अर्कातिर आपराधिक शैलीमा वन क्षेत्रको अतिक्रमण, चोरी कटानी र निकासीका कारण वन क्षेत्रमा दिनानुदिन ह्रास आइरहेको छ । यसका अतिरिक्त हरेक अवधिको राजनीतिक परिवर्तन, राजनीतिक अस्थिरता, भूमिहीन, सुकुमवासी, दैवी पीडितको पुनर्बास र विकास निर्माण कार्यका नाममा विकास आयोजनालाई निःशुल्क रूपमा वनको जग्गा वितरण गर्दा वन विनाश हुने क्रम तीव्र गतिमा जारी छ । फलस्वरूप मरुभूमिकरण, जैविक विविधताको ह्रास, दैवी प्रकोप र जलवायु परिवर्तनको असर सामना गर्नु परिरहेको छ ।

वन अपराध र निःशुल्क जग्गा वितरण जस्ता गतिविधि निरुत्साहित गरी वनको उचित संरक्षण र संवर्धन गरिएन भने भावी पुस्ता स्वच्छ वातावरणमा जिउने र उपभोग गर्ने नैसर्गिक अधिकारबाट वञ्चित हुने खतरा छ ।

हाम्रो मुलुकले जैविक विविधता संरक्षणसम्बन्धी केही नीतिगत, कानुनी तथा संस्थागत प्रयास गर्दै आएको छ । सो सिलसिलामा नेपालको संविधान, २०७२ को राज्यको नीति अन्तर्गत धारा ५१ (६) मा वन, वन्यजन्तु, पन्छी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन गरी दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने र प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपाय अवलम्बन गर्ने भन्ने व्यवस्था गरेको छ । वन, वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक वितरणको व्यवस्था गर्ने नीति अख्तियार गरिएको छ । वन तथा जैविक विविधताको प्रभावकारी संरक्षण, सदुपयोग तथा लाभको समन्यायिक वितरणका लागि जैविक विविधता संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९९२ मा हस्ताक्षर गरी त्यस अनुरूपको प्रतिबद्धता जाहेर गरिएको छ । वनस्रोतको अत्यधिक दोहनबाट जैविक विविधता संरक्षणमा देखा परेका असर न्यूनीकरण गर्न जैविक विविधता रणनीति, २०५९ कार्यान्वयनमा ल्याइएको छ ।

वातावरणीय सन्तुलनका निम्ति जैविक विविधता संरक्षण आवश्यक छ । त्यसका निम्ति सरकारले आवश्यक नीतिगत र प्रशासनिक व्यवस्था गरिरहेको छ । सरकारले जैविक विविधता संरक्षणका लागि अनेकौँ पहल तथा प्रयास गरे पनि खासै उपलब्धि हासिल हुन सकेको छैन । जैविक विविधता कायम राखिरहनका लागि सरकारी तहबाट यसप्रकारका कदम चाल्न आवश्यक देखिन्छ :

(१) वन, वन क्षेत्र, वनस्रोत र वन अपराधसमेतको 'डाटाबेस' तयार गरी त्यसलाई नियमित अद्यावधिक गर्ने, (२) वन अपराधकर्मीलाई कठोर किसिमको दण्ड सजायको व्यवस्था गर्ने (३) संरक्षित क्षेत्रको आकार तथा संरक्षणको दायरा फराकिलो पार्ने (४) हरेक वर्ष वन संवर्धन प्रणाली एवं वन संवर्धन कार्य गर्ने (५) वृक्षरोपण, पुनः रोपण, समृद्धि वृक्षरोपण जस्ता वन स्रोत वृद्धि हुने कार्य गरी वन पैदावारको उत्पादकत्व वृद्धि गर्दै लैजाने ।

वनले ढाकेको क्षेत्र ४० प्रतिशत कायम गर्ने राष्ट्रिय नीति तथा प्रतिबद्धता रहेको छ । यसलाई हुबहु कार्यान्वयन गर्न राज्यमा विद्यमान स्थापित वन संयन्त्रको एकल प्रयास सम्भव छैन । त्यसमा देशभित्रका राजनीतिक दल, नागरिक समाज र सर्वसाधारण नागरिक गरी सबै सरोकारवालाको दृढ इच्छाशक्ति, साझा प्रतिबद्धता र आपसी सहयोग आवश्यक छ ।

मानवीय आवश्यकता पूर्तिका लागि द्रुत गतिमा भइरहेका भौतिक विकासका कार्यले जैविक विविधता तीव्र गतिमा ह्रास हुँदै गइरहेको छ । औद्योगिकीकरण, सहरीकरण, विद्युत् उत्पादन, यातायात तथा भौतिक पूर्वाधार निर्माणबाट कृषि भूमि, वन, जलाशय तथा वातावरणमा असर परिरहेको छ । आनुवंशिक स्रोतमा पहुँच र त्यसबाट प्राप्त हुने लाभको निष्पक्ष र समन्यायिक बाँडफाँटको क्षेत्रमा खासै कार्य एवं प्रगति हुन सकेको छैन । जैविक विविधता संरक्षणका लागि जैविक विविधताका स्रोत एवं आनुवंशिक स्रोतको संरक्षण गर्नुपर्ने हुन्छ । यी स्रोतहरूबाट स्वच्छ हावा, शुद्ध पानी, खाद्यान्न, खनिज एवं औषधी प्राप्त हुन्छ । प्रकृतिसँग सामञ्जस्यमा जिउन अर्थात् जीवन अस्तित्वका आधारभूत यी तत्त्वको प्राप्तिका लागि जैविक विविधतासँग सम्बन्धित ज्ञान आर्जन र यसको महत्त्वबारे हरेक नागरिकलाई सुसूचित गर्नु आवश्यक छ ।

नेपाल जस्तो जैविक विविधता, जङ्गल, जडीबुटी, जलवायुले धनी देशले आफूमा अन्तर्निहित सेवा र वस्तुको पहिचान, अभिलेखीकरण, विविधीकरण र मूल्य वृद्धि गर्ने र सोको प्रमाणीकरण गरी अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने हो भने भविष्यमा दिगो विकास र गरिबी निवारणमा ठोस प्रगति हुन सक्छ । त्यसका लागि सरकार, नागरिक समाज, निजी क्षेत्र र विकासका अन्य साझेदारबिच समन्वय, सहयोग र सहकार्य हुन जरुरी छ । सरकारले विकासका योजना कार्यान्वयन गर्न वातावरणमैत्री एकीकृत व्यवस्थापनको कार्य अगाडि बढाउनु पर्छ । हरित उत्पादन प्रक्रियामा जोड दिई सार्वजनिक लगानीमा हरितीकरण गर्ने वातावरण सिर्जना गर्दा हरित अर्थतन्त्रले भावी पुस्ताको अधिकार संरक्षण गर्न मद्दत गर्छ । जीवन जिउने प्रमुख आधार प्राणवायु भए झैँ प्रत्येक प्राणीको जीवन अस्तित्वको मुख्य आधार जैविक विविधता हो । त्यसैले हरित अर्थतन्त्रलाई प्रवर्धन गर्दै जीवन अस्तित्वलाई बचाइराख्न प्रत्येक व्यक्तिले 'हरित संरक्षक' बनेर जैविक विविधताको संरक्षण गर्नु पर्छ ।

# सुशासनको प्रस्थान विन्दु






डा. नारायणप्रसाद भट्ट

सुशासन भनेको खुला, पारदर्शी र नागरिकप्रति जवाफदेही प्रशासनिक सेवा दिनु हो । मुलुकको विकास सुशासनमा मात्र सम्भव हुन्छ । सुशासन कायम हुँदा नागरिकलाई सरकारको नजिक ल्याएर विकास प्रक्रियामा सहभागी गराउन सहज हुन्छ । कतिपय स्थानीय सरकारले नागरिकलाई सेवा मात्र दिएका छैनन्, सूचनासहितको सुविधा पनि प्रदान गरेका छन् । सबै स्थानीय तहले सुशासन दिने हो भने विकास प्रक्रियाले गति लिने छ तर सङ्घीय सरकारले सहजीकरण गरिदिनु पर्छ, सजिलो कानुनी बाटो बनाइदिएर । सहज कानुनमा मात्र स्रोत साधनको उच्चतम परिचालन गरी जनसमुदायप्रति उत्तरदायी हुन र पारदर्शी बन्न सघाउने छ ।

यतिबेला प्रशासनलाई नागरिकप्रति पूर्ण उत्तरदायी र जवाफदेही बनाउने चुनौती तीनै तहका सरकारसामु छन् । विकेन्द्रीकरण, कानुनको शासन, आर्थिक अनुशासन, स्रोतको उच्चतम व्यवस्थापनसहित भ्रष्टाचारमुक्त चुस्त प्रशासनबाट मात्रै नागरिकप्रति जवाफदेही बन्न सकिन्छ । त्यसका लागि सर्वप्रथम संविधानको संस्थागत विकासको खाँचो छ । संविधान जीवन्त बनाउन सकियो भने सुशासन कायम गराउन सहज हुन्छ । नीतिमा ह्रास, जनसहभागिता र जवाफदेहिताको कमी र उत्तरदायित्वको अभावमा सुशासन कायम हुन सकेको छैन । राज्यसंयन्त्र यसप्रति चनाखो हुन आवश्यक छ ।

> स्थानीय तह बलियो भयो भने नै विकासको पूर्वाधार निर्माण गर्न सहज हुन्छ । मजबुत स्थानीय सरकारले मात्रै राष्ट्रमा समृद्धि छाउँछ । आमजनसमुदायको जीवनस्तरमा ल्याउने सकारात्मक परिवर्तन मात्रै समृद्धि हो न कि सीमित धनाढ्य, कर्मचारी, नेता आदिले मात्रै महसुस गर्ने समृद्धि । हिजोआज चलनचल्तीको प्रयोगमा ल्याउने समृद्धि शाब्दिक अर्थमा आर्थिक सामाजिक विकास नै हो ।

सङ्घ, प्रदेश र स्थानीय तहबाट सुशासनको प्रत्याभूति गराउन सके नागरिकलाई विकास प्रक्रियामा सहभागी गराउन सकिन्छ । नागरिकलाई उत्पादन प्रक्रियामा जोड्न सके मात्रै संविधानले प्रत्याभूत गरेका आर्थिक तथा सामाजिक हक प्राप्त गर्न सकिन्छ । रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य आदि मौलिक हकलाई कार्यान्वयन गर्न राज्यले धेरै बजेट खर्चनुपर्ने हुन्छ । सुशासनबाट मात्रै अर्थतन्त्र बलियो बनाउन सकिन्छ । सुशासनका लागि बलियो व्यवस्थापिका, प्रभावकारी सरकार, सरल न्याय प्रणाली र कर्मचारी प्रशासनमा सुधारको खाँचो छ । सुशासन र शान्तिका लागि निर्माणकर्ता, सञ्चारकर्मी र नागरिक समाजको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । जिम्मेवारीबोधका साथ काम गर्ने सरकार हुनु पर्छ । राजनीतिक तहमा निर्णय गर्ने मन्त्रीपरिषद् र त्यसलाई कार्यान्वयन गर्ने कर्मचारी प्रशासन बढी उत्तरदायी र जिम्मेवार हुनु पर्छ । जिम्मेवारीबोधका साथ काम गर्नाले मात्र असल शासन स्थापित हुन सक्छ । न्यायपालिकाको सक्षमता पनि न्यायिक प्रक्रियामा देखिनु पर्छ । प्रभावकारी व्यवस्थापिका, जवाफदेही कार्यपालिका र उत्तरदायी न्यायपालिकाबाट मात्रै सुशासन स्थापित हुन सक्छ ।

सुशासनको मूल ध्येय नै जनसमुदायको बढ्दो सहभागिता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व हो । सङ्घीय सरकार भद्दा भयो, काम नगर्ने र कुरा मात्रै गर्ने भयो भने त्यसले स्थानीय सरकारलाई प्रभाव पार्छ । चाहे जस्तो काम गर्न सक्दैन । जनताले फरक ढङ्गले काम भएको अनुभूति गर्न पाउँदैनन् र निराशा पैदा हुन्छ । त्यसैले पनि सङ्घीय सरकार छरितो, कामयावी, समन्वयकारी र जनताप्रति उत्तरदायी हुनु पर्छ । प्रदेश सरकार समन्वयकारी र स्थानीय तह पारदर्शी हुनु पर्छ । स्थानीय तह बलियो भयो भने नै विकासको पूर्वाधार निर्माण गर्न सहज हुन्छ । मजबुत स्थानीय सरकारले मात्रै राष्ट्रमा समृद्धि छाउँछ । आमजनसमुदायको जीवनस्तरमा ल्याउने सकारात्मक परिवर्तन मात्रै समृद्धि हो न कि सीमित धनाढ्य, कर्मचारी, नेता आदिले मात्रै महसुस गर्ने समृद्धि । हिजोआज चलनचल्तीको प्रयोगमा ल्याउने समृद्धि शाब्दिक अर्थमा आर्थिक सामाजिक विकास नै हो ।

सरकारले जनसमुदायलाई सेवा सुविधा प्रदान गर्दै गयो भने मात्रै त्यो सरकारले वास्तविक अर्थमा वैधानिकता प्राप्त गर्छ । जनतालाई सेवा प्रदान गर्ने कार्यमा सरकार दिनप्रतिदिन प्रयत्नशील हुनु पर्छ । मुलुकको शासन व्यवस्था निकै कमजोर छ । भ्रष्टाचार रोक्न सकिएको छैन । मुलुक उत्पादनमुखीबाट आयातमुखी भएको छ, यो सकारात्मक सङ्केत होइन । उत्पादन बढाउने खालका कार्यक्रम बजेटमार्फत ल्याउन सक्नु पर्छ । नीति तथा कार्यक्रमले सम्बोधन गर्न नसकेका विषयलाई बजेटमार्फत सम्बोधन गरिनु पर्छ ।

राष्ट्रमा सामाजिक तथा आर्थिक समृद्धि हासिल गर्न शासनसत्तामा बस्नेहरू दिलैदेखि लाग्नु पर्छ । बृहत्तर योजनाबाट मात्रै समृद्धिको आशा गर्न सकिन्छ । हो, समृद्धि सामुन्ने छ, हामीले मन फुकाउन सक्यौँ भने । शासकले आफ्नो सेवा राष्ट्रबाटै पूरा गर्ने योजना बनाउने वित्तिकै त्यसैको सेरोफेरोबाट जनसमुदायले राहतको सास फेर्न सक्ने छन् । यो सुशासनबाट मात्रै सम्भव छ । कल्याणकारी बजेट, उचित व्यवस्थापन, कानुनको दरिलो शासनले मात्रै सुशासन अनुभूति हुन्छ ।

आधुनिक मानव सभ्यताको विकासको क्रममा आदिवासी संस्कृतिदेखि अहिलेसम्म विभिन्न प्रकारका शासन प्रणाली विकसित हुँदै आएका छन् । हालको संसदीय शासन प्रणालीबाट सुशासन स्थापित हुने देखिन्न । सुशासनले मानिसलाई भ्रष्टाचार र रातो टेपबाट मुक्त बनाउँछ र प्रशासनलाई स्मार्ट, नैतिक, उत्तरदायी, जिम्मेवार र पारदर्शी बनाउँछ । सुशासनका उद्देश्य सरकारी प्रक्रियालाई व्यावहारिक बनाएर मुलुकमा 'खुला र जवाफदेही प्रशासन' हुनु पर्छ ।

देशमा सुशासन पद्धति बसाएर आर्थिक समृद्धि हासिल गर्न विकासमा देशवासीको सहभागिताको आह्वान गर्नु पर्छ । त्यहाँ राजनीतिक आग्रह/पूर्वाग्रह हुनु हुँदैन । को कुन पार्टीको, को कुन पक्षको भन्ने कोणबाट हेरिनु हुन्न । स्थानीय सरकार जुनसुकै पार्टीले नेतृत्व गरेका होस्, विकास प्रक्रियामा त्यसको छनक देखिनु हुन्न । कुनै पनि योजना पूरा गर्न जनसहभागितामा कस्तो प्रक्रियाबाट काम सम्पन्न गर्ने र कुन मितिसम्म सम्पन्न गर्ने भन्ने जस्ता स्पष्ट खाका पस्कनु पर्छ । त्यही क्यालेन्डर अनुसार अघि बढ्नु पर्छ । परिमाण, गुणस्तर, प्रक्रिया र समयसीमाको योजनामा स्पष्ट राखेर मात्र शुसासन भए नभएको, कति भएको कति मात्रामा नभएको, किन भएन, अब अगामी (बाँकी) योजना पूरा गर्न के कस्ता सुधार गर्नु पर्छ, कार्यान्वयनमा के कसरी लाग्ने भन्ने विषयमा योजनाबद्ध रूपमा लाग्न सके समृद्धि हाम्रै पालामा सम्भव छ । जनसमुदायलाई विकास निर्माणमा आमसहभागी गराएर स्वामित्व लिन प्रेरणा जगाउन सके सुशासनले लय लिई अगाडि बढ्ने आशा गर्न सकिन्छ । जनसमुदायले विश्वास गरेको सुशासनलाई मात्र वास्तविक अर्थमा सुशासन मान्न सकिन्छ । आदर्श व्यक्तिको जीवन शैली, व्यवहार, सादा जीवन, मितव्ययिता, कानुनको पालना गरेर मात्र सुशासन कायम गर्न सकिन्छ । नागरिक समाज, निजी क्षेत्रलगायतका सबै सरोकारवालाले सुशासन कायम गर्न आइपर्ने चुनौतीको मुकाविला गर्नुपर्ने छ

सुशासनको परिभाषा २१ औँ शताब्दीमा जनसमुदायले पहिले नै बुझिसकेको हुन्छ । जनसमुदायले फरक ढङ्गले काम भएको अनुभव गर्न पाएको छैन । कर्मचारी, राजनीतिकर्मी र सरकार सुशासनको शिर हो । यो शिरलाई झुक्न नदिँदा मात्र सुशासन कायम हुने हो । सुशासनले मात्रै समृद्धि ल्याउन सक्छ । आमसहभागितामूलक साझा मञ्च नै प्रजातन्त्र हो भन्ने मान्यताको विकास व्यावहारिक सुशासनबाट मात्रै हुन सक्छ । आमजनताको सहभागिताबिना बहुमत वा दुई तिहाइले खासै अर्थ नराख्न सक्छ । आमजनसमुदायको रुचिकर कार्य गरेमा मात्र हातेमालो गरेर विकास निर्माण सरल ढङ्गले अघि बढ्न सक्छ र सम्पन्न गर्न सकिन्छ ।

कर्मचारी, राजनीतिकर्मीमा सुशासनयुक्त व्यवहार हुनु अपरिहार्य छ । पारदर्शी, जनउत्तरदायी, विधिको शासन व्यवस्था आजका युवाको चाहना हो । त्यसलाई सम्बोधन गर्न कर्मचारीतन्त्रको जिम्मेवारपूर्ण व्यवहारबाट मात्र सम्भव छ । कर्मचारीतन्त्रका विसङ्गति हटाइ काम गर्ने वातावरण तयार नगरेसम्म युवा मागको सम्बोधन असम्भव छ । त्यसका लागि कर्मचारीतन्त्रमा शुद्धीकरण नगरी हुँदैन । कर्मचारीलाई एकल दोष थोपरेर राजनीतिककर्मीले उन्मुक्ति पाउने वातावरणले पनि हुनु हुँदैन । यसो भयो भने पुँजीगत रकम खर्च गर्न सकिन्न, विकास अवरुद्ध हुने छ । यसको मार पुनः जनताले बेहोर्नुपर्ने छ । जनउत्तरदायित्व, पारदर्शिता जस्ता सुशासनका कडीलाई कार्यान्वयनमा ल्याएर मात्र सबैखाले विकृति अन्त्य गर्न सकिन्छ भन्ने मान्यतालाई केन्द्रमा राखेर हिँड्न सक्ने हो भने मात्र राजनीतिकर्मी सफल हुने छन् अन्यथा मुलुक र नागरिकले दुःख पाउने छन् । राजनीति मुलुक र नागरिकको पक्षमा भएन भने राजनीति गर्नुको तुक हुने छैन् । वादविवाद छाडेर सबै राजनीतिक दल आर्थिक उन्नतिसहितको विकास प्रक्रियामा सहभागी हुन अब पनि ढिला गर्ने हो भने त्यसले मुलुकको अस्तित्व रक्षामा प्रश्न उठ्ने छ । बेलैमा सोचौँ । संसद्को गतिरोध अन्त्य गरी मुलुक र नागरिकप्रति उत्तरादायी बनौँ ।

# उत्साहजनक नीति तथा कार्यक्रम



नगेन्द्रराज पौडेल

नेपालको संविधानको धारा ११९ (३) अनुसार हरेक वर्ष जेठ १५ गते सङ्घीय संसद्मा सरकारको बजेट पेस गर्नुपर्ने व्यवस्था छ । बजेट पेस गर्नुपूर्व वार्षिक नीति तथा कार्यक्रम पेस गर्नुपर्ने छ । आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सङ्घीय संसद्मा प्रस्तुत भइसकेको छ । नीति तथा कार्यक्रमका आधारमा नै बजेट आउँछ ।

सरकारले राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने गरी नीति तथा कार्यक्रम ल्याएको छ । यो वर्ष कृषि, सूचना प्रविधि र आधुनिक पूर्वाधार, निर्माण क्षेत्र विशेष प्राथमिकतामा परेका छन् । अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादकत्व वृद्धि, रोजगारीका लागि भन्दै 'डिजिटलाइजेसन र कृषिमा लगानी दशक' यस पटक सरकारले अघि सारेको वार्षिक नीति तथा कार्यक्रमका मुख्य आकर्षण हुन् ।

यो नीति तथा कार्यक्रम निकै उत्साहजनक देखिएको छ । समृद्धिको यात्रा तय गर्ने खालको छ । सामान्य विषयदेखि राष्ट्रको बृहत्तर हितका विषय यसभित्र समेटिएका छन् । सरकार जनताप्रति जवाफदेही छ भन्ने कैयौँ कुराको उदाहरणको दस्तावेजका रूपमा प्रस्तुत नीति तथा कार्यक्रम आएको छ ।

यतिबेला लघुवित्त, सहकारी, बिमा र पुँजीबजारमा बग्रेल्ती समस्या देखिएका छन् । पुँजीको तरलता छ । सहकारी पीडितहरूका आफ्नै समस्या छन् । यी समस्याको समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझाव कार्यान्वयन गरिनुका साथै लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचना गरिने कुरा सरकारले अघि सारेको छ । यो नीति कार्यान्वयनपश्चात् यी समस्यामा न्यूनीकरण आउने अपेक्षा गर्न सकिन्छ ।

सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिने नीतिले सहकारीका विद्यमान समस्या समाधान हुने विश्वास गर्न सकिन्छ ।

## विपन्नका लागि सरकार

मुलुकमा हुँदा खाने र हुने खाने वर्ग छन् । सरकार हुँदा खानेका पक्षमा देखिएको छ । आगामी आर्थिक वर्षभित्र गरिब घरपरिवार पहिचान कार्य सम्पन्न गरी पहिचान भएका गरिबको स्थानीय तहमार्फत निःशुल्क बिमा गरिने नीति सरकारले लिएको छ । यो नीतिका कारण सरकार शिक्षा, स्वास्थ्य जस्ता जनताका आधारभूत आवश्यकताको पूर्तिका लागि सजग देखिएको पुष्टि हुन्छ । यसबाट कमजोरहरूका लागि सरकार छ भन्ने सन्देश प्रवाह भएको छ । गरिबीको रेखामुनि रहेका घरपरिवारका लागि विद्युतीय चुलो, ट्युब बेललगायतका सामग्री निशुल्क उपलब्ध गराइने नीति अख्तियार गरेर सरकार गरिबका आँखामा देखिन खोजेको छ । यो निकै सकारात्मक पक्ष हो ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गरिने भएको छ । सरकारी तथा सङ्गठित क्षेत्रमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीका साथै अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्दै छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रूपमा व्यवस्थापन गरिने नीति अघि सारेर सरकारले आफू सबैको अभिभावक भएको पुष्टि गरेको छ ।

तीन वटै तहका सरकार, निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा 'उत्पादन र रोजगारीका लागि साझेदारी' कार्यक्रम सञ्चालन गरेर रोजगार सिर्जना गर्न सरकार प्रतिबद्ध देखिएको छ । कृषिजन्य विकासका लागि 'कृषिमा लगानी दशक' घोषणा गरी व्यापक परिवर्तन ल्याउन खोजिएको छ । उत्पादन चक्र सुरु हुनुपूर्व नै आधार भूत कृषिउपज तथा पशुजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य तोक्ने नीति सरकारले अघि सारेको छ । यसबाट वर्षौं लगानी गरेर पनि आफ्ना उत्पादनको उचित मूल्य पाउन नसकेका किसानको वर्षौंदेखिको समस्या समाधान हुने देखिन्छ । किसानका पक्षमा प्रस्तुत सरकारी नीति एक कदम प्रगतिशील देखिन्छ ।

फलफूल, नर्सरी र बेर्ना रोपाइलाई व्यापक रूपमा विस्तार गरी पाँच वर्षभित्र देशलाई फलफूलमा आत्मनिर्भर बनाइने र दुई वर्षभित्र पशुपन्छी तथा मत्स्य उत्पादनमा पूर्ण आत्मनिर्भरता हासिल गर्ने लक्ष्य राखिएको छ । यो लक्ष्य पूरा गर्ने हो भने देश समृद्धितर्फ अघि बढ्नेमा विश्वास गर्न सकिन्छ । प्रस्तुत नीतिलाई सम्बोधन गर्ने गरी आगामी दिनमा उपयुक्त बजेटको विनियोजन भने हुन जरुरी छ । आगामी आर्थिक वर्षमा पाँच लाख भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासको समस्या समाधान गर्नुका साथै गुठीलगायत सबै जग्गाको दोहोरो स्वामित्वसम्बन्धी समस्या समाधान गर्ने सरकारको नीति रहेको छ । यसबाट विगतदेखि निकै पेचिलो र सधैँ उस्तै अवस्थामा रहेको सुकुमवासी समस्या केही मात्रामा भए पनि समाधान हुने आशा गर्न सकिन्छ । राष्ट्रिय गौरवका आयोजना अघि बढाउने नीति सरकारले अघि सारेको छ । दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने लक्ष्य राखिएको छ । यसबाट देश क्रमश : आत्मनिर्भरताको गन्तव्यमा बामे सर्न खोजेको देखिन्छ । यो निकै खुसीको कुरा हो ।

सरकारको नीति तथा कार्यक्रम महिलामैत्री पनि रहेको छ । यो वर्षदेखि सरकारले महिलालाई आर्थिक रूपमा सक्षम, सबल र सशक्त बनाउन 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम' सञ्चालन गरिने नयाँ नीति अख्तियार गरेको छ । सबै प्रहरी चौकीमा महिला सहायता कक्षको व्यवस्था, बालसुधार गृहमा रहेका सबै बालबालिकाको निःशुल्क स्वास्थ्य बिमा, ज्येष्ठ नागरिकलाई स्थानीय तहमार्फत घरमा नै नियमित स्वास्थ्य परीक्षण एवं औषधी उपलब्ध गराउने, आगामी पाँच वर्षभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चित गरिने तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न 'एक पालिका एक स्मार्ट विद्यालय' अवधारणा कार्यान्वयनमा ल्याइने जस्ता विषय सरकारले समेटेको छ । यी कार्यक्रमको सही कार्यान्वयन हुन सकेको खण्डमा देश आर्थिक, सामाजिक तथा शैक्षिक हिसाबले पनि समृद्धिको मार्गमा हिँड्ने छ ।

निकै पेचिलो बनेको शान्ति प्रक्रियाको बाँकी कामले आजसम्म पनि पूर्णता पाउन सकेको छैन । नीति तथा कार्यक्रममा शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम शीघ्र सम्पन्न गरिने उल्लेख छ । शान्ति प्रक्रिया र द्वन्द्व रूपान्तरणका क्रममा भएका सहमति,

> जनताका जल्दाबल्दा समस्या र तिनको समाधानसमेतको मार्ग बनेर आएको नीति तथा कार्यक्रम कार्यान्वयन हुन सकेमा आगामी दिनमा देश समृद्धिको मार्गमा उन्मुख हुनेमा विश्वस्त हुन सकिन्छ ।

समझदारी एवं सम्झौताको एकीकृत अभिलेख तयार गर्न जरुरी छ । जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलनलगायत विभिन्न राजनीतिक परिवर्तनको आन्दोलनका घाइते तथा अपाङ्गता भएकाको सूची अद्यावधिक गर्न र समस्याको दिगो समाधान गर्न उच्चस्तरीय समिति गठन गरिने विषयलाई नीति तथा कार्यक्रमले अघि सारेको छ ।

## शिक्षामा संवेदनशील

सरकार शिक्षा क्षेत्रको विकास र उन्नयनका लागि प्रतिबद्ध देखिन्छ । सरकारले अघि सारेको नीति तथा कार्यक्रममा सरकारी, सामुदायिक तथा संस्थागत विद्यालयका प्राध्यापक, शिक्षक वा कर्मचारीले राजनीतिक दलको सदस्य हुन नपाउने कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरिने उल्लेख छ । यस अघि कानुन भएर पनि यसको पालना हुन सकेको थिएन । शिक्षकले मासिक रूपमै तलबभत्ता पाउने भएका छन् । शिक्षण पेसालाई थप गुणस्तरीय, आकर्षक र मर्यादित बनाउन शिक्षकलाई छात्रवृत्ति तथा नेतृत्व विकासका अवसर प्रदान गरिने सरकारको कार्यक्रम पनि सकारात्मक छ । ठगी, मिटरब्याजलगायतका अनुचित लेनदेन, जालसाजी जस्ता आर्थिक तथा वित्तीय अपराध र सार्वजनिक सम्पत्ति एवं स्रोतसाधनको अनुचित दोहन जस्ता गैरकानुनी कामलाई कडाइका साथ नियन्त्रण गरिने छ ।

## कार्यान्वयनको अपेक्षा

भनिन्छ कोटको खल्तीमा जतिसुकै महँगो कलम भए पनि लेख्ने विचारले हो । कलम स्वयम्ले लेख्दैन । प्रस्तुत नीति तथा कार्यक्रममा पनि सरकारको दृष्टिकोण प्रस्तुत भएको छ । साना सानादेखि राष्ट्रिय गौरवका आयोजनासमेतमा सरकारको प्रतिबद्धता प्रकट भएको छ । अबको चुनौती कार्यान्वयनको हो । नीतिमा पर्ने बजेटमा नपर्ने रोगको अन्त्य हुन जरुरी छ । अर्थमन्त्री वर्षमान पुनले 'सरकारको नीति तथा कार्यक्रमलाई मुलुकको बजेटले प्राथमिकतामा नराख्दा विगतमा कार्यान्वयनमा समस्या आउने गरेको थियो । यस पटक सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरेर आएको हो, यसकै आधारमा बजेट बन्छ, सरकारले दृढतापूर्वक कार्यान्वयन गर्छ' भन्नुभएको छ । अर्थमन्त्रीले भनेझैँ जनताका जल्दाबल्दा समस्या र तिनको समाधानसमेतको मार्गचित्र बनेर आएको नीति तथा कार्यक्रम कार्यान्वयन हुन सकेमा आगामी दिनमा देश समृद्धिको मार्गमा उन्मुख हुनेमा विश्वस्त हुन सकिन्छ ।

## पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

### कर्मचारीमा दायित्वबोध भएन

मुलुकको आर्थिक अवस्था कमजोर हुँदै गएको छ । आर्थिक अवस्था कमजोर हुनुमा राजनीतिक नेतृत्वको भन्दा बढी भूमिका कर्मचारीको छ । कर्मचारीले सही मार्गनिर्देश गर्ने हो भने राजनीतिज्ञले चाहँदैमा हिनामिना हुँदैन । एउटा नेता जनताले चाहेमा पाँच वर्ष सांसद वा मन्त्री बन्न सक्छ तर एउटा कर्मचारी जनताले रुचाउन/नरुचाउन ३५ वर्ष भन्दा बढी समय जागिर खान्छ । ३५ वर्ष मन्त्रालयमा बस्दा उसले कति भ्रष्टाचार गर्ला ? सोचौँ त । हो, सबै कर्मचारीलाई पनि दोष दिन मिल्दैन । धेरै कर्मचारी नुनको सोझो गर्ने पनि छन् । नुनको सोझो गर्नेको कुरा राजनीतिले सुन्दैन पनि । किनकि राजनीतिलाई पनि पैसा चाहिन्छ । त्यसका लागि भ्रष्ट कर्मचारीकै साथ र सहयोग आवश्यक हुन्छ । कर्मचारी र मन्त्री नमिलेसम्म भ्रष्टाचार हुँदैन । दुवै इमानदार हुने हो भने भ्रष्टाचार हुँदैन पनि ।

भ्रष्टाचार किन हुन्छ भन्ने प्रश्न पनि उठ्ने गर्छ । हो, एउटा अधिकृतको जागिरले छोराछोरीको पढाइ, त्यही स्तरको बसोबास र खानपान, काठमाडौँमा घर, गाउँमा जग्गा जमिन जोड्न कसरी सम्भव छ ? छैन । हामी एकोहोरो नेतालाई गाली गर्छौं, त्यही नेतालाई भ्रष्टाचार बनाउने कर्मचारीको विषयमा एक शब्द पनि बोल्दैनौँ । यसको मलतब सबै कर्मचारी खराब छन् भन्ने चाहिँ पक्कै होइन, असल कर्मचारी पनि छन् । तिनीहरूकै कारण अहिलेसम्म कर्मचारीतन्त्र जीवित छ ।

एउटा सरकारी बैङ्क र प्राइभेट बैङ्क नै हेरौँ न, कति फरक हुन्छ सेवाग्राहीलाई दिने काममा । सरकारी कर्मचारीको बोलीचाली र व्यवहार हेरौँ, प्राइभेटमा काम गर्न कर्मचारीको बोलीचाली हेरौँ व्यवहार र कार्यशैली हेरौँ । सरकारी संस्था जहिले घाटामा प्राइभेट कम्पनी जहिले फाइदामा, कर्मचारीकै व्यवहारले होइन र ? नेपालमा कर्मचारी सुध्रन आवश्यक छ । यसका लागि निगरानी बढाउनु आवश्यक छ । कोही दोषी ठहरिहन्छ भने तत्काल कारबाही गर्न तयार हुनु पर्छ । त्यसले सकारात्मक परिणामको सङ्केत पनि आउँछ । भित्रभित्रै मिलाइयो भने त्यो भुसका आगो झैँ सबैतिर सल्कन्छ ।

एउटा मन्त्रालयको बारेमा एउटा कर्मचारीलाई जति थाहा हुन्छ नेतालाई त्यसको केही अंश पनि थाहा हुँदैन । नेतालाई घुमाएर भ्रष्टाचार गर्न सिकाउने नै कर्मचारी हुन् । लोभी मन पैसा आउँछ भनेपछि भोलि यो पद पाइन्छ पाइँदैन, अहिले मौका मिलेको बेला कमाउनु पर्छ भन्ने हुन्छ । जसका कारण नीतिगत भ्रष्टाचार मौलाएको छ । अहिले स्थानीय निकायमा झन् यो बेथितिले जरा गाडेको छ । स्थानीय जनप्रतिनिधि र कर्मचारी मिलेर अर्बौं भ्रष्टाचार गरेका समाचार सार्वजनिक भएको पाइन्छ । जानकारी हुँदाहुँदै पनि अनुगमन र निगमन किन हुँदैन ?

**पुरुषोत्तम घिमिरे**
जोरपाटी, काठमाडौँ

### भण्डारीको सपना पूरा गरौँ

मुलुकमा जनताको मुक्तिका लागि सङ्घर्ष गरेका हौँ भन्ने कम्युनिस्ट विचारधारा बोक्नेहरूको सरकार छ । जनताले शासन व्यवस्था मात्रै नयाँ खोजेका होइनन् सुशासनमार्फत सामाजिक न्यायको प्रत्याभूति चाहेका हुन् भन्ने कुराले प्रश्रय पाउन सकेको छैन । कम्तीमा मुलुकमा कम्युनिस्ट नेताको सरकार छ भन्ने अनुभूति दिलाउने गरी नयाँ बजेट निर्माण होस् भन्ने आमजनताको चाहना छ । आशा गरौँ, बजेट जनताको पक्षमा आउने छ ।

नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन महासचिव मदन भण्डारीको नेपाली राजनीतिमा महत्त्वपूर्ण योगदान छ । २०५० साल जेठ ३ गते चितवनको दासढुङ्गामा रहस्यमय जिप दुर्घटनामा उनीसँगै सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको दुःखद निधन भयो । जनताको मुक्तिका लागि कम्युनिस्ट पार्टी निर्माण भएको हो भन्ने कुरा भण्डारी बारम्बार गरिरहन्थे । एमाले अहिले उनैले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादी सिद्धान्त बोकेर राजनीति गरिरहेको छ । सरकारमा भएका बेला उनको सपना पूरा गर्न लाग्नु पर्छ ।

जनताको बहुदलीय जनवादको परिकल्पना गर्ने एक फराकिलो राजनीतिमा उदाएका कुशल राजनीतिज्ञ थिए भण्डारी । राजनीति क्षेत्रको लगभग ४१ वर्षको कालखण्डमा उनले मुलुका हितमा उल्लेख्य काम गर्न नसके पनि मार्ग देखाउने काम गरेका हुन् । त्यो मार्ग र सिद्धान्त अहिलेका कम्युनिस्ट पार्टीले अवलम्बन गर्न सकेको पाइँदैन ।

२०४६ सालको जनआन्दोलनमा भण्डारीले खेलेको भूमिका र त्यही बेला राजाका बारे खुला चुनौती दिएका भण्डारीका बारे डा. शोभाकर पराजुलीले लेख्नुभएको 'मदनले मोडेको कम्युनिस्ट बाटो' भन्ने गोरखापत्रमा जेठ ३ गते प्रकाशित लेखले प्रकाश पारेको छ । त्यसले एउटा स्मृति मात्र दिलाउँदैन त्यो पथ मार्गचित्रलाई झल्काउँछ । अहिले अवलम्बन गरिएको लोकतान्त्रिक गणतन्त्र र भण्डारीले त्यो बेला उठाएको जनताको बहुदलीय जनवादको खाकामा धेरै भिन्नता पाइँदैन । नवीन चिन्तनको विकास, अन्याय सहन नसक्ने आफ्नै खालको विद्रोही स्वभाव, विषयवस्तुको उच्चतम ज्ञान र साङ्गठनिक रूपमा क्रियाशील राजनीतिकर्मीसँग नजिकिने व्यक्तित्व हो भण्डारी । २०४८ सालको संसदीय निर्वाचनमा काठमाडौँ निर्वाचन क्षेत्र नम्बर १ र ५ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए भण्डारी ।

जननेता भण्डारीको त्यो रहस्यमय दुर्घटनामा भएको मृत्युले नेपाली राजनीतिज्ञलाई धेरै पटक सोच्न बाध्य बनायो । यसको सत्यतथ्य अझै बाहिर आउन सकेको छैन । भण्डारीको अवसानपछि नेपाली राजनीतिमा कुशल, निडर र निस्वार्थ राजनीतिज्ञको अभाव खड्किएको छ । छोटो समयमा नेपाली माटोलाई बुझी राजनीति गर्ने थोरै व्यक्तिभित्र पर्थे भण्डारी । अझै पनि केही बिग्रिएको छैन, उनको मृत्युको कारण पत्ता नलागे पनि उनले देखाएको बाटो मात्रै अवलम्बन गर्ने हो भने सामाजिक न्यायको प्रत्याभूति भएको अनुभूति जनताले गर्ने छन् ।

**भरतप्रसाद देवकोटा**
सान्नीत्रिवेणी ३, कालीकोट

नयाँ नेपाल
गोरखापत्र
gorkhapatraonline.com
समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित
दनुवार भाषा पृष्ठ



दनुवार जागरण समिति सिन्धुली जिल्लाक लवका निर्वाचित पदाधिकारीसब

# भुमीस दनुवार जातिक सम्बन्ध



■ जितेन्द्र सिंह दनुवार

दनुवार नेपालम पेहेनेस रहति आइल आदिवासी सियो आ उ बात बहुत लिखित अलिखित ईतिहास आ जनश्रुतीसबले पृष्टपोषण करलछो तयो यकरा नेपालक पूर्ब अस पश्चिम तलिक रहल प्रकृितिक सम्पदासब, मुख्य कइक बोन, जल, जमिनले यकर सम्बन्ध प्रत्यक्ष रुपमा दनुवार जाति संग रहल बात देखाइल छो ।

कमला नदीः सिन्धुली जिल्लाक मुटुम रहल अत्यन्त लोकप्रिय आ उपयोगी प्राकृतिक संम्पतिक रुपम परिचित दनुवारसबक आपने खोला कमला नदी अर्थात कमला माई खोला रहल छो । माईक अर्थ दनुवारी भषाम माइ कहिक हबछो अर्थात् कमला नदीक पानीस उ ठाउँम रहल दनुवारसबक खेतबारी सिचाई भईक अत्यन्त उब्जनी भेलाहार आ उ नदीक माछमारीक दनुवारसब रमाइलाहार कारणस दनुवारसब माइक कोराम बेठिक रमाइलाहार आ फरलाहार आ फुल्लाहार भइक ओकर नामाकरण कमला माई खोला आ कमला नदी पर गेल सियो कहिक जनश्रृति छो ।

जंगहा नदीः महोत्तरी जिल्लाक एकगो प्रसिद्ध नदीक रुपम यकरा चिन्ल जाइछो । दनुवारी भषाम जाङ्ग कहल तिघ्रा सियो । जाङ्ग कहल पानी कम कहयाहु नाइभेलाहार ओ इ नदीम

पतारी पोखरीः यी सिरहा जिल्लाक पतारी कहलाहार ठाउँम पर्छो जत रजा हरिसिंहदेवक एकगो बडकि मन्दिर छो । पतारी पोखरीक इतिहासओ दनुवारी तन्त्र विद्यासंग जोडल गेलछो ।

बाँध बाँधीक किसानसबले प्रसस्त अन्न उब्जनी कइल उपयोगी नदी भेल दनुवारी भषाम यकर नामाकरण जंगहा नदी भेल बात सुन पाइछो ।

लाल बकैया नदीः लालक अर्थ दनुवारी भषाम लाल आ मकैयाक अर्थ मकै सियो । यनाके लाल बकैया नदीक सिचाईस पौराणिक समयम उ क्षेत्रम लाल मकै प्रसस्त उब्जनी भेलाहार भइक ओकर  नामकरण लाल मकैया नदी आ कालान्तरम लाल बकैया नदी हब गेल सियो कहिक कहाइ अखनो सुन पाइब । यी नदी बारा आ रौताहट जिल्लाम बहल पाइल  जाइछो ।

मुत्नी खोलाः सिराहाक अम्ही नजिक मोहनपुर कमलपुर गाविसम परलाहार मुत्नी खोलाक बारेम चर्चा  कर्ति जनश्रुति अनुसार दनुवार जातीक एक जना धामीले बोनस पोखरीक जाट्क लागि एकगो बडकौ काठ आल्ती कर्त इ ठाउँम रहिक मुत्त वा पिसाव फेर्त खुमा बनल खोलाक नाम मुत्नी नदी रह गेल सियो ।

अम्ही जंगलः सिरहा जिल्लाक उत्तरी क्षेत्रम परलाहार अम्ही गाँ स्थित एकगो बडकि बोन रहलो जकर नामाकरण दनुवारी भषाम अम्ही बोन राखल रहलो । अम्ही कहल नामाकरण राख्क पछा उ ठाउँम प्रसस्त आमत आमक गाछसब रहलो जकर अर्थ दनुवारी भषाम खट्टा आ आमत आम सियो यकर आंम सियो यकरस अमिही बोन हब गेल पाइल गेलछो ।

मजुर्नी खाताः रजा पुरादित्य सिंह दनुवार ( चौधौ शताब्दीक) ले मजुरक खोपा जकीन जनि तरयाहा केश बनाइल बहुतका मन परल भइक ओकरे नामस मजुर्नी खाता बाँध बानल रहलो । जकरस दनुवारसबक कृषिकार्यका बहुत सहयोग भेलाहार भइक ओकर नाम मजुर्नी खाता बाँध भेल सियो । जुन हाल सप्तरी जिल्लाक कोशी नदी किनार स्थित कञ्चनपुर कहलाहार ठाउँम पर्छो ।

मुर्तियाः सर्लाही जिल्लाक एकगो बहुत प्रसिद्ध ठाउँ छो जइलग सिमरौनगढक रजा खानदानस कुनहु सदस्य मोरतो त उ ठाउँम आलिक अन्त्यष्टी करोक । ओकर कारणस उ ठाउँक नामँ मुर्दिया कहिक रह गेल आ पछा अपभ्रंश हबति मुर्तिया भेल कहाइ छो ।

छिन्नमस्ता भगवतीः छिन्नमस्ताक अर्थ मस्तिष्क नाइभेल (कपार नाइभेल) भगवती । किंवदंन्ती अनुसार सिमरौनगढ राज्य छिन्नभिन्न हबत खुमा कुल भगवतीक संरक्षणकलागि सकलदेव धामी दनुवारले लिइक भाग्लाहार क्रममा उ ठाउम ठेस लगिक खसत जमिनम हात छुअ जाइत अखनक सप्तरीक सखरा कहलाहार ठाउँम भगवती स्थापित हब गेल आ उ धामीक सन्तानस पुजाआज सुसंचालन करल बात किम्वदन्ती पाइब ।

सोनामाई स्थानः महोत्तरी जिल्लाक भोयलटिम्किया कहलाहार ठाउँम अवस्थित मन्दिर सम्बन्धम सोनावती दनुवार्नी सपनाम सिमरौनगढ राज्यक राजकुमारी सियो कहिक महोत्तरी जिल्ला मेघनाथ, २ मेघरौल स्थित डिहिवार थान लगक खेतम हलो जोत्त मेघरौल निवासी अहिमान राई दनुवारले एकगो बिशिष्ट किसिमक धातु फेला पारलको आ जुन धातुका ओइले एकगो पौती भित्रम सुरक्षित राख्त राति सपनाम हमर स्थापना कइक पुजा कर कहिक आदेश भईक सोही अनुसार पुजा संचालन करल कहिक कहाइ छो ।

सलेश फूलबारीः यी हाल सिरहा जिल्लाम अवस्थित छो । यत दनुवारी रजा सल्हेशले पुजा करक लागि फूल तोरलाहार कामसंगही जोडल किंवदन्ती अनुसार यकर नाम सल्हेश फूलवारी रह गेल सियो । यत वैशाखक १ गते हरेक वर्ष बडकि मेला लाग्छो ।

पतारी पोखरीः यी सिरहा जिल्लाक पतारी कहलाहार ठाउँम पर्छो जत रजा हरिसिंहदेवक एकगो बडकि मन्दिर छो । पतारी पोखरीक इतिहासओ दनुवारी तन्त्र विद्यासंग जोडल गेलछो । उ ठाउँम सन्तान नाइभेलाहार मानहुकसबले लुहाइक स्रद्धापूर्वक भक्ति करल पछा सन्तानक लाभ भेलाहार आ अखन तलिको उ पोखरीम लुहाइक माङब त सन्तान लाभक मनोकांक्षा पुरा भेलाहार विश्वास विद्यामान छो । जत हरेक वर्ष वैशाष २ गते भक्तजनसबक विशाल घुइचो हबछो ।

मानिक दहः यी सिरहा जिल्लाम अवस्थित एकगो बडकि दह सियो जत रजा सलहेशले लुहाइक फूलबारीस फूल तोरीक दैनिक पुजा करलाहार करोक कहिक कहाई छो ।

झहुरी थानः हाल यी भारतक विहार प्रान्तक मधुवनी जिल्ला अर्न्तगत पर्छो । यी स्थल रजा हरिसिंह देवक बेटासँग सम्बन्धित स्थल सियो । जत नेपालक सिरहा जिल्ला पतारी कहलाहार ठाउँम रजा हरिसिंहदेवक पुजा भेल पछा उ ठाउँम आपनिहि हवाक रुपम यतहु पुजा सुरु करपर्छो कहिक संकेत हाल तलिको हब गेल बात सुन सकबो ।

## कथा

# नाग नागीनी



■ गोपाल दनुवार

दुइसय पचास वरसक पहिला पहिला अन यी भेनौरी कमसेकम १०० वर्ष अगाडी नै टौदहक नागीनि अउ ग्वाल्दहक खेकक नागलोक जमा माथ भेना (भेएना) रहुके अन । टौदहक नागक खेक्क, नागीनीलोक बोयकलोक साथ भेना रहुके अन । ओसोके नाग त ओते ओते हिंड्फा पर्लार भेइ आउ नाग भोते जाइते सबभन्दा कान्छी नागीनी चाँहीने बारनीस कलारन बारनीस की औसौकी आउ ग्वाल्दहकी नागक संगी अः ओते ओते लाइ पर्जाइ एतइ ख्याल ठट्टाहन कर्बाहन। ख्याल ठट्टा करेनकी, अउ फेरी ग्वालदहक नाग घरदिशा आइलार । ओछेभइ नागीनी चाँहीनी पोखरी दबलारहन। अउ ओस्ते भेइटे भेइटे भेइट एकटा ज्यापुहन ज्यापुइ खेतहन धान, नोकसान निकै नोक्सान पारदेहन। ज्यापु चाँही धान निकै नोक्सान करदेइ। आजहन एछेचल्बा कालुहम ओछे लटरपटर कर्बा आइलाहन नाग आउ नागिनी दुइ मेना। आउ ओकरा पाछ रीक दिनइ मारी ज्यापू पालो नोल लेन आइलोहन । नोल लेनआइलोहन निचालो चुपलागेनके खेतइ ढुकुना थापेनके वस्तेत टौदहका नाग गइहाली। जाबा साथके टौदहके नागिनी झन निस्की देइ। नाग आउ नागिनी फेरी उस्तइ चल्बा लागीहन अह। धानलोक नोक्सान पारेन चल्बा लागेहन । मारी नोक आसनके मारी नोल ड्याङ ड्याङ दुइटा नाग नागिनीलाई ठाटाई हाल्देइ आउ नाग चाँही चलाक भइनके पाराइनके ग्वाल्द दिशा आइहाली। नागिनी ठेक्ना भाँचदेल्कीहन। ठेक्ना घाइते भइलो पाछारी आउ औसीकी टौदहक नागिनी चाँही लुटुर पुटुर विस्तारइ औं पोखरी भित्रइ पसेनके आउ मारी व्यार उइराई जाइदेहन। पोखरी पसेनके घाइते भेएनके उँ हु हु भेइनके घाइते भेइनके बस्देइ।व्या 'अखनी कति बाके नाग डुलेनके आइते आइते औसीकी नाग डुलेन आइलो पछारी आउ व रहर आ जकरी भेइतु कान्छी बोएककनी रहर भेएग्ला माया भेएग्ला सबभन्दा कान्छी बोएकक ठाउँ जाएनके, कान्छी कोएकक ठाउँ जाइलो पछारी त कीस भइलो ए यी । बोलेन बोल्ते। मी मलाई सन्चो बनभेइलो। मी बाग निस्केनके एने डुल्बा डाबा खाबा जाइलो आउ मी फलाना ज्यापू आइले मलाई नोले हान्देन्के मी घाइते भेइलो रम्ला। बोलेन के। नागलाई बोल्देइ। नागलाई बोल्देन बाज्पा पछाडी पख ज्यापू तोलाई आजु अथुनी तोलाइ झन् यीस्ते करेन्के घाइते नीपारे नाछाड्देमी बाजेन्के मारी आउ मारी माउ ठाउँके टौदहक नाग चाँहीने ज्यापू घर दिशा जाइदेइ। ज्यापू घर जाएन के आउ मारी ज्यापू घर जाइते त आउ भित्रइ साँएक बोएक (ज्यापू) मात्रइ दुइजेना कइनी करलार ।

पनि केही विद्यालयमा भने अझै सुधार गर्नुपर्ने अवस्था देखिएकोले अब सुधार गरेर अगाडि बढ्ने निष्कर्षमा पुगिएको बताउनुभयो। हाललाई स्थानीय पाठ्यक्रमका लागि पाठ्यपुस्तक भने तयार छैन। अझै अभ्यासकै चरणमा स्थानीय पाठ्यक्रम कार्यान्वयन भइरहेका कारण सबै विषय समेटिएपछि मात्र पाठ्यपुस्तक तयार गरिने छ।

एक वर्षअगाडि गाउँपालिकाले स्थानीय पाठ्यक्रम 'हाम्रो ताँजाकोट' तयार पारेको थियो। स्थानीय पाठ्यक्रम गाउँपालिकाका कक्षा १ देखि ८ सम्म पठनपाठन हुने १७ वटा विद्यालयमा लागु गरिएको छ। कार्यक्रममा विषय शिक्षक, गाउँ शिक्षा समितिका सदस्यहरू र वडाध्यक्षबिच आवश्यक छलफल गरिएको थियो। सिमकोट गाउँपालिका पनि स्थानीय पाठ्यक्रम तयार पारेर कार्यान्वयनको चरणमा रहेको छ भने नाम्खा गाउँपालिका तयार गर्ने अवस्थामै छ। अन्य चार वटा गाउँपालिकाले भने स्थानीय पाठ्यक्रम तयार गर्ने सुरसारै गरेका छैनन्।

# एउटा भवन, दुई कार्यालय

**खलङ्गा समाचारदाता**
*जाजरकोट, जेठ १० गते*

सेवाग्राहीको बढी घुइँचो हुने यहाँका दुई कार्यालयले एउटै भवनबाट सेवा दिइरहेका छन्। जिल्ला अदालत जाजरकोटका दुई वटा भवन भूकम्पले चर्किएर बस्न नमिल्ने भएपछि सरकारी वकिलको कार्यालयको भवनबाट सेवा प्रवाह गरिएको हो।

भूकम्पअघि दुई वटा भवनबाट सेवा प्रवाह गरेको जाजरकोट अदालतले सरकारी वकिलको कार्यालयको तल्लो तलाबाट सेवा प्रवाह गरेको छ।

अप्ठ्यारोमा परेका जनतालाई न्याय दिने जाजरकोट अदालत र सरकारी वकिलको कार्यालयले एउटै भवनबाट सेवा प्रवाह गरेपछि जनता र कर्मचारीले अप्ठ्यारो हुने गरेको छ। दुई वटा भवनबाट सेवा दिएको न्यायालयले एउटा तलामा खुम्चिएर सेवा प्रवाह गर्दा सेवाप्रदायक निकाय र सेवाग्राहीसमेतलाई सास्ती हुने गरेको छ।

भूकम्पका कारण जाजरकोट अदालतका निजी भवनमा भूकम्पले क्षति पुर्‍याएपछि सरकारी वकिल कार्यालयमा सरेको छ। सरकारले भूकम्पले क्षति गरेको जाजरकोट अदालत सात महिना बित्नै लाग्दा निर्माणको थालनी नगरेपछि समस्या भएको छ।

जाजरकोट अदालतका तहसिलदार धर्मबहादुर बुढाका अनुसार संवेदनशील मानिने न्यायालयका दुई/तीन वटा फाँटको काम एउटा कोठाबाट सञ्चालन गर्नु परेको छ। भूकम्पअघि अलग अलग कोठाबाट सेवा प्रवाह गरिएको थियो। कर्मचारी र सेवाग्राहीलाई सहज थियो। भवन अभावले एउटै कोठामा धेरै फाँटको काम गर्नु परेको स्वयम् कर्मचारी गुनासो गर्न थालेका छन्।

इजलास कक्ष साँघुरो भएपछि बयान, बकपत्र गराउन समस्या भएको छ। अदालतका भवन मर्मत र पुनर्निर्माणमा सरोकारवाला निकायले ध्यान नदिँदा यस्तो समस्या आएको हो।

सरकारी वकिल कार्यालयका न्यायाधिवक्ता रत्न गिरीका अनुसार अदालतको भवन भूकम्पले क्षति गरेपछि कार्यालयको तल्लो तला अदालतले प्रयोग गरेको छ। थोरै जमिनमा सरकारी वकिल कार्यालयको अत्याधुनिक भवन गत वर्ष निर्माण सम्पन्न भएपछि सेवा प्रवाह गर्दै आएको कार्यालयमा भूकम्पपछि अदालतका भवनमा बस्न नमिल्ने गरी क्षति पुगेकाले सरेको कहो।

# सवारीसाधन कारबाहीमा

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, जेठ १० गते*

रुकुमपश्चिमको मुसीकोट नगरपालिका–४, शीतपोखरी क्षेत्रमा सञ्चालन भएका सवारीसाधन जाँच गर्दा अधिकांश सवारीसाधनमा कमी कमजोरी भेटिएका छन्।

यातायात व्यवस्था कार्यालय, जिल्ला प्रशासन कार्यालय र ट्राफिक कार्यालयले गरेको छड्के जाँचका क्रममा कमजोरी भेटिएका बस तथा मिनीबसलाई कारबाही गरिएको छ।

यात्रुवाहक सवारीसाधनमा कैफियत भेटिएपछि कारबाही गरिएको हो। जाँचको क्रममा भेटिएका सबै बस र अन्य सवारीसाधनसमेत गरेर १८ वटा सवारीसाधनलाई कारबाही गरिएको यातायात व्यवस्था सेवा कार्यालयका प्रशासकीय अधिकृत देवबहादुर चन्दले जानकारी दिनुभयो। उहाँका अनुसार मध्यपहाडी राजमार्ग र राप्ती राजमार्गको सङ्गमस्थलमा आकस्मिक रूपमा सवारी जाँच गरिएको थियो। त्यस क्रममा १० वटा बस तथा मिनीबस भेटिएको र जाँचको क्रममा १० वटै कारबाहीमा परेको उहाँले बताउनुभयो।

यात्रुवाहक बसहरूमा यान्त्रिक परीक्षण ठिक नभएको, अनुमतिबिनै छत तथा सबटप जडान गरेको समस्या देखिएपछि कारबाही गरेको चन्दले जानकारी दिनुभयो। अन्यलाई लाइसेन्स साथमा नभएको, कागजात नवीकरण नभएका कारण कारबाही गरिएको प्रशासकीय अधिकृत चन्दले बताउनुभयो। रुकुमपश्चिमको जिल्ला सदरमुकाम मुसीकोट, रुकुमपूर्वको रुकुमकोटबाट सल्यान हुँदै दाङ, नेपालगञ्जतर्फ जाने र आउने सवारीसाधनको जाँच गरिएको हो।

छड्के जाँचको क्रममा ८१ वटा विभिन्न सवारीसाधनको जाँच गरिएको र त्यसमध्ये १८ वटा सवारीसाधन कारबाहीमा परेका हुन्। १० वटा बस तथा मिनीबस, छ वटा जिप तथा कार, दुई वटा ट्याक्टर, सात वटा अटो, एक वटा टिप्पर र ५५ वटा मोटरसाइकल जाँच गरिएको हो।

प्रशासकीय अधिकृत चन्दले कारबाही परेका सवारीसाधनबाट जरिबाना गर्दा १९ हजार पाँच सय रुपियाँ राजस्व असुल भएको बताउनुभयो। सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले राजमार्गमा चल्ने सवारीसाधनले लापर्बाही गरेको पाइएको बताउनुभयो।

सयौँ सर्वसाधारण ओसारपसार गर्ने यातायातका साधन जथाभाबी चलाउँदा दुघर्टनाको जोखिम हुने भएकाले दुरुस्त अवस्था र नियमानुसार मात्र चलाउन सन्देश दिन छड्के जाँच गरिएको हो। यस कार्यले सवारीधनी, चालक र यात्रु सबैलाई फाइदा हुने सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताउनुभयो। आगामी दिनमा पनि छड्के जाँच निरन्तर हुने उहाँले बताउनुभयो।


**नेपाल विद्युत् प्राधिकरण**
**ट्रान्सफर्मर वर्कसप शाखा**
**खरिपाटी, भक्तपुर**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१।०२।११

| क्र.सं. | दरभाउपत्र नं. | छनोट भएको दरभाउपत्रदाता | कबोल अंक (भ्याटसहित)रु. |
|---|---|---|---|
| १ | PROK–TWB–SQ–2080/81–12 | श्री आर.पि. कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि.। | ७,१७,२०६।४८ |

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित**
**ख्वप कलेज**
**देकोचा, भक्तपुर–६, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति २०८१।०२।११ गते, फोन नं. ६६१०९३२, ६६१८०३१**

ख्वप कलेज सञ्चालक समितिको निर्णय अनुसार कलेजमा भर्ना हुने विद्यार्थीहरूको लागि आवश्यक पोशाक कपडा तथा पोशाकसँग सम्बन्धित सामाग्रीहरू खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यवसायी, उत्पादनकर्ता तथा आपूर्तिकर्ताहरूमा सिलबन्दी बोलपत्र आह्वानको सूचनामा प्रकाशित गरिएको छ। फाराम दर्ता गर्ने अन्तिम मिति २०८१ आषाढ १० गते १२:०० बजे सम्म। बोलपत्र खोल्ने मिति २०८१ आषाढ १० गते दिउँसो १:०० बजे।

| S. N. | Item Name & Description | Contract Indification No. | Bidding Document Fee | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | Procurement of Supply and Delivery of uniform cloth and other goods | | NRs. 3000/- | NRs. 48000/- |

BINAYTARA FOUNDATION

**Expression of Interest for Implementation of a Cancer Hospital in Madhesh Province**

The **Binaytara Foundation** (www.binayfoundation.org) (BTF) was established by Dr. Binay Shah and his wife, Tara Shah, with the goal of promoting health and education in underprivileged societies. Founded in 2007 in the USA, BTF is a non-political, non-sectarian, non-governmental, non-profit humanitarian organization dedicated to furthering welfare, social, and development activities in Nepal, particularly in the health sector with a focus on cancer care.

BTF has completed a General Agreement with the Social Welfare Council and is now seeking expressions of interest (EOI) from qualified non-governmental organizations (NGOs) to implement a Cancer Hospital in Madhesh Province, based in Dhanusha District, Nepal. The following documents are to be submitted as part of the EOI:

- Cover Letter
- NGO Constitution/Parbhandah Patra/Niyamabali
- Latest annual report
- PAN registration
- Certificate of Affiliation with the Social Welfare Council
- Audited accounts of the 3 most recent years
- Minimum 3 years of work experience in the cancer treatment sector
- NGO Profile (Maximum 3 pages)
- A list of Board Members
- Registration with the latest renewal
- Latest tax clearance certificate

Interested NGOs are requested to send their EOI to **elizabeth.g@binayfoundation.org** within two weeks of the publication of this notice. Local NGOs with experience in cancer care are highly encouraged to apply. Canvassing at any stage of the process shall lead to automatic disqualification. No telephone inquiries will be entertained. Binaytara Foundation's decision on the selection of a partner NGO will be final.

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**
**प्रकाशित मिति : २०८१।२।११** **मुद्दा शाखा, मुद्दा नं. ०८०-DR-०३११**

वादी **ग्लोबल आइएमई बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।११।८ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।१।३० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेस गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।

देव कृष्ण बादेकी बुहारी, हृदय कृष्ण बादेकी पत्नी, सुर्य दास श्रेष्ठकी छोरी, काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. २९ नागरिकताको र परिवर्तित ऐ.ऐ. वडा नं. २६ भई जमानत तमसुक अनुसार हाल काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ४ ठेगाना हुनुभएकी वर्ष ४४ की जमानतकर्ता **सजना श्रेष्ठ** (ना.प्र.नं.१९, जारी मिति २०५८।४।१, मकवानपुर) ... १

हिरालाल कर्माचार्यको नाति, देवलाल कर्माचार्यको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला गा.वि.स. वडा नं. ९ नागरिकताको र परिवर्तित ऐ. बनेपा न.पा. वडा नं. ४ ठेगाना हुनुभएका वर्ष ४९ का जमानतकर्ता **सानु बाबु कर्माचार्य** (ना.प्र.नं. ४४८४३/१६६८, जारी मिति २०४९।९।२८, काभ्रेपलाञ्चोक) .... १

धर्मलाल बादेको नाति, देवकृष्ण बादेको छोरा, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ४ नागरिकताको र कर्जा तमसुक अनुसार ऐ.ऐ. वडा नं. ५ पुलबजार परिवर्तित ऐ.ऐ. वडा नं. १० पुलबजार ठेगाना हुनुभएका वर्ष ४९ का ऋणी **हृदयकृष्ण बादे** (ना.प्र.नं. ३७८१०, जारी मिति २०४८।१।११, काभ्रेपलाञ्चोक) ... १

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**
**प्रकाशित मिति : २०८१।२।११** **मुद्दा शाखा, मुद्दा नं. ०८०-DR-०१९०**

वादी **एनआइसी एशिया बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।९।२ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।२।४ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेस गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बर्दियामा प्रा.फ.र.नं./बर्दिया १५४/१४८२/०६८/०६९ अन्तर्गत मिति २०६८।६।२९ मा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ परिवर्तित ऐ. बढैयाताल गा.पा. वडा नं. ८ स्थित ऋणी **बर्दिया एल.पि. ग्याँस स्टोर्स** ... १

लिलाधर अधिकारीको नाति, जगत प्रसाद अधिकारीको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५ परिवर्तित नवलपरासी (बर्दघाट, सुस्तापूर्व) जिल्ला, कावासोती न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने वर्ष ५० को व्यक्तिगत जमानीकर्ता **केदार नाथ अधिकारी** (ना.प्र.नं.४९८३, जारी मिति २०५४।३।१८, नवलपरासी) ... १

जगत प्रसाद अधिकारीको नाति, केदार नाथ अधिकारीको छोरा, बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ परिवर्तित ऐ. बढैयाताल गा.पा. वडा नं. ८ बस्ने वर्ष ३० को व्यक्तिगत जमानीकर्ता **गणेश अधिकारी** (ना.प्र.नं. ६५-०१-७३-०१६४०, जारी मिति २०७३।२।२७, बर्दिया) ... १

उमानाथ काफ्लेकी छोरी, जगत प्रसाद अधिकारीकी बुहारी, केदार नाथ अधिकारीकी पत्नी, नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५ परिवर्तित नवलपरासी (बर्दघाट, सुस्तापूर्व) जिल्ला, कावासोती न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने वर्ष ४६ की व्यक्तिगत जमानीकर्ता **एकुमाया अधिकारी** (ना.प्र.नं.३०७८२, जारी मिति २०५९।१०।२९, नवलपरासी) .... १

मोहन दत्त शर्माकी छोरी, केदार नाथ अधिकारीकी बुहारी, गणेश अधिकारीकी पत्नी, बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ परिवर्तित ऐ. बढैयाताल गा.पा. वडा नं. ८ बस्ने वर्ष २४ की व्यक्तिगत जमानीकर्ता **शोभा शर्मा** (ना.प्र.नं. ६५-०१-७४-०३३३७, जारी मिति २०७४।४।१८, बर्दिया) ... १

# जनता आवास कार्यक्रमका घर उपयोगविहीन


तस्बिर : राधा नेपाली

जनता आवास कार्यक्रमका निर्माण सम्पन्न घर ।

**राधा नेपाली**
*सन्धिखर्क, जेठ १० गते*

भूमिहीन, सुकुमवासी तथा प्रकोपबाट पीडित भई घरबारविहीन परिवारका लागि निर्माण भएका घरमा बस्न स्थानीयले रुचि नदेखाएपछि करोडौँका घर उपयोगविहीन भएका छन् ।

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाले जनता आवास कार्यक्रम अन्तर्गत निर्माण गरेका १० वटा घरमध्ये छ घर एक वर्षदेखि खाली छन् । स्थानीय सरकारसँगको समपूरक बजेटको ५० र पालिकाको ५० प्रतिशत बजेटमार्फत चार करोड रुपियाँ लगानीमा ती घर निर्माण भएका हुन् ।

प्लास्टर गरिएका सुविधासम्पन्न घरमा पानी, बत्ती र शौचालयको व्यवस्था छ । सबै घरमा सोलार जडान गरिएको छ । हरियाली वातावरण र खुला ठाउँमा घर निर्माण भएका छन् । साना चिटिक्क र रङरोगन गरिएका घर हेर्दा निकै आकर्षक छन् । छत्रदेव गाउँपालिका–६, चौवाहामा ४२ रोपनीमा घर निर्माण भएका छन् । घरसहित दुई रोपनी जग्गा उपलब्ध गराउने व्यवस्था भए पनि उक्त व्यवस्था कार्यान्वयन हुन सकेको छैन ।

सुकुमवासी भए पनि आफ्नै घरमा बस्न रुचाउने भएकाले स्थानीयले खासै रुचि नदेखाएको वडा नम्बर ६ का वडाध्यक्ष कमलप्रसाद पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "मान्छेहरू आफू बसेको घर झट्ट छोड्न नमान्दा रहेछन् । सुकुमवासी भए पनि घर छोड्न गाह्रो हुँदो रहेछ । मापदण्डमा परेका परिवार निःशुल्क बस्न पाउँछन् । नेपाल सरकारको भूमिहीन सुकुमवासी र आवासविहीनलाई जग्गा र बास उपलब्ध गराउने संवैधानिक व्यवस्था अनुसार घर र जग्गा उपलब्ध गराइन्छ ।"

दुई वटा कोठा र एउटा भान्साकोठासहितको घरमा छ सदस्यसम्मको परिवार बस्न मिल्छ । छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले भन्नुभयो, "मापदण्ड नपुगेका कारणले पनि घर बस्न आउनु भएको छैन । मापदण्ड पूरा हुन नसकेकालाई बसाल्ने कुरा भएन । उहाँले प्राकृतिक प्रकोपबाट पीडित भई घरबारविहीन भएकालाई पनि समेट्ने प्रयास गरेको र यो कार्यक्रम प्रभावकारी हुन्छ भन्ने विश्वास गरेको बताउनुभयो ।

# चुरे क्षेत्रको बाढी जोखिम कम गर्न ध्यानाकर्षण

**बुटवल समाचारदाता**
*बुटवल, जेठ १० गते*



बुटवलका विभिन्न स्थानमा चुरे क्षेत्रको बाढीबाट हुन सक्ने क्षति व्यवस्थापनका लागि बुटवल उपमहानगरपालिकाको ध्यानाकर्षण गराइएको छ । वर्षाको दिन नजिक आउँदै गरेकोले बुटवल उद्योग वाणिज्य सङ्घले बुटवलका विभिन्न स्थानमा यो वर्षको बाढीको जोखिम रहेकोले समयमै व्यवस्थापनका लागि बुटवल उपमहानगरको ध्यानाकर्षण गराएको जनाएको छ ।

केही दिनअगाडि बुटवलमा मुसलधारे वर्षाका कारण आएको बाढी पश्चिम नेपाल बस व्यवसायी प्रालि, रुपन्देही उद्योग सङ्घ र राष्ट्रिय समाचार समितिको लुम्बिनी प्रदेश कार्यालय हुँदै बुटवल बजारको मुख्य व्यापारिक क्षेत्र अमरपथको मूल सडकमा पस्दा अधिकांश पसलमा ठुलो धनमालको नोक्सानी भएपछि सङ्घले समयमै बाढीको जोखिम व्यवस्थापनको लागि आग्रह गरेको हो ।

बुटवलको बमघाटमाथिको चुरे पहाड र गोलपार्क क्षेत्रको वर्षाको पानीको निकास सानो खोल्साबाट हुँदै आएको तर त्यो निकास क्षेत्र अब सानो भएकोले जोखिमको समयमै व्यवस्थापन गर्न सङ्घले आग्रह गरेको हो । बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद अर्यालले बुटवल उपमहानगर प्रमुख खेलराज पाण्डेयलाई ध्यानाकर्षणपत्र बुझाउँदै बुटवलको चुरे क्षेत्रबाट आउने वर्षायामको पानीको व्यवस्थापन गर्न सकिएन भने बुटवलको मुख्य बजार हिउँदयाममा नदी किनारमा बनाइने अस्थायी बजार जस्तै हुने अवस्था रहेको बताउनुभयो ।

उहाँले बुटवलका कलभर्ट र नाली साँघुरिँदै गएको तर बाढीको जोखिम बढ्दै गएकोले बुटवलका विभिन्न स्थानमा बाढी आएको अवस्थामा समस्या पर्ने बताउनुभयो । सरकारको कर, राजस्व, बहाल कर, व्यवसाय कर र सम्पत्ति करका साथै आयकरसँगै रोजगारीमा समेत प्रभावित पार्ने भएकाले समयमै त्यसको व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ ।

उहाँले बमघाट क्षेत्रबाट पुल्चोकपूर्व आएपछि ठाउँ ठाउँका खोल्सामा 'ड्याम' बनाई माथिबाट आउने माटो, ढुङ्गामुढासमेतका वस्तु थिग्रने र पानीको गतिलाई कम गराउन सक्ने भएकोले अहिले नै ती स्थानको निकास ठुलो गराउन आग्रह गर्नुभयो ।

बाढीका कारण मुख्य बजार क्षेत्रमा हुने क्षतिका कारण आर्थिक मन्दीको मारमा परेका व्यवसायीलाई विशेष राहतका साथै घरदैलोको स्थानीय सरकारले लिँदै आएको कर तथा राजस्व छुटको घोषणा गर्नसमेत सङ्घले माग गरेको छ । बुटवल उपमहनगर प्रमुख खेलराज पाण्डेयले सङ्घले उठाएका कुरामा आफू सकारात्मक रहेको र यी समस्या समाधानका लागि हरसम्भव प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# नतिजामा धाँधली गर्ने पाँच जना पक्राउ

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ १० गते*

बाँकेको कोहलपुरमा कक्षा ८ को विद्यार्थी उत्तीर्ण दर कमजोर आउने देखिएपछि परीक्षार्थीको वास्तविकभन्दा धेरै प्राप्ताङ्क कम्प्युटरमा प्रविष्ट गरेर परीक्षाफलमा गडबडी गर्ने पाँच जनालाई प्रहरीले पक्राउ गरेर अनुसन्धान सुरु गरेको छ ।

उत्तीर्ण दर उच्च देखाउन नगरपालिकाको शिक्षा शाखा प्रमुखकै संलग्नतामा अनियमितता गरेको शङ्का लागेपछि नगरपालिकाले छानबिन समिति नै गठन गरेर अध्ययन गर्दा अनियमितता पुष्टि भएको थियो ।

छानबिन समितिको प्रतिवेदन अनुसार नगरपालिकाभित्रका विद्यालयका परीक्षकले आफ्ना विद्यार्थीको उत्तरपुस्तिका आफैँ परीक्षण गरेको, विद्यार्थीको प्राप्ताङ्कभन्दा बढी अङ्क कम्प्युटरमा प्रविष्ट गरेको, शाखा अधिकृतको कार्यकक्षमा बसेर शिक्षण सिकाइ सहजकर्ताले नयाँ कपी थप गरी प्रश्न हल गरेको, कतिपयको बाहिरी र भित्री पाना साटिएकोलगायतका अनियमितता फेला परेको थियो । प्रतिवेदनका आधारमा दोषी देखिएका १५ जनामध्ये १२ जनाको नाममा २०८१ साल जेठ १ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा मुद्दा दर्ता भएको थियो ।

इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख डिएसपी धर्मराज भण्डारीले आभासविक्रम क्षेत्री, उमेश केसी, कुवेर ढकाल, शिक्षण सहजकर्ता रोमिना खत्री र रमेशकुमार थारू पक्राउ परेको जानकारी दिनुभयो । उहाँले सो अनियमिततामा संलग्न अन्य व्यक्ति पनि केही दिनमै पक्राउपर्ने बताउनुभयो । २०८० साल चैत २ देखि ९ सम्म कक्षा ८ को परीक्षा सुरु भएको थियो भने चैत २३ गते नतिजा प्रकाशन भएको थियो । कोहलपुर नगरपालिका क्षेत्रभित्रका सामुदायिक र संस्थागत गरी ५२ विद्यालयका दुई हजार ८६४ जना विद्यार्थीले फारम भरेकोमा ५३ जना अनुपस्थित भएको र दुई हजार ८११ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए ।

परीक्षामा संस्थागततर्फ ६९.८७ प्रतिशत उत्तीर्ण भएका थिए भने सामुदायिकतर्फ १४.८० प्रतिशत उत्तीर्ण भएका थिए । नतिजा धेरै देखाउन नक्कली काम गरेको पुष्टि भएपछि कोहलपुर नगरपालिकाले शिक्षा शाखा प्रमुख रामबहादुर हमाललाई काज फिर्ता गर्ने, शिक्षा शाखा अधिकृत सातौँ रविलाल मिजारलाई निलम्बन गर्ने तथा शिक्षा शाखा सहायक पाँचौँ बलबहादुर नेपाली र कार्यालय सहयोगी भरत थारूलाई विभागीय कारबाही गर्ने निर्णय गरिसकेको छ । परीक्षाफलमा गडबडी गरिएको आशङ्कापछि कोहलपुर नगरपालिका–१२ का वडाध्यक्ष वीरेन्द्रकुमार शाहको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति बनेको थियो ।

# बालविवाह अन्त्य गर्न बरघरको भूमिका सहयोगी

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ १० गते*

थारू समुदायमा बालविवाह न्यूनीकरण अभियानलाई प्रभावकारी बनाउन बरघरसँग साझेदारी गरेर अगाडि बढ्नुपर्नेमा विशेष जोड दिइएको छ ।

थारू आयोगले नेपालगन्जमा प्लान इन्टरनेसनल नेपालसँगको सहकार्यमा आयोजित 'बालविवाह न्यूनीकरणमा बरघरको भूमिका विषयक' प्रादेशिक गोष्ठीमा सहभागी बाँके, बर्दिया, सुर्खेत र दाङका बरघर थारूलगायतले समुदायमा व्याप्त रहेको बालविवाह, भागी विवाह, चाँडो विवाह अन्त्यका लागि बरघरको भूमिका महत्त्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो ।

उहाँहरूले बालविवाह न्यूनीकरण गर्नका लागि बनेका ऐन, कानुन प्रभावकारी नहुँदा समाजका कुसंस्कार, कुरीतिका रूपमा रहेको बालविवाहको अन्त्य हुन नसकेको औँल्याउनुभयो । कार्यक्रममा आफ्ना धारणा राख्दै थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले बालविवाह न्यूनीकरण गर्न बरघर ऐन आवश्यक रहेको बताउनुभयो ।

थारू समुदायमा व्याप्त रहेको बालविवाह, चाँडै हुने विवाहको अन्त्यका लागि बरघरको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने भन्दै अध्यक्ष चौधरीले बरघर ऐन पारित गरेर बालविवाह न्यूनीकरण गर्न भूमिका खेल्न स्थानीय निकायसँग आग्रह गर्नुभयो ।

आयोगका अध्यक्ष चौधरीले देशका अन्य भागको तुलनामा थारू समुदायमा चुनौती बनेको बालविवाह र दाइजो प्रथा जस्ता सामाजिक विकृति अन्त्य गर्न सबैले सामूहिक रूपमा लाग्न जरुरी रहेको बताउनुभयो ।

बालविवाहका कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी समस्या देखिने, लैङ्गिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता हिंसाले बालिका थप पीडामा पर्ने गरेको अध्यक्ष चौधरीले बताउनुभयो । थारू आयोगका सदस्य सुवोधसिंह थारूले बालविवाह अन्त्यका लागि थारू आयोगले हर प्रकारको सहयोग गर्ने बताउनुभयो ।

राप्ती सोनारी गाउँपालिकाका उपाध्यक्ष मनीषा थारूले धार्मिक सोच र अन्धविश्वासले छोरीचेलीको विवाह छिटो गरिदिने समाजको चरित्र औँल्याउँदै थारू समाजमा छोरीको शिक्षामा लगानी गर्न नखोज्नुको पछाडि धार्मिक तथा सामाजिक कारण रहेको बताउनुभयो । बर्दिया राजापुर शान्तिनगरकी बरघर शान्ति चौधरीले सामाजिक सञ्जालका कारण बालविवाहको घटना बढ्दो रहेको अनुभव सुनाउँदै सानो उमेरमा विवाह गर्दा जीवनमा धेरै कठिनाइ हुने भएकोले सचेतना आवश्यक रहेको बताउनुभयो ।

प्लान इन्टरनेसनल नेपालका पश्चिम क्षेत्रीय कार्यालय सुर्खेतका प्रबन्धक मीना पराजुलीले बरघरले समाजको हितका लागि सामूहिक निर्णय लिने भएकाले थारू समाजमा रहेको बालविवाह न्यूनीकरणका लागि बरघरको भूमिका अहम् हुने हुँदा बालविवाह अन्त्यका लागि सहकार्य गरिएको बताउनुभयो ।

# भारत पुऱ्याइएका छ जना बालकको उद्धार

**भैरहवा समाचारदाता**
*भैरहवा, जेठ १० गते*

विभिन्न बहानामा नेपालबाट भारत पुऱ्याइएका छ जना बालकको सकुशल उद्धार गरी स्वदेश फिर्ता गरिएको छ । मानव बेचबिखनविरुद्ध लामो समयदेखि काम गर्दै आएको संस्था 'किन इन्डिया' ले विभिन्न सङ्घ संस्थाको सहयोगमा १३ देखि १७ वर्षका ती बालकको उद्धार गरी भैरहवा ल्याएको हो । उद्धार गरिएका बालकहरू कपिलवस्तु, अर्घाखाँची, प्युठान, गुल्मी, गोर्खा, र खोटाङका रहेका छन् ।

'किन इन्डिया' का निर्देशक नवीन जोशीले उद्धार गरिएका बालकमध्ये तीन जना बालकलाई बालश्रमिक बनाइएको र जोखिमपूर्ण काम गर्न बाध्य बनाइएको अवस्थामा उद्धार गरिएको जानकारी दिनुभयो ।


शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र
बाँसबारी, काठमाडौँ
**बोलपत्र संशोधन सम्बन्धी सूचना**
प्रकाशन मिति : २०८१/२/११

यस केन्द्रबाट गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित **Supply And Delivery Of Radiofrequency (RF) Generator And Portable Echocardiography Machine** (IFB No SGNHC/ICB/080/81/31) सम्बन्धी बोलपत्रको Technical Specification मा सामान्य हेरफेर गरिएकोले सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस सम्बन्धी विस्तृत जानकारी सार्वजनिक खरीद अनुगमनको वेभसाईट **https://www.bolpatra.gov.np/egp** मा हेर्न सकिनेछ ।


## महिलालाई आत्मनिर्भर बनाउन प्रविधिसहितको तालिम

**खजुरा समाचारदाता**
*खजुरा, जेठ १० गते*

बाँकेका विभिन्न पालिकाका महिलालाई आत्मनिर्भर बनाउन सिप प्रदान गर्ने उद्देश्यले प्रविधिसहितको तालिम सञ्चालन गरिएको छ । घरेलु तथा साना उद्योग कार्यालय बाँकेको आयोजनामा बाँकेको कोहलपुर नगरपालिका, राप्तीसोनारी गाउँपालिका र नरैनापुर गाउँपालिकाका पिछडिएका, आदिवासी जनजाति, दलित, मुस्लिम तथा मधेशी महिलाका लागि बुधबारदेखि एकमहिने प्रविधिसहितको एड्भान्स सिलाइकटाइ तालिम सञ्चालन गरिएको हो ।


Nepal Electricity Authority
Koshi Province, Provincial Office, Biratnagar, Morang
**INVITATION FOR BIDS**
National Competitive Bidding
Notice Publication Date : 2081/02/11

| S.N. | Name of Office | IFB No./ Notice No. | IFB Name/ Job Description | Estimated Amount (NRs) with VAT |
|---|---|---|---|---|
| 1. | Koshi Province, Provincial Office, Biratnagar, Phone No- 021-437150 biratnagar.ro@nea.org.np | NEA-KPO-SSE-2080/81-23 | Supply, Delivery, Installation, Testing & Commissioning of Battery Bank and Capacitor Unit at Various Substations. | --------- |

For more details please visit PPMO website : www.bolpatra.gov.np/egp

१. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना : अनारमनी वितरण केन्द्र, Phone No.: 023-531594

| सि.नं. | बोलपत्र/दरभाउपत्र नम्बर | छनोट भएका बोलपत्र/दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर समेत) |
|---|---|---|---|
| 1 | NEA-ANM-2080/081-01(NCB) | श्री शेरजङ्ग विल्डर्स, भञ्ज्याङ ०९, इलाम । | १८,१०,२८६।८४ |
| 2 | NEA-ANM-2080/081-08 Re(SQ) | श्री बोधबन्धु निर्माण सेवा, बिर्तामोड ०५, झापा । | १०,७४,६१४।१८ |

Government of Nepal (GoN)
Ministry of Health & Population
**Bhaktapur Cancer Hospital**
Dudhpati, Bhaktapur
***Invitation for Bids***
*Date of publication: 2081/02/11*

**Bhaktapur Cancer Hospital (BCH)** invites electronic bids from eligible bidders for the following bids under Sealed Quotation Procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| IFB No. | Description | Document Fee | Bid Security |
|---|---|---|---|
| BCH/GOODS/ SQ/080/81/01 | Procurement of Portable Ultrasound Machine | NRs. 1000.00 | NRs. 51,000.00 |

Trishuli Jal Vidhyut Company Limited
**Notice of Price Bid Opening**
Date of Publication: 11 Jestha, 2081 (24 May 2024)

It is notified that the following Bidders have been determined Substantially Responsive in Technical Bid Evaluation for Lot 1 Civil Works of Upper Trishuli 3B Hydroelectric Project (37 MW), Contract Identification No.: TJVCL/NCB/080/81/ CIVIL-01 pursuant to Clause 25.6 & 25.8 of Instruction to Bidders (ITB) of the bidding documents and Rule no. 31-h (5) of Public Procurement Regulation 2064. Price Bid of Substantially Responsive Bidders shall be opened at the time and date mentioned below:

| S.No. | Substantially Responsive Bidders | Price Bid Opening Details |
|---|---|---|
| 1 | M/S Waiba Infratech Pvt. Ltd, Bijeshwari Marga, Swayambhu-15 Kathmandu, Nepal | Date: 18 Jestha 2081 (31 May 2024) Time : 14: 00 hours Venue: Trishuli Jal Vidhyut Company Limited, Banasthali, Kathmandu |
| 2 | M/S High Himalaya Hydro Construction Pvt. Ltd. Manbhawan, Lalitpur, Nepal | |
| 3 | M/S SAI-RSC Joint Venture, Balkumari, Kathmandu, Nepal | |
| 4 | M/S CE Construction Pvt. Ltd. Ward no: 25, New Road, Kathmandu, Nepal | |
| 5 | M/S Tundi Construction Pvt. Ltd. Santibasti, Sanepa -3, Lalitpur, Nepal | |
| 6 | M/S Fewa Construction Pvt. Ltd. Parsang, Pokhara -6, Nepal | |

Authorized representative from the above Substantially Responsive Bidders are requested to attend the Price Bid Opening.

**Trishuli Jal Vidhyut Company Limited**
**Banasthali, Kathmandu**
Tel: +977- 01- 5902964
Email: tjcl2068@gmail.com
Website: www.trishulijalvidhyut.com.np
www.tjvcl.com


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**भक्तपुर क्यान्सर अस्पताल**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
प्रकाशित मिति: २०८१/०२/११

**यस अस्पतालले अप्रेशन थियटरसंग सम्बन्धित कार्यहरु गर्ने सम्बन्धि मिति २०८०/११/११ गतेको गोरखापत्र दैनिकमा प्रकाशित विभिन्न ठेक्का नं.का सुचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही तपशील बमोजिमको बोलपत्रहरु स्वीकृतिको लागी छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागी सूचना प्रकाशित गरिएको छ ।**

| सि. नं. | ठेक्का नं. | कार्य विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु. अ. कर सहित ) |
|---|---|---|---|---|
| 1 | BCH/GOODS/NCB /080/81/02 | Procurement of OT Table | The Medical Solution, Kathmandu | NPR. 39,55,000.00 |
| 2 | BCH/GOODS/NCB /080/81/03 | Procurement of OT Light | Everest Line, Lalitpur | NPR. 17,99,999.00 |
| 3 | BCH/GOODS/NCB /080/81/04 | Procurement of Anesthesia Workstation | General Medical Suppliers, Lalitpur | NPR. 69,90,180.00 |

## बेहाल जिल्ला अस्पताल

# जीर्ण भवन र जनशक्ति अभाव



निर्माणाधीन जिल्ला अस्पताल भवन मनाङ ।

**यदुप्रसाद भट्ट**
*मनाङ, जेठ १० गते*

साढे तीन दशकअघि (२०४६ साल फागुन १९) गते निर्माण सम्पन्न भई सेवा प्रदान गर्दै आएको मनाङको जिल्ला अस्पताल यति बेला बेहाल अवस्थामा पुगेको छ।

दुर्गमका जनतालाई प्राथमिक उपचार दिने उद्देश्यले सञ्चालन गरिएको अस्पतालको भवन जीर्ण भएपछि नयाँ भवन निर्माण गर्ने सम्झौता भएको थियो। नयाँ भवन निर्माणका लागि १४ करोड रुपियाँ लागतमा ओम बुद्ध/बुद्ध जेवी कम्पनीले २०७६ सालमा ठेक्का सम्झौता गरेको थियो। अस्पताललाई १५ शय्यामा स्तरोन्नति गरेर जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य रहे पनि प्रदेश सरकारले चार वर्षको बिचमा तीन पटक म्याद थप गर्‍यो। तैपनि निर्माण सम्पन्न हुन सकेको छैन। ठेकेदारले बेलैमा निर्माण सम्पन्न नगर्दा सामान्य रोगका लागि पनि दुर्गमका बिरामीले सास्ती खेप्नु परेको छ।

सामान्य उपचारका लागि पनि हेलिकोप्टरको सहारा लिनुपर्ने वा जिल्लाबाहिरका सुविधासम्पन्न अस्पताल धाउनुपर्ने बाध्यताबाट मनाङी जनताले मुक्ति पाएका छैनन्। ओम बुद्ध/बुद्ध जेवी कम्पनीका ठेकेदार अनिल घिमिरेले आर्थिक रूपमा ८० र भौतिक रूपमा ९८ प्रतिशत काम सम्पन्न गरेको दाबी गर्नुभयो तर उहाँको यो भनाइ मान्न तथा पत्याउन तयार छैनन् मनाङी जनता । ठेकेदार घिमिरेले रङरोगन तथा टायल बिच्छ्याउने कार्य भइरहेको जानकारी दिनुभएको छ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले २०७५ सालदेखि गण्डकी प्रदेश अन्तर्गत रही सञ्चालन हुँदै आएको अस्पतालबारे भर्खरै मात्र प्रदेश पुगी आफ्ना समस्याबारे जानकारी गराएको जानकारी दिनुभयो । उहाँले प्रदेश स्वास्थ्य सचिवबाट दुर्गममा जनसङ्ख्या कम हुने भएकाले जिल्लामा एउटै मात्र सुविधासम्पन्न अस्पताल बनाउनुपर्ने र जसरी भए पनि निर्माण सम्पन्न गरी नयाँ भवनबाट सेवा सुरु गर्नुपर्ने बताउनुभयो। अध्यक्ष घलेले भौतिक रूपमा कार्यप्रगति मूल्याङ्कन गरेर यही असार मसान्तसम्ममा नयाँ भवनबाट अस्पतालले सेवा दिनेमा आफू विश्वस्त रहेको बताउनुभयो । घलेकै पालिकामा बन्न लागेको जिल्ला अस्पतालको नयाँ भवन निर्माण समितिमा उहाँ सदस्य हुनुहुन्छ भने उहाँकी श्रीमती सुनिता घले अस्पताल व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्छ।

यता अस्पतालकी निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. भारती मेहताले मुख्य ठेकेदार र स्थानीय (पिटी) ठेकेदारको बिचमा आन्तरिक कुरा नमिल्दा अस्पताल भवन निर्माणले तीव्रता पाउन नसकेको बताउनुभयो । अस्पतालको तर्फबाट पनि आफूले धेरै नै पहल गरेको उहाँको दाबी छ । डा. भारती पनि असार मसान्तभित्र अस्पताल निर्माण सम्पन्न भइसक्नेमा आशावादी रहेको बताउनुहुन्छ। उहाँले अस्पतालको नयाँ भवन मात्र नभई अन्य कुरा पनि नहुँदा समस्यै समस्या रहेको बताउनुभयो। उहाँले भन्नुभयो, “भवन मात्रै भएर के गर्नु ? दुर्गममा दरबन्दी अनुसारको दक्ष जनशक्ति पनि हुनुपर्‍यो नि !” सरकारले मनाङ जिल्ला अस्पतालका लागि १८ जनाको स्थायी दरबन्दी तोकेको छ तर हाल सो अस्पतालमा पाँच जना मात्र कार्यरत छन् । १३ जनाको दरबन्दी खाली छ। सरकारले हालसम्म सो दरबन्दी पूरा गर्न सकेको छैन।

डा. भारतीका अनुसार भएका दरबन्दीमा दक्ष जनशक्ति छैन। दुई सिफ्ट गरेर काम गराउने वातावरण पनि छैन । दुर्गममा कर्मचारी आउनै मान्दैनन् । उहाँले थोरै जनशक्तिबाट धेरै काम गर्नुपरेको गुनासो गर्नुभयो । डा. भारतीले प्रतिप्रश्न गर्नुभयो, “अन्य अस्पतालको वार्षिक आम्दानी पाँच करोडभन्दा बढी हुन्छ। हाम्रोमा २० रुपियाँको टिकटले मुस्किलले वर्षमा दुई लाख उठ्छ। कसरी कर्मचारीलाई भत्ता व्यवस्थापन गर्ने ? जिल्लाभरि नै सशुल्क फार्मेसी छैन। सरकारले दिने ९८ प्रकारका निःशुल्क औषधीबाट जिल्ला अस्पताल चलाउनु परेको छ ।” उहाँले प्रदेश सरकारसँग सशुल्क फार्मेसीका लागि माग गरेको बताउनुभयो।

साहसिक पदयात्राको प्रवेशद्वार चामेमा अवस्थित अस्पतालले विदेशी तथा स्वदेशी पर्यटकलाई पनि स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। प्रत्येक वर्ष लेक लागेर अकालमा हुने मृत्यु दर घटाउन अस्पतालको निकै ठुलो भूमिका छ तर नयाँ भवन दक्ष जनशक्तिका कारण निर्माणाधीन जिल्ला अस्पताल आफैँ थला परेको छ।

## सय वर्ष पुरानो चौतारी पुनर्निर्माण

**म्याग्दी समाचारदाता**
*म्याग्दी, जेठ १० गते*

हिमाली जिल्ला म्याग्दीको मङ्गला गाउँपालिका–२, खुम्लियामा रहेको एक सय वर्ष पुरानो चौतारीको पुनर्निर्माण तथा संरक्षण थालिएको छ। बेनी–दरबाङ सडकखण्डको सिमदेखि कुहुँ हुँदै टोड्के जोड्ने सडकखण्डको खुम्लियामा रहेको उक्त पुरानो चौतारीको पुनर्निर्माण तथा संरक्षणमा स्थानीय युवाले चासो दिएका छन्। जीर्ण अवस्थामा रहेको चौतारीलाई नयाँ स्वरूपमा मर्मत र वरपिपल रोप्ने अभियान पनि सुरु गरिएको छ।

स्वर्गीय मानबहादुर घर्तीमगरले निर्माण गर्नुभएको उक्त चौतारी जीर्ण भएको र पिपलको रुख सुकेपछि प्रयोगविहीन बनेकाले खुम्लिया युवा क्लबको सक्रियता तथा चौतारी निर्माण गर्ने घर्तीका परिवारको अग्रसरतामा पुनर्निर्माण सुरु गरेको क्लबका उपाध्यक्ष तेजेन्द्र आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, “चौतारी पुनर्निर्माणपछि वर र पिपलको बोट सार्ने र वरपिपलका साथै चौतारीको पनि उचित संरक्षण र संवर्धन गरिने छ।”

चौतारीको पुनर्निर्माण मानबहादुरको परिवारले गर्ने तथा प्रतीक्षालयसहितका संरचना क्लबले बनाउने भएको छ । खुम्लियाका ७९ वर्षीय हरिबहादुर घर्तीमगरले तत्कालीन समयमा भरिया र बटुवा, घाँसदाउराका लागि वनजङ्गलमा जाने स्थानीयवासीलाई लक्षित गरेर चौतारी निर्माण भएको बताउनुभयो। उहाँले भन्नुभयो, “म जन्मनुभन्दा २५ वर्षभन्दा पहिल्यै यो चौतारी बनेको भन्ने सुनेको हो, म त अहिले ८० पुग्दै छु भने अब पहिलाका मान्छे बाँकी रहने कुरा भएन, चौतारी झन्डै १०५ वर्ष पहिला बनेको मान्न सकिन्छ।”

## चार महिनामा तीन पाटेबाघको मृत्यु

**नवलपुर समाचारदाता**
*नवलपुर, जेठ १० गते*

नवलपुरमा गत चार महिनाको अवधिमा तीन वटा दुर्लभ पाटेबाघ मरेका छन् । बुधबार जिल्लाको विनयीत्रिवेणी गाउँपालिका–२, विनयीखोलाको बगरमा एउटा पाटेबाघ मरेसँगै मृतक बाघको सङ्ख्या तीन पुगेको हो। विनयीखोलामा पानी पिउँदै गरेको अवस्थामा बाघ देखिएको र पानी पिएको स्थानभन्दा १०–१२ मिटर हिँडेपछि ढलेको स्थानीयले बताएका छन् । स्थानीयले खिचेको उक्त भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल भएको छ। डिभिजन वन कार्यालय कावासोतीका प्रमुख वसन्तकेशव अधिकारीले स्थानीयले खबर गरेपछि डिभिजन वन र प्रहरीको टोली घटनास्थलमा पुग्दा बाघ मृत फेला परेको जानकारी दिनुभयो।

यस पटक भने बाघसँगै जुधेर घाइते भएको बाघ मरेको हो । बाघको पोस्टमार्टम गर्दा अर्को बाघसँग जुधेर घाइते भएको र घाउ निको नभएका कारण मृत्यु भएको खुलेको हो। चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ चिकित्सक विजयकुमार श्रेष्ठको टोलीले बिहीबार पोस्टमार्टम गरेको हो। पोस्टमार्टम रिपोर्टमा दुई वटा बाघ लडेको र ढाडमा चोट लागेकोमा सो घाउ निको नभएका कारण उसको मृत्यु भएको चिकित्सकलाई उद्धृत गर्दै डिभिजन वन अधिकृत लम्सालले बनाउनुभयो।

# खानेपानी समस्या टार्न ‘बोरिङ’ को पानी



‘बोरिङ’ प्रविधिमार्फत निकालिएको पानी ।

**गणेश पौडेल**
*पर्वत, जेठ १० गते*

खानेपानीको समस्याले आक्रान्त बनेका पर्वतको फलेवास नगरपालिका–३, शङ्करपोखरीका बासिन्दाले ‘बोरिङ’ प्रविधिको पानीबाट तिर्खा मेटाउने भएका छन् । खानेपानीको स्रोत नजिक नहुँदा टाढाबाट ल्याएको पानीले दीर्घकालीन समाधान हुन नसकेपछि ‘लिफ्ट’ प्रविधि र ‘बोरिङ’ प्रविधिमार्फत स्थानीयले तिर्खा मेटाउने भएका हुन्।

पानीका लागि जिल्लाकै समस्याग्रस्त मानिएको उक्त क्षेत्रका धेरै परिवार पानीकै सङ्कटका कारण विस्थापित भएका छन् । शङ्करपोखरीका करिब आठ सय घरधुरी खानेपानीको भरपर्दो विकल्प नहुँदा अझै पनि पानीका लागि आकासेपानीको भर पर्नुपर्ने बाध्यता रहेको स्थानीयवासी कमल भुसालले बताउनुभयो। पानीका लागि दशकौँदेखि सङ्घर्ष गर्दै आएको भए पनि नजिकमा स्रोत नभएको र टाढाबाट ल्याएको पानी मर्मत गर्न नसक्दा सधैँ काकाकुल अवस्थामा रहेको भुसालको भनाइ छ । भुसालले भन्नुभयो, “योजना आउँछ पर्याप्त बजेट आउँदैन। भएका योजना पूरा हुँदैनन् भने कतिपय टाढाबाट ल्याउँदा मर्मत गर्नसमेत समस्या हुँदा पानीको दीर्घकालीन समस्या समाधान हुन सकेन।”

पछिल्लो समय बोरिङ प्रविधि भित्रिएपछि स्थानीयवासीले विकल्पका रूपमा यसलाई अगाडि बढाएको वडाध्यक्ष अर्जुनबहादुर कार्कीले बताउनुभयो। उहाँले भन्नुभयो, “हामीले तीन ठाउँमा बोरिङबाट पानी तानेर वितरण गर्ने तयारीका साथ काम थालेका हौँ । दुई ठाउँमा सफल भयो अर्को ठाउँमा काम हुँदै छ।” पानीको समस्या टार्न झन्डै १४० मिटरको गहिराइबाट प्रतिसेकेन्ड दुई लिटरका दरले झरेको पानी स्थानीय दुई सय परिवारलाई वितरण गरिने वडाध्यक्ष अर्जुनबहादुर कार्कीले बताउनुभयो । प्रायः दलित परिवार रहेको बस्तीमा आइतबारदेखि पाइपमार्फत पानी वितरण गर्ने तयारी छ। वडाको तेस्रो स्थानमा बोरिङबाट पानी निकालेर वितरण भएको भए पनि यसका लागि बजेट भने नआएको तर कम्तीमा १० लाखबाट बोरिङको काम सुरु भएको कार्कीको भनाइ छ।

वडाको दोस्रो ‘बोरिङ’ पोखराचौरको आँखेतमा रहेको छ भने पहिलो पुर्कोट धारापानीमा रहेको छ । यससँगै शङ्करपोखरीवासीले वर्षौंदेखिको समस्याबाट केही मुक्ति पाउने भएका छन्। आँखेतको ‘बोरिङ’ बाट तीन सय परिवारलाई पानी वितरण गरिँदै छ भने धारापानीको ‘बोरिङ’ ले २५० परिवारलाई पानी आपूर्ति हुँदा तीन वटा ‘बोरिङ’ बाट करिब ७५० परिवारले पानी पाउने भएका छन्। गाउँमा पानीका कारण बस्ती नै विस्थापित बन्दै गएको अवस्थामा नगरपालिकाले समेत सक्दो सहयोग गर्ने र खानेपानी पाउने नागरिकको अधिकारलाई पूरा गराउन सबै स्रोतसाधनको प्रयोग गर्न तयार रहेको फलेवास नगरपालिकाका प्रमुख गङ्गाधर तिवारीले बताउनुभयो।

स्थानीय वैकुण्ठ भुसालले खानेपानीको सहज आपूर्तिका लागि सरकारले ‘एक घर एक धारा’ को नीति लिए पनि शङ्करपोखरीमा पानी नभएका धारा बग्रेल्ती देखिए पनि नागरिक एक गाग्री पानीका लागि आधादेखि एक घण्टासम्म जानुपर्ने बाध्यता रहेको बताउनुभयो। लाखौँ लगानी गरेर लमाए खोलाको पानीलाई ‘लिफ्ट’ गरेर वितरणका लागि काम चलिरहेको भए पनि त्यसले मात्रै आवश्यकता पूरा नहुने उहाँको भनाइ छ। शङ्करपोखरीमा पानीका लागि अन्य विकल्प नभएपछि करिब दुई किलोमिटर तल रहेको लमाए खोलाबाट ‘लिफ्ट’ योजनामार्फत पनि पानीको आपूर्ति गर्ने काम अन्तिम चरणमा छ। केही समय पहिला जोडिएको ‘मोटर’ मा समस्या देखिएपछि अहिले पानी नआएको र अब नयाँ ‘मोटर’ जोडेपछि लमाएको पानीसमेत वितरण सुरु हुने वडाअध्यक्ष कार्कीले जानकारी दिनुभयो।

# सडक कालोपत्रेको तयारी

**दरबाङ समाचारदाता**
*म्याग्दी (दरबाङ), जेठ १० गते*

म्याग्दीको बेनी–दरबाङ सडक आयोजना अन्तर्गत दोस्रो खण्डको सिम–पानाबगर सडक आयोजनामा कालोपत्रेको तयारी थालिएको छ । म्याग्दीको लाइफलाइन मानिने मङ्गला गाउँपालिका–२ स्थित सिमदेखि तोराखेत, बाबियाचौर, लाम्पाटा हुँदै पानाबगरसम्मको सडक कालोपत्रेका लागि बेस बिछ्याइएको छ । गण्डकी प्रदेश सरकार अन्तर्गतको पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत उक्त दोस्रो खण्ड सडक निर्माणको ठेक्का ओमबुद्ध निर्माण सेवा वसुन्धराले लिएको छ।

अहिले लाम्पाटादेखि पानाबगरसम्मको सडकखण्डमा समेत संरचनाको काम भइरहेको निर्माण कम्पनीका प्रतिनिधि डम्बर सापकोटाले बताउनुभयो। सिमदेखि लाम्पाटासम्म कालोपत्रेका लागि आवश्यक उपकरण तयारी अवस्थामा रहेको र लाम्पाटादेखि पानाबगरसम्मको संरचना बनाउने काम भइरहेको बताउनुभयो। ३.८ आठ किलोमिटर सडक कालोपत्रे गर्न २०७८ साल पुस १८ गते १० करोड ७० लाख २१ हजार रुपियाँमा ठेक्का सम्झौता भएको थियो। सडक आठ मिटर फराकिलो बनाएर सात मिटर चौडाइमा डिबिएसडी कालोपत्रे, नाली र पर्खाल निर्माण गरिएको प्रतिनिधि सापकोटाको भनाइ छ।

वैशाख मसान्तसम्म दोस्रो खण्डको सडक आयोजनाको भौतिक प्रगति ६८ प्रतिशत सम्पन्न भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। जिल्लाको मङ्गला, मालिका, धौलागिरि गाउँपालिकाका साथै छिमेकी बागलुङको तमान खोला गाउँपालिका र रकुम जिल्लाका बासिन्दाले समेत प्रयोग गर्ने सडकखण्डलाई मध्यपहाडी लोकमार्गको वैकल्पिक सडकका रूपमा समेत अगाडि बढाइएको छ । लामा–समानान्तर जेभीले ४५ करोड रुपियाँमा ठेक्का लिएको बेनी–सिमखण्डको १२ किलोमिटर पाँच सय मिटर सडक कालोपत्रे गरी हस्तान्तरण गरिसकेको छ भने दोस्रो खण्ड पनि आगामी आवभित्रै सकिने अवस्था छ तर तेस्रो खण्ड बिरुवा–क्याराभान जेभीले २०७६ असार ३१ गते २२ करोड ५७ लाख ९३२ रुपियाँमा ठेक्का लिएको मङ्गला गाउँपालिका–२, रनबाङनजिकदेखि दरबाङसम्मको आठ किलोमिटर सडक निर्माणको काम भने सुस्त गतिमा छ।


**Kathmandu Metropolitan City**
**काठमाडौं महानगरपालिका**
**Office of the Municipal Executive**
**Heritage and Tourism Department**
**Kathmandu Plaza, 4th Floor, Kamaladi, Kathmandu**

**Invitation for Electronic Bids**

**Notice No. - 15-080-81**
**Date of Publication : 2081-02-11**

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive, Heritage and Tourism Department, invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (Without VAT and Contingencies) |
|---|---|---|---|---|---|---|---|
| 15-17-080-81-NCBW-HTD-KMC | Reconstruction of Dev Brahmin Rajopadhyaya Aagam Chhen, Indrachowk, Ward No. 24 | 5,000.00 | 5,60,000.00 (Nepali Rupees Five Lakhs Sixty Thousand only) | 2081-03-09 12:00 hour 2024-06-23 | 2081-03-09 14:00 hour 2024-06-23 | 2081-02-25 14:00 hour 2024-06-07 | ------------------ |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Kathmandu Metropolitan City, Office of the Municipal Executive, Heritage and Tourism Department, Kamaladi, Kathmandu, Nepal during office hours or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
5. Pre-bid meeting shall be held at Heritage and Tourism Department, Kamaladi, Kathmandu, Nepal **on above mentioned date and time**.
6. Electronic bids must be submitted to the office Kathmandu Metropolitan City, Office of the Municipal Executive, Heritage and Tourism Department, Kamaladi, Kathmandu, Nepal through PPMO website **www.bolpatra.gov.np/egp** on or before above-mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the Kathmandu Metropolitan City, Office of the Municipal Executive, Heritage and Tourism Department, Kamaladi, Kathmandu, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Heritage and Tourism Department.**



**Nepal Oil Corporation Limited**
**Madhesh Provincial Office, Amlekhgunj, Bara, Nepal**
**Tel: 053-570105/053-570102, Email: fda.amj@nepaloil.com.np**

**Invitation for Electronic Bids**

**Contract Identification Number: NOC/MPO/NCB/W/2080/81-01**
**Date of Notice Publication: 24th May, 2024**
**For the Painting works**

1. The Nepal Oil Corporation Limited (NOC), Madhesh Provincial Office, Amlekhgunj, Bara invites Sealed Quotations (SQ) for "***Painting of Old Vertical Storage Tanks, TLF sheds, Pump House's at Fuel depot Amlekhgunj, Bara***" The Estimated amount for the works is **NRs. 60,08,681.50** exclusive of VAT.
2. Interested Eligible Bidders may obtain further information and inspect the Bidding Documents NCB in English at the office of NOC/MPO, Amlekhgunj, Bara, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Complete set of Bidding Documents may be purchased from the office of **NOC/MPO, Amlekhgunj, Bara** by Eligible Bidders on the submission of a **Written Application**, along with the **Copy of Company/Firm Registration Certificate**, and upon payment of a **non-refundable fee of NRs. 3,000.00** till **23rd June, 2024** during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank Ltd
   Name of Office: NOC/MPO, Amlekhgunj
   Office Account no.: 31001010000002
   Pre-bid meeting shall be held at Nepal Oil Corporation Limited, Mahesh Provincial office, Amlekhgunj, Bara at 2:00 PM of 13 June, **2024.**
4. Interested eligible Bidders are required to submit the Electronic Bids through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp** on or before **12:00 P.M. on 24 June, 2024.**
5. Submitted Electronic Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:15 P.M. on 24 June, 2024** at the office of **NOC/MPO, Bara, Nepal.**
6. Bids must be valid for a period of 90 days counting from the date of bid opening and must be accompanied by scanned copy of the bid security in PDF format, amounting to a minimum **NRs. 1,50,000.00**, which, which shall be valid for minimum 30 days beyond the bid validity period.
7. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **NOC/MPO's Current Account Number: 31001010000002, Global IME Bank Limited, Amlekhgunj, Bara** branch and scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
8. Other details are provided in the uploaded Bidding Document available in the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**

स्थानीय तहमा जनप्रतिनिधि



# निःशुल्क वाइफाईजडित पालिका बनाइएको छ

**जयकुमार यादव**
अध्यक्ष, मुखियापट्टी मुसहरनिया गाउँपालिका

धनुषाको दक्षिणपूर्वी भागमा पर्ने मुखियापट्टी मुसहरनिया गाउँपालिका मुलुककै सबैभन्दा होचो ठाउँ हो। यस गाउँपालिकाको जनसङ्ख्या २५ हजार ४८२ रहेको छ भने क्षेत्रफल २६.८४ वर्ग स्क्वायर फिट रहेको छ। गत निर्वाचनमा जनता समाजवादी पार्टी नेपालबाट निर्वाचित गाउँपालिकाका अध्यक्ष जयकुमार यादवसँग महेन्द्रनगर (धनुषा) समाचारदाता **स्मृति मिश्र**ले गर्नुभएको कुराकानी :

**तपाईं निर्वाचित भएर आउनुभएको दुई वर्ष भयो। यो अवधिलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

म निर्वाचन भएपछि यस गाउँपालिकामा विभिन्न किसिमका परिवर्तन ल्याउन सफल भएको छु। स्थानीय तहबाट जनतालाई दिने सेवा सकेसम्म झन्झटरहित र सरल बनाएको छु। शिक्षक नभएको विद्यालयमा पदपूर्ति गरिएको छ। अतिविपन्न गरिब तथा असहाय दलितका लागि शौचालय निर्माण, कृषिमा आधुनिकीकरणका लागि कार्यक्रम अगाडि सारिएको छ। सुशासनका लागि निरन्तर सूचना प्रवाह गरिँदै आएको छ। यहाँका जनतालाई देशमा साँच्चै सङ्घीयता आएको महसुस हुने गरी काम गर्दै आएको छु।

**शिक्षा र स्वास्थ्य क्षेत्रको विकास र गुणस्तर वृद्धिका लागि के कसरी काम भइरहेको छ ?**

गाउँपालिकाबाट शिक्षा, स्वास्थ्य, कृषिलगायतलाई प्रमुख आधार बनाई काम भइरहेको छ। शिक्षामा कक्षा १२ सम्म निःशुल्क गरिएको छ। विद्यालयबाट टाढा घर भएका बालबालिकाका लागि स्कुल बसको व्यवस्था गरिएको छ। विद्यालयमा शिक्षकको अभाव थियो त्यो पनि पूर्ति भइसकेको छ। यस वर्ष प्रत्येक विद्यालयमा पूर्वाधारको काम अगाडि बढाइएको छ। विद्यालयको प्रत्येक कक्षाकोठामा सिसिटिभी जडान गरिएको छ। शिक्षामा सबै वर्गको पहुँच बढाउन तीन वटा आधारभूत विद्यालयलाई माध्यमिक तहमा सञ्चालन गर्ने अनुमति दिइएको छ। शिक्षामा दलित तथा सीमान्तकृत समुदायका बालबालिकाको सहभागिता गराउन शिक्षकद्वारा घरदैलो कार्यक्रम गर्ने गरिएको छ।

- अतिविपन्न गरिब तथा असहाय दलितका लागि शौचालय निर्माण, कृषिमा आधुनिकीकरणका लागि कार्यक्रम अगाडि सारिएको छ।
- शिक्षामा कक्षा १२ सम्म निःशुल्क गरिएको छ। विद्यालयबाट टाढा घर भएका बालबालिकाका लागि स्कुल बस व्यवस्था गरिएको छ।
- यस वर्षदेखि कृषि विद्युतीकरणका लागि पाँच करोड रुपियाँ खर्च गरिने छ। जसमध्ये जनकपुर विद्युत्‌लाई दुई करोड र जलेश्वर विद्युत्‌लाई दुई करोड रुपियाँमा सङ्घबाट थप एक करोड गरी जम्मा पाँच करोडको काम यस वर्ष हुने छ।

स्वास्थ्य क्षेत्रको विकासका लागि गाउँपालिकाबाट दुई वटा एम्बुलेन्स खरिद गरिएको छ। दुई वटा थप स्वास्थ्य चौकी निर्माण गरिएको छ। सुविधासम्पन्न प्याथोलोजी सञ्चालन तथा विभिन्न निर्माणका कार्य आवश्यकता अनुसार गर्दै आएको छु। एउटा जेसिबी खरिद गरिएको छ र सुरक्षा तथा सेवा प्रवाह सहजका लागि नगर प्रहरी गाउँपालिकामा भर्ना गरिएको छ।

**गाउँपालिकालाई आर्थिक रूपमा सबल बनाउन के गर्दै हुनुहुन्छ र आगामी योजना के छ ?**

समथल भूभाग भएकाले तराई मधेशको मुख्य आयआधार नै कृषि हो। यदि हामी कृषिमा आत्मनिर्भर भयौँ भने आर्थिक रूपमा पनि सशक्त हुन्छौँ। त्यसका लागि कृषिमा आधुनिकीकरण आवश्यक छ। त्यसैले यस वर्षदेखि कृषि विद्युतीकरणका लागि पाँच करोड रुपियाँ खर्च गरिने छ। जसमध्ये जनकपुर विद्युत्‌लाई दुई करोड र जलेश्वर विद्युत्‌लाई दुई करोड रुपियाँमा सङ्घबाट थप एक करोड गरी जम्मा पाँच करोडको काम यस वर्ष हुने छ। समयमा खाद्य, मल र बिउ पालिकाद्वारा उपलब्ध गराइएको छ। यसले यहाँका बासिन्दाको आर्थिक समृद्धिमा ठुलो टेवा पुग्ने विश्वास लिएका छौँ।

**सरसफाइमा गाउँपालिकाले कस्तो योजना बनाएको छ ?**

वास्तवमा सरसफाइ अहिलेको मुख्य चुनौती बनेको छ तर भन्निछ नि जहाँ इच्छा त्यहाँ उपाय। मैले आफ्नो पालिकाका टोल टोल सफा रहोस् भनेर सरसफाइका लागि चार वटा ट्याक्टर खरिद गरेको छु, जसले प्रत्येक दिन फोहोर सङ्कलन गर्छन्। यसले व्यक्तिगत सरसफाइमा पनि मद्दत पुऱ्याउँछ। समुदायका मानिसलाई सरसफाइ आफ्ना लागि हो भन्ने भावना जगाई उहाँहरूबाट पनि सहयोग लिई सरसफाइ प्रभावकारी भइरहेको देखेको छु।

**फ्री वाइफाई जडान गर्नुभएको छ नि ? यसको मुख्य उद्देश्य के हो ?**

यस गाउँपालिकाबाट वैदेशिक रोजगारमा गएका युवाका घरपरिवारलाई आफ्ना सन्तति, परिवारका सदस्यसँग निरन्तर सञ्चार गर्न सहज होस् भनेर फ्री वाइफाई जडान गरिदिएका हौँ। यसबाट उहाँहरू पैसा खर्च गरी गरी मोबाइलमा डाटा किन्ने झन्झटबाट पनि मुक्त हुनुभएको छ। साथै यस गाउँपालिकाका बालबालिकालाई नयाँ प्रविधिको प्रयोग गर्दै पठनपाठन गर्न सहज होस् भन्ने पनि हो।

**अन्य भौतिक पूर्वाधार निर्माणका लागि कस्ता कार्यहरू भइरहेका छन् ?**

भौतिक पूर्वाधार निर्माणमा सडक निर्माण हाम्रो मुख्य प्राथमिकतामा रहेको छ। सबै ठाउँको त हुन सकेको छैन तर आवश्यकता अनुसार बनाउने कार्य जारी रहेको छ। १३ वटा विद्यालयको भवन निर्माण, प्रत्येक टोलमा दलान, धर्मशाला, स्वास्थ्य चौकीलगायत पूर्वाधार निर्माणका काम पनि भइरहेका छन्।

**गाउँपालिकाका शिक्षकहरूमा विवाद देखिएको छ, किन होला ?**

हाम्रो पालिकामा कुनै किसिमको विवाद छैन। समयमा नआउने, राम्रोसँग नपढाउने शिक्षकलाई कारबाही गर्दा सामाजिक सञ्जालमा केही असन्तुष्टि देखिने गरेका छन् तर कुनै ठुलो विवाद छैन। अब शिक्षा क्षेत्रमा व्यापक परिवर्तन आएको छ। शिक्षाले मानिसलाई अन्धकारबाट उज्यालोतर्फ लम्काउँछ, शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो यसले ज्ञान र सिप सिक्न सकिन्छ, व्यक्तिको सर्वाङ्गीण विकास शिक्षाबिना अधुरो हुन्छ। त्यसैले मैले शिक्षामा कुनै किसिमको सम्झौता नगर्ने अठोट लिएको छु।

**चालु आर्थिक वर्षको अहिलेसम्म कति प्रतिशत बजेट खर्च गर्नुभयो ?**

पालिकाभरि विभिन्न कार्य भइरहेको छ। सुरुदेखि नै योजना सञ्चालन भइरहेका कारण अहिलेसम्म चालु आवको कुल बजेटको ८० प्रतिशतभन्दा बढी काम सकिइसकेको छ।

# खाद्यान्न जोहोमा चुरेवासी



तस्बिर : जनार्जन खत्री

**सर्लाहीको लालबन्दी-१४ स्थित चुरेपाखाको एक बस्ती।**

**सर्लाही समाचारदाता**
*सर्लाही, जेठ १० गते*

सर्लाहीको उत्तरी चुरे भेगको विकट बस्तीका बासिन्दा बर्खायामका लागि खाद्यान्नको जोहोमा लागिपरेका छन्।

निरन्तर झरी पर्न थालेपछि बाढी आएर खोलाको बाटो अवरुद्ध भई यातायातका साधन ठप्प हुने भएकाले चुरे डाँडापाखामा बसोबास गर्नेहरू अहिलेदेखि नै खाद्यान्न जुटाउन लागिपरेका हुन्। चुरे भेगको पिपलदमार, लामिदमार, शिर कालिन्जोर, भित्रीखोला, नारायणखोलालगायत क्षेत्रका बासिन्दाले वर्षायामभर पुग्ने चामल, दाल, नुन, तेललगायतका खाद्यान्न किनेर राख्न थालिसकेका छन्।

लालबन्दी नगरपालिका-१५, भित्रीखोलाका सोमबहादुर थोकरले अहिले गाडी चल्दा नै असार, साउनभरका लागि पुग्ने खाद्यान्न जोहो गरेर राख्न सुरु भएको जानकारी दिनुभयो। चुरे भेगका बासिन्दाको किनमेल गर्ने थलो लालबन्दी बजार हो।

लालबन्दी बजारबाट अहिले दैनिक ट्याक्टर, बोलेरो, बसलगायतका सवारीमा चुरे भेगका गाउँमा खाद्यान्न ढुवानी हुने क्रम बढेको छ। लालबन्दी बजारमा भेटिनुभएका थोकरले अहिलेसम्म जसोतसो खोलाबाट गाडी चलिरहेकाले बजारसम्म आएर खाद्यान्न लान सहज नै रहेको बताउनुभयो।

सिँचाइ सुविधा नरहेको र आकासे पानीको भर रहेको चुरे भेगमा धान, मकै, कोदो, फापरलगायतका बाली फले पनि केही महिनालाई मात्रै खान पुग्ने स्थानीय बताउँछन्। अहिले नै खाद्यान्न जोहो गरेपछि दसैँसम्म गाडी सञ्चालन नहुन्जेल चिन्ता नहुने ईश्वरपुर नगरपालिका-१२, माथिल्लो बाँके शिरका युवा प्रदीप तामाङले बताउनुभयो।

बर्खायाम लागेपछि खोलामा बाढी आएर मोटरसाइकलसमेत तल घारीबथानमै थन्क्याएर हिँडेर जानुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो। सडक नपुगेको जिल्लाको चुरे भेगमा बर्खायामभर खोलामा बाढी आएपछि स्थानीयलाई औषधी उपचार वा अत्यावश्यक काम परेर वडा कार्यालयसम्म आउन पनि समस्या हुने गरेको छ।

जिल्लाको चुरे भेगमा पर्ने ईश्वरपुर नगरपालिका-१२, लालबन्दी नगरपालिका-१२, १३, १४ र १५, हरिवन नगरपालिका-१ र बागमती नगरपालिका-१ को वडा कार्यालय तल चुरे फेदीमा रहेका छन्। त्यहाँका स्थानीयको किनमेल गर्न आउने थलो राजमार्ग क्षेत्रका बजार र औषधी उपचार गर्न आउने थलो चुरे फेदीका स्वास्थ्य संस्था र बजार क्षेत्रका अस्पताल हुन्।

## समाचार सङ्क्षेप

### सीमानाका बन्द

**सर्लाही** (गोरखापत्र), जेठ १० गते। मधेश प्रदेशका विभिन्न जिल्लाका सीमानाका पुनः तीन दिनका लागि बन्द गरिएको छ। छिमेकी राष्ट्र भारतको विहार राज्यको सीतामढी र पूर्वी चम्पारण जिल्लामा जेठ १२ गते हुने लोक सभा निर्वाचनलाई ध्यानमा राख्दै सर्लाही, रौतहट, महोत्तरी, धनुषालगायत जिल्लाका नेपाल भारत सीमानाका 'सिल' गरिएको हो। जेठ ९ गते राति १२ बजेबाट बन्द गरिएको सीमानाका जेठ १२ गते राति १२ बजेसम्म बन्द रहने स्थानीय प्रशासनले जनाएका छन्।

दुवै देशमा निर्वाचनका लागि ७२ घण्टाअगावै सीमानाका बन्द गर्ने परिपाटी अनुसार सर्लाहीमा पनि पर्सा गाउँपालिकादेखि बलरा नगरपालिकासम्मको सम्पूर्ण सीमानाका बन्द गरी सुरक्षा सतर्कता बढाइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिनुभयो। निर्वाचन सुरक्षालाई ध्यानमा राख्दै सीमा क्षेत्रबाट मानिसको आवतजावत हुन नदिन दुवै देशका सुरक्षाकर्मी सीमा क्षेत्रमा तैनाथ भएका छन्। भारतीय लोक सभा निर्वाचनलाई ध्यानमा राख्दै यसअघि पनि यी जिल्लाका सीमानाका तीन दिन बन्द गरिएको थियो।

### बुद्ध जयन्तीमा शान्ति ऱ्याली

**सर्लाही** (गोरखापत्र), जेठ १० गते। सर्लाहीको बागमतीमा बिहीबार २५६८ औँ बुद्ध जयन्तीको अवसरमा शान्ति ऱ्याली निकालिएको छ।

काल्साङ छ्वेखोरलिङ गुम्बा बागमती र तामाङ पत्रकार सङ्घ सर्लाहीको संयुक्त आयोजनामा विश्व शान्तिको कामना गर्दै शान्ति ऱ्याली निकालिएको हो। ऱ्यालीमा सबै समुदायका मानिस सहभागी भएका स्थानीय राजकुमार कुशवारले जानकारी दिनुभयो।

तामाङ समुदायका मानिस आफ्नो वेशभूषा र पहिरनसहित ऱ्यालीमा सहभागी भए। पूर्वपश्चिम राजमार्गस्थित बागमतीको कर्मैया बजार क्षेत्र परिक्रमा गर्दै सुरु भएको ऱ्याली बागमती नदी किनारस्थित गौतम बुद्धको सालिकमा पुगेर टुङ्गिएको थियो।

सबै समुदायको उपस्थितिमा भएको यस प्रकारको कार्यक्रमले सामाजिक सद्भाव र एकतामा टेवा पुग्ने सहभागीले बताएका छन्। बुद्ध जयन्तीका अवसरमा जिल्लाको बागमती, हरिवन, बरहथवा, लालबन्दी र ईश्वरपुरमा रहेका गुम्बामा बिहीबार दिनभर पूजापाठसहितका विविध कार्यक्रम भएका छन्।

### इनारमा निस्सासिएर मृत्यु

**ढल्केबर** (गोरखापत्र), जेठ १० गते। धनुषाको गणेशमान चारनाथ नगरपालिका-४, भरतपुरमा इनार सफा गर्ने क्रममा निस्सासिएर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही ठाउँका ३० वर्षीय रामप्रसाद शर्मा रहेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक राजकिशोर साहले इनारभित्र पसेर सफा गर्ने क्रममा निस्सासिएर शर्माको बिहीबार मृत्यु भएको बताउनुभयो। ४० मिटर गहिरो इनार सफा गर्न उहाँ भित्र पस्नुभएको थियो। उहाँको शवलाई रघुनाथपुर सशस्त्र बेस क्याम्पका प्रहरीको सहयोगमा बाहिर निकालेर पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको र घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको उहाँले जानकारी दिनुभयो।

# राजदेवीमा हजारौँ बलि



तस्बिर : जीवछ यादव

**राजदेवी मन्दिरमा बोकाको बलि चढाउने सिलसिलामा।**

**लहान समाचारदाता**
*लहान, जेठ १० गते*

शान्ति र अहिंसाका लागि मनाइने बुद्ध जयन्तीको दिन लहान-१५, ढेडना राजदेवी मन्दिरमा हजारौँको सङ्ख्यामा बलि प्रदान गरिएको छ।

चण्डी पूर्णिमाका अवसरमा लाग्ने ठुलो मेलासँगै राजदेवी मन्दिरमा यस वर्ष २० हजारको सङ्ख्यामा बलि चढाइने राजदेवी संरक्षण समितिले जनाएको छ। गत वर्ष १७ हजार बलि प्रदान गरिएको थियो। बिहान ८ बजेदेखि बलि दिन सुरु भएको छ। यहाँ बोका र परेवाको बलि दिने गरिन्छ।

२०५४ सालदेखि स्थानीयले मात्रै बलि चढाउने राजदेवी मन्दिरमा २०५४ देखि बाह्य भक्तजनको चाप बढ्दै जान थालेको हो। प्रतिवर्ष तीन हजारको दरले बलि सङ्ख्या थपिँदै गइरहेको मन्दिर संरक्षण समितिका सचिव वीरेन्द्रकुमार चौधरीले बताउनुभयो। उहाँका अनुसार राजदेवी मन्दिर क्षेत्रमा सात बिघा जमिनमा मन्दिरको विस्तार भइरहेको छ। यस वर्ष भारतको उडिसा उत्तर प्रदेश विहारबाट समेत ठुलो सङ्ख्यामा सात दिनअघिदेखि भक्तजन आउन थालेका थिए।

मन्दिर परिसरमा धर्मशाला निर्माणका लागि पूर्वकानुनमन्त्री तथा सिरहा-३ का सङ्घीय सांसद लीलानाथ श्रेष्ठको पहलमा १० लाख, प्रदेश सभाका सदस्य राजेन्द्रप्रसाद चौधरी र लगनलाल चौधरीले २५ र १२ लाख गरी ४७ लाख रुपियाँको लागतमा धर्मशाला निर्माण कार्य भइरहेको छ। शनिबार आउने भक्तजनले चढाउने भेटीबाट वार्षिक ४० लाख रुपियाँ आम्दानी भइरहेको संरक्षण समितिका सचिव चौधरीले जानकारी दिनुभयो। उहाँका अनुसार वार्षिक आम्दानीको ६० प्रतिशत मन्दिरको विकास र ४० प्रतिशत सामाजिक तथा मानवीय सहयोगमा खर्च भइरहेको छ।

सहरी सघन विकास कार्यक्रमबाट लहानको मुख्य चोकदेखि १० किलोमिटर मन्दिर परिसरसम्म कालोपत्रे सडक निर्माण र खुटी खोलामा पुल निर्माण भएपछि मन्दिरसम्म भक्तजनलाई जानआउन सजिलो भएको छ। यस वर्ष राजदेवी मन्दिरदेखि उत्तरमा राजदेवी दह निर्माणको कार्य अघि बढाएको छ। लहान नगरपालिकाले यस वर्ष चार सय स्वयंसेवक खटाइएको नगर प्रमुख महेशप्रसाद चौधरीले जानकारी दिनुभयो। धार्मिक पर्यटकीय क्षेत्रका रूपमा राजदेवी मन्दिरको महिमा विस्तार हुँदै जान थालेकाले नगरपालिकाले यसको विकासका लागि थप बजेट विनियोजन गर्न लागेको उहाँले बताउनुभयो।

यता लहान-१३ र २४ को सिमानामा रहेको पक्की टोलमा लाटी बौकी मन्दिरमा यस वर्ष सयौँ बलि प्रदान गरिएको छ। यस मन्दिरसम्म जानआउन बाटो निर्माण र मन्दिर क्षेत्रको विकासका लागि स्थानीयले माग गरेका छन्। त्यस मन्दिरको विकासका लागि स्थानीय निर्जला राउतले ५० हजार रुपियाँ सहयोग गरेको स्थानीय सुभाष कोइरालाले जानकारी दिनुभयो। राजदेवी मन्दिर र लाटीबौकी देवीस्थानमा भक्तजनले भाकल गरेपछि मनोकामना, सुख शान्ति प्राप्त हुने विश्वास रहेकाले महिमा विस्तार हुँदै गएको छ।

# फित्तामा बेरिएर मृत्यु

**ढल्केबर समाचारदाता**
*ढल्केबर, जेठ १०*

धनुषाको गोदारस्थित कमला स्टोन क्रसर उद्योगको फित्तामा बेरिएर एक जनाको मृत्यु भएको छ। बुधबार राति १२ बजे सोही ठाउँका २० वर्षीय अर्जुन यादवको क्रसर उद्योगको फित्तामा बेरिएर मृत्यु भएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक राजकिशोर साहले सोही क्रसर उद्योगमा मजदुरी गर्दै आएका यादवको शव ढुङ्गा फोड्ने मेसिनको फित्तामा टाउको च्यापिएको अवस्थामा फेला परेको बताउनुभयो। सोही क्रसरमा काम गर्ने बाराको निजगढ बस्ने ४५ वर्षीय खेमबहादुर मगर घाइते हुनुभएको छ। उहाँको गोदारस्थित उपचार केन्द्रमा उपचार भइरहेको छ। घटनास्थलको मुचुल्का उठाउने र घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# मापदण्डविपरीत खोला उत्खनन

**शिवशङ्कर मिश्र**
*बारा, जेठ १० गते*

मापदण्डविपरीत तीन गुणाभन्दा बढी खोला उत्खनन हुँदा सरोकारवाला निकाय मौन रहेका छन्। ठेकेदारले मनपरी खोला दोहन गर्दा पनि सरोकारवाला सबै निकाय मौन देखिएका हुन्।

जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका, निजगढ र कोल्हवी नगरपालिकाले दुधौरा, बालगङ्गा, पसाहा, बकैया, भक्तलाल, शक्तिखोला उत्खनन गर्न ठेक्का लगाउँदै आएका छन्। अनुगमन, निरीक्षणको कार्य जिल्ला समन्वय समिति, सुरक्षा निकाय र डिभिजन वन कार्यालयले गर्दै आएका छन् तर अनुगमन र निरीक्षण देखावटी जस्तो मात्र छ।

चालु आर्थिक वर्षका लागि जितपुर सिमरा उपमहानगरपालिकाले १० करोड ५६ लाख रुपियाँमा दुधौरा, बालगङ्गा, पसाहा खोलाबाट ८२ लाख ४० हजार ३७६ घनफिट उत्खनन गर्न ठेक्का लगाएको छ।

यस्तै निजगढ नगरपालिकाले आठ करोड २८ लाख २९ हजार रुपियाँमा बकैया, भक्तलाल र शक्तिखोलाबाट ७० लाख छ हजार ६६८ घनफिट उत्खनन गर्न ठेक्का लगाएका तथा कोल्हवी नगरपालिकाले दुई करोड ९१ लाख रुपियाँमा बकैया खोलाको तल्लो भागबाट २८ लाख घनफिट उत्खनन गर्न ठेक्का लगाएका छन्।

यसरी तीन वटा पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कनसहितको प्रतिवेदनमा तोकिएको मापदण्डविपरीत तीन गुणाभन्दा बढी उत्खनन गर्न ठेक्का लगाइएको हो। यसरी अवैध कार्य गर्ने स्थानीय पालिकाले वातावरणमा प्रभाव पार्नेलाई रोक्नुको साटो झन् प्रोत्साहन गरिरहेका छन्।

अहिले विश्वमा मौसम परिवर्तनलगायतका समस्याबाट छुटकारा पाउन सबै वर्ग चिन्तनका विषयमा लागेर त्यसको निराकरण गर्नेतर्फ लागे पनि पालिकाले झन् समस्या थपिँदै आएको जितपुर सिमरा उपमहानगरपालिका-१६ का वडाध्यक्ष हरिदेव खरेलले बताउनुभयो।

यसरी अवैध उत्खननका कारण चुरे क्षेत्र मासिनु र वर्षौंदेखि तराईका जिल्लामा पानीको सतह कम भएपछि खानेपानीलगायतका समस्याबाट खेप्दै आएको उहाँले बतानुभयो।

सम्झौता अनुसार खोला उत्खनन गर्न तीन फिटभन्दा गहिराइमा खन्न नपाउने व्यवस्था छ तर खोलामा २५ फिट गहिराइसम्म उत्खनन भइरहेको छ। पालिकाले ठेक्का लगाएको परिमाण एक/डेढ महिनामै खोलाबाट निकालेर विभिन्न ठाउँमा स्टक गरिसकेको देखिन्छ। अहिले पनि खोलामा उत्खनन भइरहेको छ।

जिल्लामा ५० भन्दा बढी बालुवा प्रशोधन केन्द्रसहितका क्रसर उद्योग सञ्चालित रहे पनि त्यसको यकिन विवरण जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी कार्यालय र डिभिजन वन कार्यालयसँग छैन। यस विषयमा जानकारी लिन खोज्दा जिल्ला समन्वय समितिका अध्यक्ष नरेन्द्र साहले भन्नुभयो, "प्रहरी प्रशासनसँग होला, हामीसँग छैन।"

यता प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरे भन्नुहुन्छ, "हामीसँग नभएर जिल्ला समन्वय समितिले नै कागजात राखेकाले उहाँसँग लिए हुन्छ। उहाँहरू एकअर्कालाई जिम्मेवार देखाउनुहुन्छ।"

प्रजिअ घिमिरेले राजस्व सङ्कलनका नाममा स्थानीय तहले मनोमानी गर्दै आएको गुनासा आएपछि मापदण्डविपरीत उत्खनन नगर्न पालिकाहरूलाई पत्राचार गरे पनि सो पत्रको कुनै जवाफ नदिएको बताउनुभयो।


## अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित पीडितहरूले भर्नुपर्ने निवेदन फारमसम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१।२।११ गते)

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट, "**अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग**" गठन भई यस आयोगलाई तोकिएको कार्यादेश बमोजिमको कार्य भइरहेको छ। सो सन्दर्भमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विषयमा पीडित पक्षहरूबाट लेनदेन वा ऋण/कर्जाको कारोबारका क्रममा ऋण/कर्जा लिने व्यक्ति (आसामी) र ऋण/कर्जा दिने व्यक्ति (साहु) बीच आपसमा भएको लेनदेनसम्बन्धी विषयहरूको शुरूदेखि हालसम्मको अवस्थाको यथार्थ विवरण खुल्ने गरी यस आयोगबाट निवेदन संकलन गर्नुपर्ने भएकोले अनुचित लेनदेनका पीडितहरूको यथार्थ समस्या समाधानको प्रयोजनका लागि तथ्यांक संकलन र आवश्यक कारवाही प्रक्रिया अघि बढाउन यस आयोगबाट ऋण/कर्जा लिने व्यक्तिले भर्नुपर्ने पृष्ठ संख्या पाँच (५) को (फारम नं. १) गृह मन्त्रालयको वेभसाईट **www.moha.gov.np** मा राखिएको छ।

अतः अनुचित लेनदेन (मिटरब्याज) पीडितहरूले उक्त वेभसाईटबाट सो निवेदन फारम डाउनलोड/प्रिन्ट गरी उक्त फारममा उल्लेख भएका अनुचित लेनदेन कारोबारसम्बन्धी सोधनी भएका विषयसँग सम्बन्धित सबै विवरणहरू प्रष्ट बुझिने गरी भरी आफूसँग रहे भएसम्मका त्यस्तो ऋण/कर्जा वा अनुचित लेनदेन कारोबारसम्बन्धी लिखत, भरपाई, टिपोट, शर्तनामा वा सम्झौतालगायत जो भएका लिखतहरूको प्रतिलिपी वा फोटोकपीसमेत साथै राखी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ (**एक्काइस**) **दिनभित्र** पीडित आफू रहेको जिल्ला प्रशासन कार्यालयमा सो निवेदन फारम दर्ता गरिदिनुहुन अनुचित लेनदेन पीडित सबै सरोकारवालाहरूको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यस अघिको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ बाट संकलन भई फछ्र्यौट हुन बाँकी रहेका उजुरी निवेदनहरू र त्यसपछि यो आयोग गठन हुनु अघिका निवेदन उपरको कारवाहीका सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८०।१०।०८ को पत्रमा स्वीकृत कार्यविधि एवं अनुचित लेनदेनसम्बन्धी वर्तमान कानूनी व्यवस्था अनुसार कारवाही सुचारू हुनेछ।

अनुचित लेनदेन (मिटरब्याज) पीडित निवेदकसँग सम्बन्धित साहु एवं कर्जादाताहरूले समेत विवादको सहज निराकरण/मेलमिलापको प्रक्रियाबाट ऋणी र धनी (साहु) बीचको आपसी छलफलबाट समस्या समाधानका लागि ऋण दिने व्यक्तिले भर्नुपर्ने पृष्ठ संख्या चार (४) रहेको छुट्टै फारम (फारम नं. २) को व्यवस्था भएकोले निजहरूले समेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई उक्त फारम नं. २ भरी बुझाउनु पर्नेछ।

**अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग**
फोन नं. ०१-४२००६६६
इमेलः **mtrloan.81@gmail.com**

# ‘दर्बिलो राष्ट्रिय शक्ति आवश्यक’



एमाले दमक नगर अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली ।

**दमक समाचारदाता**
*दमक, जेठ १० गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको राष्ट्रिय हित प्रवर्धनका लागि वडास्तरदेखि सङ्घीय सरकारसम्म दर्बिलो राष्ट्रिय शक्ति आवश्यक रहेको बताउनुभएको छ।

पूर्वप्रधानमन्त्री ओलीले अहिले त्यस्तो राष्ट्रिय शक्ति नभएकाले मुलुकमा अस्थिरता भएको र विकासले पछि परेको धारणा व्यक्त गर्नुभयो। उहाँले मुलुकमा विकास र समृद्धिका लागि जनताको चाहना अनुसारको राष्ट्रिय शक्ति एमाले हुनुपर्ने बताउँदै त्यसका लागि एकताबद्ध भएर लाग्न स्थानीय नेता कार्यकर्तालाई निर्देशन दिनुभयो। एमाले निर्णायक तहमा स्थापित नबन्दा मुलुकमा अस्थिरता कायम भएको भन्दै उहाँले अब त्यस्तो अवस्था आउन नदिन सबैलाई मेहनत गर्नसमेत आग्रह गर्नुभयो।

झापाको दमकमा बिहीबार एमालेको दोस्रो नगर अधिवेशन उद्घाटन गर्दै ओलीले देशको राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र विकासका लागि एमाले कटिबद्ध छ भनेर देखिने गरी काम गरेको जनाउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, “मिसन २०८४ लाई लक्ष्य बनाएर सबै तहमा एमालेको एकल बहुमत र निर्णय गर्ने सक्ने अवस्था सिर्जना गर्नु पर्छ।”

पार्टीको दमक नगर कमिटीका अध्यक्ष गेहनाथ पोखरेलको अध्यक्षतामा भएको नगर अधिवेशन उद्घाटनमा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्की, मन्त्री एकराज कार्कीलगायतको उपस्थिति थियो।

ओलीले आफ्नो गृहनगर दमकमा सकेसम्म सर्वसम्मत र सर्वसम्मत नभए स्वच्छ प्रतिस्पर्धा गरेर नेतृत्व चयन गर्न निर्देशन दिनुभएको नेकपा (एमाले) झापाका सचिव तुलसी कार्कीले बताउनुभयो।

**सप्तकोशी न्युरो अस्पताल उद्घाटन**

यसैबिच एमाले अध्यक्ष ओलीले बिहीबार सुनसरीको भोक्राहानरसिंहमा डाक्टर रामबाबु गिरीले सञ्चालनमा ल्याउनुभएको सप्तकोशी न्युरो अस्पताल उद्घाटन गर्नुभएको छ।

**इनरुवा समाचारदाता**का अनुसार सो कार्यक्रममा उहाँले सदनमा गरेको अवरोध र विरोधप्रति लक्ष्य गर्दै गृहमन्त्री रवि लामिछानेमाथि जाइलागेको कांग्रेसले दोहोरो चरित्र देखाएको टिप्पणी गर्नुभयो। उहाँले अदालतको आदेशमा नागरिकता छानबिनका लागि प्रहरीले पक्राउ गरेका कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको विषय अनाहकमा उचालिएको बताउँदै भन्नुभयो, “कोही एक व्यक्तिलाई अनुसन्धानमा लैजाँदैमा प्रजातन्त्र कुण्ठित भयो भन्नु तर्कसङ्गत हुँदैन।”

गाउँमा ६० करोड रुपियाँ लागतमा तयार पारिएको अस्पतालले न्युरो सर्जरीसहितका अन्य सबै सेवा दिने जनाएको छ। स्वास्थ्य बिमाको सेवासमेत दिने अस्पताल पूर्ण रूपमा सञ्चालनमा आएपछि उपचारका लागि धरानको बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठान र विराटनगरका निजीसहितका अन्य अस्पताल पुग्नुपर्ने बिरामीको बाध्यता अन्त्य हुने विश्वास लिइएको छ।

## मोटरसाइकल चोरी आरोपमा पाँच जना पक्राउ

**दमक समाचारदाता**
*दमक, जेठ १० गते*

झापामा मोटरसाइकल चोरीमा संलग्न रहेको आरोपमा एक बालकसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ। चोरीका दुई मोटरसाइकलसहित उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

कनकाई नगरपालिका-४ का १८ वर्षीय प्रियङ्क कँडेल, २१ वर्षीय कृष्ण घिमिरे, १८ वर्षीय नवीन बस्नेत, १५ वर्षीय एक बालक र कनकाई नगरपालिका-३ का १८ वर्षीय सम्रिक चुडाललाई कन्काई नगरपालिकाबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता कृष्णकुमार चन्दले बताउनुभयो।

प्रवक्ता चन्दका अनुसार मे. ९ प ६४६१ नम्बरको एनएस र प्रदेश ३-०२-००९ प ५२२१ नम्बरको क्रस फायर मोटरसाइकल बरामद गरिएको छ। विशेष सूचनाका आधारमा मोटरसाइकलसहित उनीहरूलाई पक्राउ गरेर अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो।

## एमाले सुनसरी अध्यक्षमा खनाल

**वराहक्षेत्र समाचारदाता**
*वराहक्षेत्र, जेठ १० गते*

नेकपा (एमाले) सुनसरीको आठौँ अधिवेशनबाट जिल्ला अध्यक्षमा नीलम खनाल निर्वाचित हुनुभएको छ।

उहाँ ३८३ मत प्रप्त गरी विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी खेमराज पोखरेलले २८७ मत प्राप्त गर्नुभएको छ। सार्वजनिक मतगणना परिणाम अनुसार खनाल नेतृत्वको प्यानल विजयी भएको निर्वाचन सम्पर्क मञ्चका उपाध्यक्ष रमेश विष्टले जानकारी दिनुभयो।

त्यस्तै उपाध्यक्षमा पर्शुराम यादवले ३२९, सचिवमा राम कोइराला ३८८, इन्द्रकला राई ४३८ र उपसचिवमा यामकुमार सुब्बा ३८५ मत ल्याएर विजयी हुनुभएको छ। जिल्लामा जम्मा ७२७ मतदाता रहेकामा ६८१ मत मात्र खसेको थियो।

# उँभौली पर्वमा साकेला सिलीको रौनक



*तस्बिर : भक्तिविलास पोखरेल*

उँभौली पर्वका अवसरमा उदयपुरको गाईघाटस्थित साकेलाथानमा बिहीबार साकेला सिली नाच्दै किराँत समुदायका युवकयुवती ।

**गाईघाट समाचारदाता**
*गाईघाट, जेठ १० गते*

प्रकृतिपूजक किराँत राई समुदायले पूर्वी नेपालमा विशेष रूपले मनाउने साकेला (उँभौली) पर्व बिहीबारदेखि गाईघाटमा भव्य रूपले मनाउन सुरु गरिएको छ। यो पर्व ढोल, झ्याम्टा बजाउँदै, सेउली हल्लाउँदै साकेला सिली नाचेर मनाइने गरिन्छ। बिहान सबेरै साकेला थान, सिकारी थान र माछाकु अर्थात् पितृघरमा किराँत धामीले पूजा गरेर नाच थालनी गर्ने प्रचलन छ।

किराँती वेशभूषामा सजिएर राई समुदायका युवकयुवती, बालबालिकादेखि वृद्धवृद्धासमेत साकेला सिली नाचेर रमाउने गर्छन्। उदयपुरको सदरमुकाम गाईघाटस्थित साकेला थानमा जिल्लाका विभिन्न ठाउँका राई समुदायका मानिस जम्मा भई साकेला सिली नाच आयोजना गरिएको छ।

बिहीबारदेखि एक महिनासम्म लगातार चल्ने साकेला सिली नाचमा त्रियुगा नगरपालिका, चौदण्डीगढी र बेलका नगरपालिका क्षेत्रका असारी, मोतीगढा, बोक्से, जलजले, बगाहा, रातमाटे, बेल्टार, बसाहा, मुर्कुचीलगायतका स्थानबाट सयौँ मानिस जम्मा भएका किराँत राई यायोक्खा उदयपुरका अध्यक्ष गङ्गा राईले बताउनुभयो।

धान्यपूर्णिमामा उँधौली र वैशाख पूर्णिमामा उँभौली गरी वर्षमा दुई पटक मनाइने यो पर्व किराँत सभ्यताको विशेष पर्व हो। वर्षमा दुई पटक पर्व मनाउनुको विशेष अर्थ र महत्त्व छ। ‘सोइ ढोले सोइ अर्को ढोले खोइ’ भनेर सामूहिक नृत्य प्रस्तुत मात्र नभएर यस पर्वमा चुलो पूजा गर्ने, पितृलाई सम्झने, छोरीचेली, आफन्तजनसँग भेटघाट र शुभकामना आदानप्रदान गर्ने गरिन्छ।

किराँत राई यायोक्खा उदयपुरकी अध्यक्ष गङ्गा राईका अनुसार ओल्लो किराँत, पल्लो किराँत र माझ किराँत जस्ता नामले समेत प्रख्यात भएका पूर्वी नेपालका उदयपुर, खोटाङ, ओखलढुङ्गा, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, इलाम, झापालगायतमा यो पर्व भव्य रूपले मनाइन्छ।

## बालविकास केन्द्र प्रविधिमैत्री

**इनरुवा समाचारदाता**
*इनरुवा, जेठ १० गते*

सुनसरीको सीमावर्ती हरिनगर गाउँपालिका-५ स्थित वसन्तपुरको श्री माध्यमिक विद्यालयमा दुई वटा कक्षालाई प्रविधिमैत्री बनाइएको छ।

विद्यालयको कक्षा शिशु र कक्षा १ मा प्रविधि तथा बालमैत्री वातावरणका लागि दुई वटा कक्षालाई प्रविधिमैत्री बनाइएको हो। एलसिडीसहितको प्रविधि जडान गरिएका दुई वटा कक्षाको हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारीले उद्घाटन गर्नुभयो।

विद्यालय प्रविधियुक्त हुँदा बालबालिका रमाउँदै, पढ्दै सिक्ने विश्वव्यापी मान्यता र अवधारणालाई आत्मसात् गर्दै कक्षाहरू प्रविधिमैत्री बनाउँदै लगिएको प्रधानाध्यापक महानन्द मेहताले जानकारी दिनुभयो। स्थानीयतालाई सुस्पष्ट रूपमा बुझेको र सोही अनुरूपका क्रियाकलाप सञ्चालन गर्दै बाल सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यले दुई वटा कक्षालाई प्रविधिमैत्री बनाएएको जनाइएको छ।

बालबालिकाको भविष्यलाई दृष्टिगत गर्दै संस्कार, अनुशासन र सुरक्षालाई विशेष ध्यान दिई बालबालिकाको मानसिक विकास तथा शारीरिक वृद्धिमा टेवा पुग्ने खालका गतिविधि बढाउँदै लगिने मेहताले बताउनुभयो।

# औद्योगिक प्रदर्शनी तथा कृषि मेला सुरु

**धनकुटा समाचारदाता**
*धनकुटा, जेठ १० गते*

प्रदेशस्तरीय औद्योगिक प्रदर्शनी, कृषि मेला एवं खाना महोत्सव-२०८१ धनकुटामा उद्घाटन गरिएको छ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घले धनकुटा नगरपालिका-६ स्थित औद्योगिक ग्राममा मेला आयोजना गरेको हो।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मेला उद्घाटनका अवसरमा बोल्दै प्रदेश सरकारले २०८३ सालभित्र धनकुटामा एक सय शय्याको अस्पताल बनाउने बताउनुभयो। उहाँले भन्नुभयो “अस्पताल बनेपछि धनकुटाका छिमेकी जिल्लाका बासिन्दाले पनि सहज तरिकाले उपचार गराउन पाउने छन्।” कोशी प्रदेशको पहाडी क्षेत्रको पर्यटकीय प्रवर्धन गर्न आर्थिक वर्ष २०८०/८१ भित्रै प्रशासनिक कार्यालय स्थापना गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो।

उहाँले औद्योगिक ग्राममा थप विकास गर्न, संरचना थपी मजदुर आवास, कर्मचारी आवास लगायतका भौतिक पूर्वाधारमा जोड दिइने बताउनुभयो। उहाँले विदेशबाट आयात हुने फूललाई रोक लगाई धनकुटामै उत्पादन गर्न, सौन्दर्यका सामग्री, मेडिकललगायतका सामान उत्पादन गर्न धनकुटा नगरपालिकालगायत अन्य पालिकालाई पनि कोशी प्रदेश सरकारले रकम छुट्याउने उहाँले बताउनुभयो।





औद्योगिक मेला उद्घाटन गरिँदै ।

मेलामा कोशी प्रदेशका साना तथा घरेलु उद्योगबाट उत्पादित वस्तुको प्रदर्शनी र बिक्रीका साथै मनोरञ्जनात्मक प्रस्तुति रहने छन्। मेलामा घरेलु उत्पादन, स्थानीय खानाका परिकार र स्थानीय आठपहरिया जातिको खानाका परिकार गरी जम्मा ३० वटा स्टल रहनुका साथै मेलाको २० हजार आन्तरिक पर्यटकले अवलोकन गर्ने र करिब दुई करोड रुपियाँ बराबरको कारोबार हुने अपेक्षा रहेको आयोजकले जनाएको छ।

धनकुटाको औद्योगिक ग्रामलाई प्रवर्धन गर्दै आर्थिक गतिविधि बढाउने उद्देश्यले मेला आयोजना गरिएको घरेलु तथा साना उद्योग कार्यालय धनकुटाका प्रमुख ईश्वर थापाले बताउनुभयो।

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

काठमाडौँ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. २ (साविक आलापोट गा.वि.स. वडा नं. २) बस्ने शुभद्रा फुयालले मेरा बूढा ससुरा रघुनाथ फुयालको नाममा नापनक्सा भई स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा रहेकोमा ज.ध. रघुनाथ फुयालको मिति : १९९८ सालमा निजकी पत्नी तुलसा देबि फुयालको मिति २००० सालमा आ-आफ्नै कालगतिले परलोक भई हक खाने हकदारहरूमा छोरा नन्द प्रसाद फुयाल-१ जना मात्र रहेकोमा निजको मिति २०१९ मा, निजकी पत्नी हरिमाया फुयालको मिति २०21 सालमा मृत्यु भई हकदारहरूमा शिबहरि फुयाल-१, मनहरी फुयाल-१ गरी २ भएकोमा शिबहरी फुयालको मिति २०३० सालमा, निजकी पत्नी भुना देबि फुयालको मिति २०३३ सालमा मृत्यु भई हकदारहरूमा छोराहरू शम्भु प्रसाद फुयाल-१, भोला प्रसाद फुयाल -१, हरि केशव फुयाल-१ गरी ३ जना रहेको र मनहरी फुयालको मिति २०५६/११/२८ मा मृत्यु भई हकदारमा श्रीमती शुभद्रा फुयाल-१, छोरा प्राणनाथ फुयाल-१, दिनानाथ फुयाल-१ गरी ६ जना हकदारहरू भएकोले हामी हकदारहरूको नाउँमा साविक लगत चागु नं. २३४२ भिडी दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको, साथै उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स-प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**फिल्डबुकको व्यहोरा** **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| आलापोट | २ | १४८ | ०-३-२-० | जय नारायण फयल का.ई. अकासेटार | रघु नाथका नाउँको नंबरी हो मइले जोती खाएको छु। | |
| आलापोट | २ | १४६ | ०-७-२-० | भब प्रसाद फयल का.ई. आकासेटार | यो जग्गा बाजे रघुनाथका नाउँको नंबरी हो मईले जोतेको छु। | |
| आलापोट | २ | १७९ | ०-३-२-० | भव प्रसाद फयल का.ई. आकासेटार | यो जग्गा बाजे रघुनाथका नाउँको नंवरी हो र मईले जोती खाएको छु। | |

**पुनश्च** : मि.नं. २०२ मिति २०८०।१२।१४ को मिसिल भडेको देखिन्छ।

# बालबालिकाको कान उपचार केन्द्र स्थापना

यस क्षेत्रका बालबालिकाको कानसम्बन्धी जाँच र उपचारको व्यवस्था गर्न आवश्यक प्रबन्ध मिलाइएको छ।

**दमक समाचारदाता**
*दमक, जेठ १० गते*

झापाको दमकस्थित काठमाडौँ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) दमक बाल अस्पतालमा बालबालिकामा कान नसुन्ने समस्याको जाँच र उपचार केन्द्र स्थापना गरिएको छ। किओचका अध्यक्ष एवं वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाका अनुसार यस क्षेत्रका बालबालिकाको कानसम्बन्धी जाँच र उपचारको व्यवस्था गर्न आवश्यक प्रबन्ध मिलाइएको छ।

दमक बाल अस्पतालमा बिहीबार भएको कार्यक्रममा बोल्दै डा. कोइरालाले यहाँ उपचार हुन नसक्ने बिरामीका लागि अन्यत्र पनि उपचारको व्यवस्था मिलाइने जानकारी दिनुभयो। यहाँ उपचार सम्भव नभएमा त्यस्ता बालबालिकामा हुने जटिल र गम्भीर रोगको उपचारका लागि सहज र सुलभ गराउने उद्देश्यले काठमाडौँको बुढानीलकण्ठ नगरपालिकामा अत्याधुनिक बाल अस्पताल निर्माणाधीन छ।

ओपिडी सेवा, आकस्मिक सेवा, सघन उपचारलगायत बालबालिकाका धेरै किसिमका रोगका उपचार दमक बाल अस्पतालमा यसअघि नै सुरु भइसकेको र कानसम्बन्धी उपचारका लागि आवश्यक उपकरण व्यवस्थापन गरी जाँच तथा उपचारको बन्दोबस्त मिलाइएको डा. कोइरालाले जनाउनुभयो।

अस्पतालका मेडिकल डाइरेक्टर डा. जयमणि श्रेष्ठका अनुसार विद्यालय तथा समुदायमा गएर कानको समस्या भएका बालबालिकाको जाँच र उपचार गरिने लक्ष्य छ। श्रेष्ठले भन्नुभयो, “हामी समुदायमै गएर जाँच गरी उपचारका लागि अस्पतालमा ल्याउने छौँ।”

श्रेष्ठका अनुसार सुरुवात भएको एक वर्षको अवधिमा ५० हजारभन्दा बढी बालबालिकाले उपचार पाएका छन्। थप नयाँ सेवा सुरु भइरहेको छ। बालबालिकाका कतिपय रोगको शल्यक्रिया पनि सुरु भएको छ। ५० शय्याको अस्पतालमा अहिले कोशी प्रदेशका अधिकांश जिल्लाका बिरामी उपचारका लागि आउने गरेका छन्।

**LUMBINI TECHNOLOGICAL UNIVERSITY**
**Nepalgunj, Banke**

**Invitations for Sealed Quotations**

**Date of Publication :** 2081/02/11 (24 May, 2024)
**Sealed Quotation No. : LTU/G/SQ/NCB-3/080/081**

1. The Lumbini Technological University invites sealed quotations from registered Suppliers for the **Supply & Delivery Of Equipment's For Chemistry Lab In Lumbini Technological University, Nepalgunj, Banke.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Lumbini Technological University,Nepalgunj, Banke info@ltu.edu.np, 081-539601.
3. A Complete set of Bidding documents may be purchased from the office of **LUMBINI TECHNOLOGICAL UNIVERSITY, Nepalgunj, Banke** by eligible bidders on the submission of a written application, along with a copy of company/firm registration certificate, Business License, Letter of Authorization VAT/PAN Registration and TAX clearance certificate up to 2079/080 upon payment of a non- refundable fee on Revenue Head Account as stated below.
4. The deadline for bid purchase is **2081/02/24 (June 6th 2024)** office hours.
5. Bid shall be shall be submitted in employer's address on/within **2081/02/25 (June 7th 2024), 12:00 Hrs**. and bid shall be opened in the presence of bidder's representatives on **2081/02/25 (June 7th 2024), 14:00 Hrs**. in employer's address. Bids received after this deadline will be rejected.
6. The Bidder is required to deposit the non-refundable fee of **NRs. 1,000** in the **Revenue Head Account No. 1000100200010000 Revenue Head: 14229** and attach the copy of the bank deposit Voucher with bid document.
7. Bid Security (Cash/Bid bond) should be deposited in Dharuti Khata of LUMBINI TECHNOLOGICAL UNIVERSITY, NEPALGUNJ, BANKE.
   **Name of the Bank : Rastriya Banijya Bank, Nepalgunj, Banke**
   **Name of Office : Lumbini Technological University, Nepalgunj Banke.**
   **Office Code no. : 3500057055**
   **Deposit Account no. : KHA-2-3: DHARAUTI A/C (PARA.LE.NI.KA ) 4130100202030000**
8. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a **minimum of NPR 50,000/-**which shall be valid for 30 days beyond the validity period of the bid 2081/05/05 ( Aug 21 2024).
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Registrar**

**Government of Nepal**
**Ministry of Health & Population**
**Department of Health Services**
**Management Division**
**Teku, Kathmandu**

**Re-Invitation for Electronic Bids**

Date of Publication : **24 May 2024**
**IFB No. DOHS/NS/NCB-3/MD/2080-81**

1. Government of Nepal (GoN) has allocated fund toward the cost of **Laboratory Testing of Medical Goods** and intends to apply a portion of this fund to eligible payments under the Contract for which this Request for Proposal is invited for National Testing Laboratories. Bidding is open to all eligible national bidders.
2. Interested eligible bidders may obtain further information and inspect the Bidding Documents from the Management Division (MD), Department of Health Services, Teku, Kathmandu on GoN official working days from the date of IFB publication between office hours or, may visit e-GP system: **https://bolpatra.gov.np/egp**
3. Bidding documents is available online and can be downloading from e-GP system: **https://bolpatra.gov.np/egp** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document NP**R. 3,000.00** in the following bank.
   Name of the Bank : **Rastriya Banijya Bank, Teku Kathmandu**
   Name of the Office : **Department of Health Services Teku, Kathmandu.**
   Office Code No. : **370-013-501**
   Office Account No. : **1000-2000-10000**
   Revenue Head No. : **14229**
4. Electronic Bids must be submitted to the Department of Health Services, Management Division, Teku, Kathmandu, Nepal through **https://bolpatra.gov.np/egp** on or before **13:00 Hour on 9 June 2024.**
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **13:00** Hour on **9 June 2024** at the office of Department of Health Services, Management Division, Teku, Kathmandu, Nepal.
6. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security of **NPR. 1,40,000.00** which shall be valid for 30 days beyond the bid validity period (i.e., **valid up to 7 October 2024**). If the last date of opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the DOHS reserve the right to amend and correct at any time.

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १३८७०० ▼ |
| तेजावी सुन | : | १३८०५० ▼ |
| चाँदी | : | १८६५ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २१३१.४९ (१५.५४) ▲ |
| कारोबार रकम | : | ५,६८७,६८०,९१२ ▲ |
| कारोबार भएका सेयर | : | १४,४१९,५२१ |
| कारोबार सङ्ख्या | : | ७८,०५१ |
| कारोबार भएका कम्पनी | : | ३१८ |

## दस महिनामा दुई हजार विदेशीलाई श्रम स्वीकृति

**सीता शर्मा**
*काठमाडौँ, जेठ १० गते*


गोरखापत्र

नेपालबाट रोजगारीको खोजीमा दैनिक औसतमा दुई हजार नेपाली युवा विदेश गइरहेका बेला नेपालमा भने विदेशी उच्च दक्ष जनशक्ति आएर काम गरिरहेका छन् । नेपालबाट रोजगारीकै लागि श्रम स्वीकृति लिएर बिदेसिने युवाको ठुलो सङ्ख्या सामान्य दक्ष, अर्धदक्ष र अदक्ष जनशक्ति हो।

यसबाहेक सानो सङ्ख्यामा उच्च दक्ष जनशक्ति पनि बाहिरिने गरेका छन् । श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा सरकारले एक हजार ९८८ विदेशी नागरिकलाई काम गर्ने अनुमति (श्रम स्वीकृति) दिएको छ । नेपालमा उच्च दक्ष जनशक्ति नपाएको अवस्थामा विदेशी राख्न पाउने कानुनी व्यवस्था छ । नेपालमा खास गरी विदेशी लगानीमा निर्माण भइरहेका ठुला आयोजना तथा परियोजनामा काम गर्न विदेशी आउने गरेका छन्।

त्यसो त वैदेशिक रोजगार विभागका अनुसार चालु आवको १० महिनामा छ लाख १२ हजार ९१० जना रोजगारीका लागि बिदेसिएका छन् । रोजगारीका लागि दैनिक औसतमा दुई हजार जनशक्ति विदेश पठाउने मुलुक आफैँले भने दक्ष जनशक्तिको अभाव झेल्नु परिरहेको छ। सरकारले विगतदेखि नै स्वदेशमा दक्ष जनशक्ति नपाउँदा विदेशी नागरिकलाई काम गर्ने अनुमति दिँदै आएको छ।

विभागका निर्देशक मणिनाथ गोपले आवको १० महिनाको अवधिमा नयाँ श्रम स्वीकृति लिने विदेशी श्रमिक घटेको देखिए पनि पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या भने अघिल्लो वर्षभन्दा बढेको बताउनुभयो।

विकास साझेदारको लगानीमा नेपालमा सञ्चालित परियोजना तथा विदेशी व्यावसायिक कम्पनीमा काम गर्न आउने विदेशीको सङ्ख्या क्रमशः घट्दो दरमा रहेको देखिन्छ। गत आवको वैशाखसम्म नवीकरण र नयाँ गरी दुई हजार ४६ विदेशी श्रमिकले श्रम स्वीकृति लिएका थिए। चालु आवमा नयाँ श्रम स्वीकृति र नवीकरण गर्नेको सङ्ख्या एक हजार ९८८ रहेको छ। यो हेर्दा गत वर्षको तुलनामा यो वर्ष ५८ जनाले घटेको छ।

विदेशी नागरिकको श्रम इजाजत व्यवस्थासम्बन्धी निर्देशिका, २०७५ ले नेपालमा उपलब्ध हुन नसकेका दक्ष जनशक्ति आयात गरी काममा लगाउन सकिने व्यवस्था गरेको छ तर नेपाल सरकारका विभिन्न निकायसँग भएका सम्झौताबमोजिमको सङ्ख्यामा विदेशी श्रमिकलाई काममा लगाउन पाउने व्यवस्थाले अदक्ष श्रमिकसमेत नेपालमा आउने गरेको पाइन्छ।

दक्ष नेपाली श्रमिकले स्वदेशमै रोजगारी नपाउने र विदेशी अर्धदक्ष श्रमिकसमेत नेपालमा प्रवेश गरी काम गर्ने प्रवृत्ति छ। यसले अर्बौं रुपियाँ विदेश जाने गरेको छ। विदेशीले काम गर्ने कतिपय परियोजनाले नेपाली श्रमिकलाई कटौती गरी विदेशी श्रमिक यथावत् राख्ने गरेको पाइएको छ।

नेपालमा उपलब्ध हुन नसक्ने दक्ष विदेशी श्रमिकलाई मात्र श्रम स्वीकृतिका लागि सम्बन्धित मन्त्रालय/विभागको सिफारिस एवं गृह मन्त्रालयको कार्यसहमतिका आधारमा श्रम स्वीकृति प्रक्रिया मिलाउनुपर्ने नीतिगत सुधारको आवश्यकता रहेको छ। विभागले नेपालमा काम गर्ने विदेशीलाई अधिकतम छ वर्षसम्म मात्र नवीकरण हुने जनाएको छ । यसैगरी एकै प्रकृतिको कामका लागि श्रम स्वीकृति लिने श्रमिकको सिप नेपालीलाई सिकाएर विदेशीलाई प्रतिस्थापन गर्नुपर्ने नियम रहेको छ।

विभागका अनुसार नेपालमा रहेका एयरलाइन्स, इलेक्ट्रोनिक कम्पनी, खानेपानी, नहर तथा हाइड्रोपावर कम्पनीमा धेरै विदेशी कार्यरत छन्। रसुवागढी, त्रिशूली, मध्य भोटेकोशी, काबेली हाइड्रोपावर कम्पनी, दोहा इन्जिनियरिङ कम्पनी, हुवावे टेक्नोलोजी, हिमालय एयरलाइन्स, नेपाल एयरलाइन्समा समेत उच्च प्राविधिक श्रमिक विदेशी रहेको विभागले जनाएको छ।

विभागले सार्वजनिक गरेको तथ्याङ्कमा नेपालमा रोजगारीका लागि ६९ देशका नागरिकले श्रम स्वीकृति लिएकामध्ये सबैभन्दा बढी चिनियाँ छन् । श्रम ऐनमा नेपालमा सञ्चालन भएका प्रतिष्ठानले पाँच प्रतिशत मात्र विदेशी श्रमिक राख्न सकिने प्रावधान छ।

विभागका अनुसार आव २०७९/८० मा विकास साझेदार कम्पनीको लगानीमा नेपालमा सञ्चालित परियोजना तथा विदेशी व्यावसायिक कम्पनीमा काम गर्न नेपालबाट श्रम स्वीकृति लिने विदेशीको सङ्ख्या दुई हजार ९९४ रहेको छ । जसमा नयाँ एक हजार ३६९ रहेका छन् भने श्रम नवीकरण गर्नेको सङ्ख्या एक हजार ६२५ रहेको छ। जबकि आव २०७८/७९ मा यो सङ्ख्या दुई हजार १८१ थियो। जसमा नयाँ ९५० जना थिए भने श्रम नवीकरण गर्ने एक हजार २३१ जना थिए।

## लुम्बिनी गुरुयोजनाको प्रगति सुस्त गतिमा



**भैरहवा समाचारदाता**
*भैरहवा, जेठ १० गते*

सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको लुम्बिनी गुरुयोजना ४६ वर्षसम्म पूरा भएको छैन । चालु आर्थिक वर्षमा अधिकांश बजेट कटौती हुँदा लुम्बिनी विकास कोषका पदाधिकारी असन्तुष्ट छन्।

लुम्बिनी विकास कोषले पाँच वर्षअघि गुरुयोजनाको काम ८२ प्रतिशत पूरा भएको बताएको थियो। कोषले अहिले ८३ प्रतिशत मात्रै पुगेको बताएको छ। पछिल्लो पाँच वर्षमा लुम्बिनी गुरुयोजनाको काम जम्मा करिब तीन प्रतिशतमै सीमित रहेको छ।

२५६३ औँ बुद्ध जयन्तीमा गुरुयोजनाको ८२ प्रतिशत काम पूरा भएको प्रतिवेदन सार्वजनिक गरिएकामा पाँच वर्षपछि ८५ प्रतिशत मात्र काम पूरा भएको विवरण कोषले सार्वजनिक गरेको छ।

दुई वर्षअगाडि नै गुरुयोजना अन्तर्गतका छ वटा भवन, फोहोर व्यवस्थापन, नदी डाइभर्सनबाहेकका काम सम्पन्न भएको भनिए पनि धेरै योजना बहुवर्षीय ठेक्का लागिसकेकाले निर्माणाधीन अवस्थामा रहेका छन्।

गुरुयोजना क्षेत्रभित्र शुद्ध पानी वितरणका निम्ति ११ लाख लिटर क्षमताको भूमिगत तथा तीन लाख लिटर क्षमताको दुई वटा विशेष डिजाइन भएको पानी ट्याङ्की, करिब २५ किलोमिटर क्षेत्रमा पानी वितरण प्रणाली सम्पन्न भएको कोषले जनाएको छ।

जापानी वास्तुविद् प्राध्यापक केन्जो टाङ्गेले सन् १९७२ मा सुरु गरेर १९७८ मा लुम्बिनीको गुरुयोजना तयार गरी सरकारलाई हस्तान्तरण गर्दा १५ वर्षमा सम्पन्न हुनुपर्ने लक्ष्य राखिएको थियो।

संयुक्त राष्ट्रसङ्घका तेस्रो महासचिव उथान्त सन् १९६७ अप्रिल १३ मा लुम्बिनी आउँदा लुम्बिनीको अवस्था अस्तव्यस्त र लथालिङ्ग देखेपछि नेपाल सरकारसमक्ष लुम्बिनी विकासको गुरुयोजना बनाएर अघि बढ्न प्रस्ताव गरेपछि उहाँकै प्रस्ताव अनुसार नै टाङ्गेले लुम्बिनीको गुरुयोजना बनाउने जिम्मा पाउनुभएको थियो । गुरुयोजना तयार हुँदा ५५ मिलिनियन अमेरिकी डलरमा सम्पन्न हुने अनुमान गरिए पनि त्यसको लागतलाई अहिले मूल्याङ्कन गरिएको छैन।

कुल एक हजार १५५ बिघा क्षेत्रफललाई गुरुयोजनामा समेटेर तीन भागमा विभाजन गरिएको थियो । एक हजार १५५ बिघा तीन वर्गमाइलमा समेटी पूर्वपश्चिम एक वर्गमाइल र उत्तर दक्षिण तीन वर्गमाइलमध्ये दक्षिणतर्फको एक वर्गमाइल जमिनलाई उद्यान क्षेत्र, एक वर्गमाइललाई अन्तर्राष्ट्रिय विहार क्षेत्र र अर्को एक वर्गमाइल क्षेत्रलाई नयाँ लुम्बिनी ग्राम गरी तीन भागमा विभाजन गरेर गुरुयोजना बनाइएको थियो।

१५ वर्षमा सम्पन्न हुनुपर्ने गुरुयोजना अनुसारको काम साढे चार दशक पूरा हुँदा पनि अझै बाँकी छ। विकास कोषका उपाध्यक्ष ल्यारकल लामाले सरकारले पनि पर्याप्त बजेट विनियोजन नगर्दा गुरुयोजनाको काम यो अवस्थामा पुगेको र अझै यस्तै रहे धेरै वर्ष गुरुयोजना पूरा हुन नसक्ने बताउनुभयो।

उहाँले सरकार लुम्बिनीको विकासका लागि उदासीन रहेको र स्रोत जुटाएर काम गर्ने वातावरण पनि नरहेको बताउनुभयो । लामाले भन्नुभयो, "विश्वभरि लुम्बिनीको सकारात्मक सन्देश जाने बुद्ध जयन्ती समारोह मनाउनका लागि त सरकारले बजेटको व्यवस्था गर्न चासो देखाउँदैन, अर्थ मन्त्रालयमा बजेट माग गर्न जाँदा भिख माग्न गएजस्तो अनुभूति भयो, सरकारको यस्तो व्यवहारले धेरै दुःखी बनाएको छ, अब यस्तो नहोस्।"

विकास कोषका सदस्यसचिव सानुराजा शाक्यका अनुसार लुम्बिनी गुरुयोजनाका लागि हालसम्म पाँच अर्ब रुपियाँभन्दा बढी रकम खर्च भइसकेको छ। अहिलेको अवस्थामा गुरुयोजना पूरा गर्न अझै तीन अर्ब रुपियाँभन्दा धेरै बजेट आवश्यक पर्छ।

विकास कोषका प्रमुख प्रशासकीय अधिकृत ज्ञानिन राईले सरकारले बजेट सुनिश्चितता गरे एक वर्षमा गुरुयोजनाको काम सम्पन्नको दिशामा जाने दाबी गर्नुभयो।

## रावा बैङ्कको सिइओमा खनाल

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*



राष्ट्रिय वाणिज्य बैङ्कका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा देवेन्द्ररमण खनाल नियुक्त हुनुभएको छ।

बैङ्कको सिइओबाट किरणकुमार श्रेष्ठको कार्यकाल सकिएपछि सिइओ पद खाली थियो । सिइओका लागि छनोटमा परेका पाँच जनामध्येबाट राष्ट्रिय वाणिज्य बैङ्क सञ्चालक समितिको बिहीबार बसेको बैठकले खनाललाई आगामी चार वर्षका लागि नियुक्त गरेको हो।

सिइओका लागि १९ जनाले आवेदन दिएका थिए । त्यसमध्ये अन्तर्वार्ताका लागि कृष्णबहादुर अधिकारी, देवेन्द्ररमण खनाल, प्रकाशचन्द्र अधिकारी, विष्णुदेव यादव र शङ्कर केसीसमेत पाँच जना छानिएका थिए।

चार्टर्ड एकाउन्टेन्टसमेत रहेका खनालले व्यवस्थापनमा स्नातकोत्तर, कानुनमा एलएलबी गर्नुभएको छ।

## तमोर–मेवा जलविद्युत् आयोजनाको शिलान्यास



**चन्द्र पन्दाक**
*ताप्लेजुङ, जेठ १० गते*

ताप्लेजुङमा बनाउन लागिएको तमोर–मेवा जलविद्युत् आयोजनाको शिलान्यास गरिएको छ। १२८ मेगावाट क्षमताको तमोर–मेवा जलविद्युत् आयोजनाको बिहीबार शिलान्यास गरिएको हो।

तमोर–मेवा जलविद्युत् आयोजनाको प्रवर्धक स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडका अध्यक्ष भानेन्द्रकुमार लिम्बूले शिलान्यास भएसँगै आयोजना निर्माणको चरणमा प्रवेश गरेको बताउनुभयो।

उहाँले आयोजना निर्माणको काम चरणबद्ध सुरु हुने पनि जानकारी दिनुभयो। उहाँका अनुसार आगामी २०८५ साल असोजभित्र विद्युत् उत्पादन गर्ने गरी निर्माणको कामलाई अघि बढाइने छ।

आयोजनाको कुल लागत भने करिब साढे २४ अर्ब रुपियाँ अनुमान गरिएको प्रवर्धक कम्पनीले जनाएको छ । फुङलिङ नगरपालिका, मिक्वाखोला गाउँपालिका, मेरिङदेन गाउँपालिका तथा आठराई त्रिवेणी गाउँपालिकाका केही वडा आयोजनाको प्रभावित क्षेत्रमा पर्दछन्।

मेवा र तमोर दुवै खोला तथा नदीको पानी उपयोग गर्न दुई वटा मुख्य सुरुङ निर्माण गरिने र दुवै सुरुङको लम्बाइ करिब नौ किलोमिटरको हुने जनाइएको छ।

## जलवायुमैत्री लगानी विस्तारका लागि अन्तर्राष्ट्रिय समुदायलाई आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा जलवायुमैत्री लगानी विस्तारका लागि अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको छ । राजधानीको चन्द्रागिरिमा आयोजित हिमाल, मानिस र जलवायु परिवर्तन विषयक अन्तर्राष्ट्रिय विशेषज्ञ संवादमा उहाँले जलवायु वित्त व्यवस्थापन र दिगो विकासका पहलमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहनेमा जोड दिनुभयो।

ढकालले नेपालको प्राकृतिक सम्पदा दिगो विकासमा सदुपयोग गर्न नेपाल सरकार तथा निजी क्षेत्र प्रतिबद्ध रहेको बताउनुभयो । ढकालले प्रतिकूलता न्यूनीकरण, जोखिम न्यूनीकरण र दिगो अर्थतन्त्र विस्तारका लागि जलवायु वित्त व्यवस्थापनको महत्त्वपूर्ण आवश्यकताबारे जोड दिनुभयो । छलफलमा ढकालले नेपालको जलवायुमैत्री लगानीमा नेपालले गरेका पहल उदाहरणसहित प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा उहाँले ग्लोबल आइएमई बैङ्क र ग्लोबल क्लाइमेट पार्टनरसिप फन्डबिचको २५ मिलियन डलर सम्झौताले कार्बन उत्सर्जन र ऊर्जा माग घटाउने उद्देश्य राखेका परियोजनालाई वित्तीय



सहायता गर्ने उहाँले जानकारी दिनुभयो।

"सो स्रोतले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका परियोजनालाई बलियो बनाउने छ, लघु, साना तथा मझौला उद्योगलाई लाभ पुऱ्याउने र नेपालको जलवायु प्रतिरोध क्षमता बढाउने छ," उहाँले भन्नुभयो।

उहाँले निजी क्षेत्रले नेपालमा जलवायुमैत्री लगानी विस्तार गरेको बताउँदै जलविद्युत्, सौर्य ऊर्जा, कृषि, पर्यटन तथा अन्य क्षेत्रमा उल्लेख्य मात्रामा लगानी गरेको जानकारी दिनुभयो । जलविद्युत्मा निजी लगानीले एक हजार ७४४ मेगावाट विद्युत् उत्पादन गरेको भन्दै ढकालले ग्रामीण क्षेत्रमा सौर्य ऊर्जा परियोजना बढ्दै जाँदा गैरनवीकरणीय स्रोतप्रति निर्भरता घटाउँदै गएको उहाँको भनाइ थियो। विद्युतीय सवारीसाधनमा कम भन्सार शुल्क जस्ता सरकारी नीतिहरूले नवीकरणीय ऊर्जातर्फको यात्रालाई थप प्रोत्साहन गरेको र यसमा निजी क्षेत्रको पनि महत्त्वपूर्ण भूमिका रहेको उहाँको भनाइ थियो।

पर्यावरणमैत्री पर्यटन र केबुलकार परियोजनाको प्रवर्धनले पनि कार्बन उत्सर्जन घटाउन र दिगो विकासलाई प्रवर्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको अनुभव उहाँले सुनाउनुभयो । ढकालले जलवायु मैत्रीपूर्ण लगानीको निरन्तर विस्तार र सशक्त सार्वजनिक–निजी साझेदारीका लागि उहाँले आह्वान गर्नुभयो । राष्ट्रिय रणनीतिमा जलवायु वित्तीय व्यवस्थापनको समावेशीकरण, अनुदान र प्रविधि हस्तान्तरणका लागि अन्तर्राष्ट्रिय साझेदारसँग सहयोगको अपेक्षा उहाँले गर्नुभयो । यस किसिमको साझेदारीले नेपालको सन् २०४५ सम्म शून्य उत्सर्जनको लक्ष्य भेट्याउन सहयोग पुग्ने उहाँको आकलन थियो । ढकालले जलवायु वित्तीय व्यवस्थापनका लागि नेपालको निजी क्षेत्रको प्रतिबद्धता पुनः पुष्टि गर्दै सम्भावित साझेदारलाई जलवायु परिवर्तनको समाधानमा सहकार्य गर्न प्रोत्साहित गर्नुभयो।


**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मधेश प्रदेश, बारा, कलैया**

**आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना**

**प्रथम पटक प्रकाशित गरिएको सूचना मिति : २०८१।०२।११**

यस उपमहानगरपालिकाले गत विगत वर्षहरूमा आय सङ्कलनका लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शीर्षकहरूमा ठेक्काबाट कर शीर्षकमा उठाउनका लागि ठेक्का बन्दोवस्त गर्नुपरेकोले तपसिलको सर्तहरूको अधीनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरूले १५/३० दिनभित्र बोलपत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का शीर्षक | ठेक्का अवधि | वार्षिक न्यूनतम अङ्क रु. | बोलपत्र फाराम दस्तुर रु. | सूचनाको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| ३०/०८०।०८१ | वातावरण संरक्षण कर तथा कवाडी कर | २०८१।०८२ | १,५०,००,००० | ३,००० | ३० दिने | |
| ३१/०८०।०८१ | कलैया हाट बजार (दरबार चौक, बरेवा चौक र श्री दुर्गा चौक समेत) | २०८१।०८२ | ३८,००,००० | ३,००० | ३० दिने | |
| ३२/०८०।०८१ | विज्ञापन कर | ०८१।०८२ देखि ०८५।०८६ सम्म | १८,००,००० | १,००० | १५ दिने | |
| ३३/०८०।०८१ | कलैया–७ को माछा पोखरी | ०८१।०८२ देखि ०८५।०८६ सम्म | ३५,००,००० | ३,००० | ३० दिने | |
| ३४/०८०।०८१ | कलैया–६ को साप्ताहिक खसी बजार | २०८१।०८२ | २०,००,००० | ३,००० | ३० दिने | |
| ३५/०८०।०८१ | कलैया–१ को माछा पोखरी | ०८१।०८२ देखि ०८५।०८६ सम्म | ३,२५,१०१ | १,००० | १५ दिने | |
| ३६/०८०।०८१ | कलैया–१९ को माछा पोखरी | ०८१।०८२ देखि ०८५।०८६ सम्म | ३,०६,००० | १,००० | १५ दिने | |

**अन्य सर्तहरू**

१) बोलपत्र दाताले खामको बाहिरपट्टि ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रस्ट लेख्नुपर्नेछ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथि उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले १५/३०औँ दिनसम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.व. ०७९।०८० को कर चुक्ता पत्रहरूको प्रमाणित प्रतिलिपि अनिवार्य पेस गर्नुपर्नेछ।
४) सूचना प्रकाशित भएको मितिले १५/३०औँ दिन सम्ममा खरिद गरी १६/३१औँ दिनमा दिनको १२:०० बजेभित्र कलैया उपमहानगरपालिका, बारामा सिलबन्दी बोलपत्र दर्ता गराइसक्नुपर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्र दाताहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५) यस सूचनामा उल्लेख नभएका सर्तहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
६) मूल्य अभिवृद्धि कर लगायतका करहरू ठेकेदार स्वयंले तिर्नुपर्नेछ।
७) अगामी किस्ता रकम बापत बैंक ग्यारेन्टी वा नगद जम्मा गर्नुपर्नेछ।
८) पोखरीहरूको हकमा पोखरी मर्मत गर्नुपरेमा ठेकेदार स्वयंले मर्मत गर्नुपर्नेछ।
९) बोलपत्रको साथ आफूले कबोल गरेको ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा.बैंक कलैया शाखामा रहेको खाता नं. १२६०१००३०३००००४ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको बिडबन्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ।
१०) ठेक्का सम्बन्धी अन्य थप कुराहरू बुझ्नुपरेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# पूर्वाधार सुधारमा जोड




**पर्सा समाचारदाता**
*पर्सा, जेठ १० गते*

नेपाल र भारतका उच्च अधिकारी तथा उद्योगी व्यापारीले नेपाल र भारतको सम्बन्ध स्थापना भएदेखि चलिआएको व्यापारमा समयानुकूल परिवर्तन र आवश्यकता अनुसार व्यापार सहजीकरणका लागि पूर्वाधार सुधारमा आमूल परिवर्तन र झन्झटिलो प्रक्रिया सुधार गरी नयाँ ढङ्गबाट अगाडि बढ्न दुवै मुलुकको सहकार्य तथा लचकता हुनुपर्ने बताएका छन्।

उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशको संयुक्त आयोजना तथा नेपाल च्याम्बरको सहकार्यमा वीरगन्जमा बिहीबार आयोजना भएको नेपाल–भारत मल्टिमोडेल लजिस्टिक एन्ड कनेक्टिभिटी बैठकलाई सम्बोधन गर्दै लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टले नेपाल–भारतको व्यापार सहजीकरण तथा पूर्वाधार सुधार, विकास निर्माणका लागि सरकारले धेरै महत्त्वपूर्ण कार्य गरिरहेकाले केही समयमै व्यापारी तथा उद्योगीले त्यसको प्रत्याभूति गर्ने बताउनुभयो।

उहाँले रूपान्तरणको प्रक्रियामा रहेका जलविद्युत् आयोजनालगायतका क्षेत्रमा परिणाम आउने गरी काम भइरहेकाले उच्च मनोबलका साथ लगानी गर्न विदेशी तथा स्वदेशी लगानीकर्तासँग आग्रह गर्नुभयो।

भारतस्थित कोलकाता नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत ईश्वरराज पौडेल र वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मिनाले दुई मुलुकको व्यापार सहजीकरण तथा पूर्वाधार विकासमा योजनाबद्ध रूपमा अगाडि बढेमा व्यापार सहजीकरणमा देखिएका धेरै समस्याको निराकरण हुने र व्यापार व्यवसायले गति लिने बताउनुभयो।

उहाँहरूले हालको व्यापार पोर्ट (बन्दरगाह) मा बढी निर्भर हुने गरेकामा सुक्खा बन्दरगाहको बढी उपयोग गरी रेलमार्गबाट सामान ढुवानी गर्दा ढुवानी कम लाग्ने तथा सामानको सुरक्षाको बढी ग्यारेन्टी गर्न सकिने भएकाले यसका लागि व्यवसायी तथा दुवै मुलुकको सरकारको ध्यान केन्द्रीकृत हुनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा उद्योग वाणिज्य मधेश प्रदेशका अध्यक्ष अशोक टेममानीले नेपालको ७० प्रतिशतभन्दा बढी व्यापार भारतमा निर्भर हुने गरेकाले ढुवानी लागत कम हुने गरी भन्सार प्रक्रिया पारदर्शी तथा झन्झटमुक्त तथा ठुलो परिमाणका सामानका लागि मात्रै नभई साना प्रकृतिका सामानको पनि सहज ढुवानीका लागि सुक्खा बन्दरगाहको अधिकतम प्रयोग हुनुपर्नेमा जोड दिनुभयो।

पत्रकार चन्द्रकिशोरले दुवै मुलुकको व्यवसायको स्थलगत निरीक्षण र पहिचान गरी मुलुकको अन्य ठाउँमा दूतावास राख्न सल्लाह दिनुभयो।

कार्यक्रममा वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, नेपाल–भारत उद्योग वाणिज्य सङ्घ वीरगन्ज शाखाका अध्यक्ष अभिशेष चौधरी, यातायात विकास बोर्डका कार्यकारी निर्देशक आशिष गजुरेललगायतले व्यापार सहजीकरणका लागि मार्ग स्पष्ट गरी लगानीमैत्री वातावरण बनाउन सबै पक्षसँग आग्रह गर्नुभएको थियो।

# अन्डा उत्पादनमा कमी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

गर्मी कारण अन्डा उत्पादनमा कमी आएको छ। उत्पादनमा कमी आएसँग लागत वृद्धि भएको अन्डा उत्पादन गर्ने किसानले जनाएका छन्।

नेपाल अन्डामा आत्मनिर्भर छ। यहाँ खपतभन्दा बढी अन्डा उत्पादन हुने गरेको छ तर यो गर्मीका कारण उत्पादनमा केही कमी आएको छ। कृषि मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा सात करोडभन्दा बढी कुखुरा छन्, त्यसमध्ये एक करोड ११ लाखभन्दा बढी कुखुराले फुल पार्ने गरेका छन्। वार्षिक एक अर्ब ५० करोड वटाभन्दा बढी अन्डा उत्पादन हुन्छ तर यो उत्पादनमा ह्रास आएको छ।

अन्डाको मूल्य बढेपछि उत्साहित कुखुरापालक किसान गर्मीका कारण उत्पादन घटेपछि निराश भएका छन्। उत्पादनमा कमी आएसँगै अन्डाको लागत बढेको छ। हाल एउटा अन्डा तयार गर्न १६ रुपियाँभन्दा बढी खर्च हुने गरेको छ जबकि यसअघि एउटा अन्डाको लागत मूल्य साढे १४ देखि १५ रुपियाँ पर्ने गरेको छ। त्यसले गर्दा उत्पादनमा कमी आएको नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेल बताउनुभयो। दैनिक ५० देखि ६० लाख उत्पादन हुने अन्डा गर्मीका कारण आधा अहिले आधा घटेका छन्।

गर्मीसँगै एच नाइन रोगका कारण पनि उत्पादनमा कमी आउने गरेको बताउँदै उहाँले किसानले कुखुरालाई एक छाक दाना खुवाउन नै छाडेको बताउनुभयो। लागत घटाउनका लागि कुखुरालाई दिउँसो दाना खुवाउन छाडिएको छ।

त्यसो त कोभिडका कारण खस्किएको ह्याचरी उद्योग अझै बन्न सकेको छैन। कोभिड महामारीका कारण बन्द भएका कतिपय उद्योग अझै सञ्चालनमा आएका छैनन्। नेपाल ह्याचरी उद्योग सङ्घका अनुसार चलेका उद्योगले पनि क्षमताभन्दा कम चल्ला उत्पादन गरिरहेका छन्। देशभर एक सातामा करिब ५० लाख चल्ला उत्पादन गर्ने क्षमता भए पनि हाल करिब २२ लाख चल्ला मात्रै उत्पादन भइरहेको सङ्घले जनाएको छ।

# आर्थिक वृद्धिदरमा गण्डकी अगाडि

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा धेरै हुने अनुमान गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रादेशिक कुल गार्हस्थ उत्पादनसम्बन्धी प्रक्षेपण अनुसार गण्डकी प्रदेशमा सबैभन्दा धेरै अर्थात् ४.५५ प्रतिशतको वृद्धिदर हुने छ। त्यसपछि लुम्बिनी प्रदेशमा ४.०५ प्रतिशत, बागमती प्रदेशमा ३.९६ प्रतिशत, मधेश प्रदेशमा ३.७८ प्रतिशत, कोशीमा ३.५१ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा ३.४१ प्रतिशत र कर्णाली प्रदेशमा ३.३९ प्रतिशत आर्थिक वृद्धिदर हुने कार्यालयको प्रारम्भिक अनुमान छ।

गण्डकी, लुम्बिनी र बागमतीबाहेक अन्य सबै प्रदेशको वृद्धिदर चालु आवका लागि अनुमान गरिएको राष्ट्रिय आर्थिक वृद्धिदरको तुलनामा कम हुने अनुमान गरिएको हो। चालु आवका लागि कार्यालयले नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत हुने अनुमान गरेको छ।

चालु आवमा मुलुकको अर्थतन्त्रको कुल आकार उपभोक्ता मूल्यमा ५७ खर्ब पाँच अर्ब अनुमान गरिएकामा सबैभन्दा ठुलो हिस्सा भने बागमती प्रदेशको हुने देखिएको छ। कार्यालयका अनुसार कुल अर्थतन्त्रमध्ये बागमती प्रदेशले ३६.४ प्रतिशत, कोशी प्रदेशले १५.८ प्रतिशत, लुम्बिनी प्रदेशले १४.३ प्रतिशत, मधेश प्रदेशले १३.१ प्रतिशत, गण्डकी प्रदेशले ९.१ प्रतिशत, सुदूरपश्चिम प्रदेशले ७.१ प्रतिशत र कर्णाली प्रदेशले ४.३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान रहेको छ। गत आवको तुलनामा कुल गार्हस्थ उत्पादनमा कोशी, मधेश, कर्णाली र सुदूरपश्चिमको योगदान केही घट्ने अनुमान गरिएको छ।

अर्थतन्त्रमा योगदानका आधारमा सबैभन्दा ठुलो हिस्सा ओगटेको बागमती प्रदेशको अर्थतन्त्रको आकार २० खर्ब ७५ अर्ब रुपियाँ पुग्ने अनुमान कार्यालयको छ। त्यसपछि कोशी प्रदेशको नौ खर्ब तीन अर्ब, लुम्बिनी प्रदेशको आठ खर्ब १४ अर्ब, मधेश प्रदेशको अर्थतन्त्रको आकार सात खर्ब ४८ अर्ब रुपियाँ पुग्ने अनुमान छ। सबैभन्दा धेरै आर्थिक वृद्धिदर हुने अनुमान गरिएको गण्डकी प्रदेशको अर्थतन्त्रको आकार पाँच खर्ब १७ अर्ब रुपियाँ पुग्ने अनुमान कार्यालयले गरेको छ। त्यस्तै सुदूरपश्चिम प्रदेशको चार खर्ब चार अर्ब र कर्णाली प्रदेशको अर्थतन्त्रको आकार दुई खर्ब ४४ अर्ब रुपियाँ पुग्ने अनुमान गरिएको छ।

औद्योगिक वर्गीकरण अनुसार बागमती प्रदेशबाहेक सबै प्रदेशमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ। बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढी देखिने कार्यालयले जनाएको छ। त्यसै गरी बागमती प्रदेशमा घरजग्गासम्बन्धी कारोबार तथा आफ्नै आवास सेवाको हिस्सा दोस्रो स्थानमा रहेको छ। कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन र रक्षा क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको देखिन्छ। बागमती र मधेश प्रदेशबाहेक सबै प्रदेशको कुल गार्हस्थ उत्पादनमा प्रशासनिक सहयोगी सेवा क्रियाकलापको योगदान सबैभन्दा न्यून देखिन्छ। बागमतीमा पानी आपूर्ति तथा फोहोर व्यवस्थापनसम्बन्धी क्रियाकलाप र मधेशमा खनिज तथा उत्खनन क्रियाकलापको योगदान सबैभन्दा न्यून देखिने पनि कार्यालयले उल्लेख गरेको छ।

### बागमतीको प्रतिव्यक्ति आय सबैभन्दा बढी

चालु आवमा बागमती प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा बढी हुने अनुमान गरिएको छ। कार्यालयका अनुसार बागमती प्रदेशको दुई हजार ४८४, गण्डकी प्रदेशको एक हजार ५५७, कोशी प्रदेशको एक हजार ३३६, लुम्बिनी प्रदेशको एक हजार १५९, सुदूरपश्चिम प्रदेशको एक हजार १११, कर्णाली प्रदेशको एक हजार ६६ र मधेश प्रदेशको ८९२ डलर हुने प्रारम्भिक अनुमान गरिएको छ। चालु आवमा राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन एक हजार ४३४ डलर हुने प्रारम्भिक अनुमान गरिएको छ।

# थाई एयरवेजको सेवा पुनः सुरु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

थाइल्यान्डको ध्वजावाहक एयरलाइन्स कम्पनी थाई एयरवेजले नेपालमा आफ्नो सेवा पुनः सुरु गरेको आधिकारिक रूपमा जानकारी दिएको छ। थाई एयरवेजले सन् १९६८ मा बैङ्ककदेखि कोलकाता हुँदै काठमाडौँसम्मको उडानमार्फत नेपालमा आफ्नो वायु सेवा सुरु गरेको थियो।

थाई एयरवेजको यो आधा शताब्दी लामो यात्रा कोभिड महामारीका कारण २०२२ मार्चमा रोकिएको थियो। थाई एयरवेजले २०२३ अक्टोबर २९ मा सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसेसलाई नेपालका लागि जनरल सेल्स एजेन्टका रूपमा नियुक्त गरेर आफ्नो सेवा फेरि सञ्चालन गरेको हो। हाल थाई एयरवेजले नेपालमा एयरबस ३२० न्यारोबडी एयरक्राफ्ट सञ्चालन गर्दै आएको छ। हाल थाई एयरवेजले ६० भन्दा बढी गन्तव्यमा एयरबस ३२० न्यारोबडी एयरक्राफ्ट, ७७७ एयरक्राफ्ट, ड्रिमलाइनर ७८७ र एयरबस ३५० एयरक्राफ्ट सञ्चालन गर्दै आएको छ।


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय अनुसन्धान विभाग**
बरफबाग, काठमाडौँ

**नेपाल विशेष सेवाको सहायक सूचक, सुरक्षा गार्ड र परिचर पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०२।११)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस विभाग एवं अन्तर्गतका कार्यालयहरूमा रिक्त रहेको सहायक सूचक (राजपत्र अनङ्कित चतुर्थ श्रेणी सरह), सुरक्षा गार्ड (राजपत्र अनङ्कित चतुर्थ श्रेणी सरह) र परिचर (श्रेणीविहीन) पदमा नेपाल विशेष सेवा नियमावली, २०४४ बमोजिम समावेशी प्रावधान अनुरूप खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहायका न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिएको छ। रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन। तोकिएको न्यूनतम योग्यता पुगेका सहायक सूचक पदका उम्मेदवारहरूले विभागको **https://nidept.gov.np** मा अनलाइन दरखास्त प्रणालीबाट र सुरक्षा गार्ड एवं परिचर पदका उम्मेदवारहरूले तोकिएको स्थानमा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नम्बर | पद तथा श्रेणी | सेवा | माग पद सङ्ख्या | खुला | समावेशी पद | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आदिवासी/जनजाति | मधेशी | महिला | दलित | पिछडिएको क्षेत्र |
| १ | ०१/०८०/८१ | सहायक सूचक (राजपत्र अनङ्कित चतुर्थ श्रेणी सरह) | नेपाल विशेष सेवा | २३४ | १२८ | ३३ | २९ | २२ | १६ | ६ |
| २ | ०२/०८०/८१ | सुरक्षा गार्ड (राजपत्र अनङ्कित चतुर्थ श्रेणी सरह) | | १६ | ९ | १ | २ | २ | १ | १ |
| ३ | ०३/०८०/८१ | परिचर (श्रेणीविहीन) | | २ | १ | - | १ | - | - | - |

सम्माननीय सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-wo-०३८२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रवन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरूमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. २०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुनगएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गरिनेछ।

(१) **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

क) सहायक सूचक पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एसएलसी वा एसईई वा सो सरहको उपाधि प्राप्त गरेको। ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्नेछ। विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए **नेपाल सरकारको निकायबाट** समकक्षता निर्धारण गरिएको प्रमाणपत्र पनि पेस गर्नुपर्नेछ।

ख) सुरक्षा गार्ड पदमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आठ कक्षा वा सो सरहको उपाधि प्राप्त गरेको। ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्नेछ।

ग) परिचर पदको हकमा साधारण लेखपढ गर्न जानेको हुनुपर्नेछ।

(२) **उम्मेदवारको उमेरको हद :-**

क) सहायक सूचक र सुरक्षा गार्ड पदका लागि छनोट हुने सालको वैशाख १ गते महिला र पुरुष दुवैको हकमा १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको (मिति २०५६।०१।०१ देखि २०६३।०१।०१ सम्म जन्म मिति भएका) हुनुपर्नेछ।

ख) परिचर पदका लागि २०८१ साल वैशाख १ गते महिला र पुरुष दुवैको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (मिति २०४६।०१।०१ देखि मिति २०६३।०१।०१ सम्म जन्म मिति भएका) हुनुपर्नेछ।

(३) **परीक्षाको किसिम :-**

| क) सहायक सूचक | ख) सुरक्षा गार्ड | ग) परिचर |
|---|---|---|
| लिखित परीक्षा | पूर्व योग्यता परीक्षा | पूर्व योग्यता परीक्षा |
| विस्तृत स्वास्थ्य परीक्षण | विस्तृत स्वास्थ्य परीक्षण | विस्तृत स्वास्थ्य परीक्षण |
| अन्तर्वार्ता | General Intelligence Test (GIT)-Verbal | - |
| - | अन्तर्वार्ता परीक्षा | अन्तर्वार्ता परीक्षा |

(४) **दरखास्त फाराम पेस गर्ने मिति :-**

क) सहायक सूचक पदका उम्मेदवारहरूको हकमा पहिलो पटक सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८१।०३।०८ सम्म) र दोब्बर दस्तुर बुझाई मिति २०८१।०३।१५ गतेसम्म थप दिन ७ हुनेछ।

ख) सुरक्षा गार्ड र परिचर पदका उम्मेदवारहरूको हकमा पहिलो पटक सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८१।०३।०८ सम्म) र दोब्बर दस्तुर बुझाई मिति २०८१।०३।१५ गतेसम्म थप दिन ७ हुनेछ। उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनुपर्नेछ। अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा सो भन्दा पछाडि कार्यालय खुल्ने दिनमा दरखास्त पेस गर्न सकिनेछ।

(५) **परीक्षा केन्द्र र स्थान :-**

क) सहायक सूचक पदका उम्मेदवारहरूले आफूलाई पायक पर्ने लोक सेवा आयोगका कार्यालयहरू (धनकुटा, जलेश्वर, हेटौँडा, काठमाडौँ, पोखरा, बुटवल, सुर्खेत र महेन्द्रनगर) मध्ये कुनै एक स्थान मात्र परीक्षा केन्द्र छनोट गर्नुपर्नेछ। आयोगबाट तोकिएको स्थानमा परीक्षा केन्द्रहरू कायम गरी लिखित परीक्षा सञ्चालन हुनेछ।

ख) सुरक्षा गार्ड र परिचर पदका उम्मेदवारहरूले आफूलाई पायक पर्ने राष्ट्रिय अनुसन्धान विभागको केन्द्रीय कार्यालय सिंहदरबार, काठमाडौँ वा राष्ट्रिय अनुसन्धान प्रदेश कार्यालयहरू (धरान, बुटवल, र धनगढी) मध्ये कुनै एक स्थानमा स्वयं उपस्थित भई आवेदन दिन सक्नेछन्। यसरी आवेदन दिँदा अनिवार्य रूपमा परीक्षा केन्द्र काठमाडौँ राख्नुपर्नेछ। राष्ट्रिय अनुसन्धान विभागले तोकेको स्थानमा मात्र सम्पूर्ण चरणका परीक्षाहरू हुनेछन्।

(६) **दरखास्त दस्तुर (राजस्व) र बुझाउने विधि :-**

क) सहायक सूचक पदका उम्मेदवारहरूले कुनै एक समूहका लागि रु. ३००।- (तीन सय रुपियाँ मात्र) बुझाउनुपर्नेछ। एकभन्दा बढी प्रत्येक समूहका लागि रु.१००।- (एक सय रुपियाँ मात्र) का दरले थप दस्तुर बुझाउनुपर्नेछ। समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तीमा रु.३००।- (तीन सय रुपियाँ मात्र) राजस्व बुझाउनुपर्नेछ।

**परीक्षा दस्तुर अनलाइन प्रणालीबाट e-Sewa, connect ips, Khalti, IME Pay मार्फत बुझाउन सकिनेछ।**

ख) सुरक्षा गार्ड पदका उम्मेदवारहरूले कुनै एक समूहको लागि रु.३००।-(तीन सय रुपियाँ मात्र) बुझाउनुपर्नेछ। एकभन्दा बढी प्रत्येक समूहका लागि रु.१००।-(एक सय रुपियाँ मात्र) का दरले थप दस्तुर बुझाउनुपर्नेछ। समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तीमा रु.३००।- (तीन सय रुपियाँ मात्र) राजस्व बुझाउनुपर्नेछ।

(ग) परिचर पदका लागि रु.२००।- (दुई सय रुपियाँ मात्र) र एकभन्दा बढी प्रत्येक समूहका लागि रु.५०।- (पचास रुपियाँ मात्र) का दरले थप दस्तुर बुझाउनुपर्नेछ। समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तीमा रु.२००।-(दुई सय रुपियाँ मात्र) राजस्व बुझाउनुपर्नेछ।

सुरक्षा गार्ड र परिचर पदको दरखास्त शुल्क बापतको परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंकका जुनसुकै शाखाबाट बैंक खाता नम्बर-१०००१००२०००१००००, कार्यालयको कोड नम्बर-३०१०७३५०१, कार्यालयको नाम-राष्ट्रिय अनुसन्धान विभाग, राजस्व शीर्षक-परीक्षा शुल्क र राजस्व शीर्षक नम्बर-१४२२४ मा बुझाई सोको सक्कल प्रति भौचर दरखास्त फाराम साथ बुझाउनुपर्नेछ।

(७) **दरखास्त फाराम भर्ने तरिका :-**

क) सहायक सूचक पदका लागि विभागको वेबसाइट https://nidept.gov.np/career मा login गरी व्यक्तिगत विवरणका साथै आवश्यक कागजातहरू सहित अनलाइन प्रणालीबाट दरखास्त फाराम भर्नुपर्नेछ। दरखास्त फाराममा भरिएका विवरणहरू विभागले प्रमाणित गरे पश्चात् रोल नम्बर कायम गरिनेछ। सोको जानकारी सम्बन्धित उम्मेदवारको इमेल मार्फत गराइनेछ। तत् पश्चात् अनलाइन प्रणालीबाट आफ्नो ID र Password Login गरी प्रवेश पत्र Print गर्न सकिनेछ।

ख) सुरक्षा गार्ड र परिचर पदका लागि तोकिएको स्थानमा उपस्थित भई व्यक्तिगत विवरणका साथै आवश्यक कागजातहरू सहित दरखास्त पेस गर्न सकिनेछ।

(८) **अनलाइन दरखास्त र स्वयं उपस्थित भई फाराम भर्दा अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू :-**

**(सहायक सूचक पदका लागि अनलाइन आवेदन गर्दा आवश्यक पर्ने कागजातहरू)**

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो।
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान कपी वा फोटो।
(ग) उम्मेदवारको दस्तखतको स्क्यान कपी वा फोटो।
(घ) तोकिएको शैक्षिक योग्यता वा सो सरह उत्तीर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो।
(ङ) तोकिएको समावेशी समूह अन्तर्गत

- **आदिवासी/जनजाति**का लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्र,
- **मधेशी**का लागि सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित भएको प्रमाणपत्र,
- **दलित**का लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्र वा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जाति भित्रको थर भनी प्रमाणित भएको प्रमाणपत्र,
- **पिछडिएको क्षेत्र**का लागि अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्वन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्वन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने अन्तिम ३ महिनाभित्र सिफारिस भएको प्रमाणपत्र।

(च) **प्रत्येक प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो समावेश गर्नुपर्ने र उक्त कागजातहरूको साइज बढीमा 300 KB को हुनुपर्नेछ। केरमेट वा सच्याइएको जस्तो देखिने प्रमाणपत्रलाई मान्यता दिइने छैन।**

**(सुरक्षा गार्ड र परिचर पदका लागि आवेदन गर्दा आवश्यक पर्ने कागजातहरू)**

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ४ प्रति।
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
(ग) तोकिएको शैक्षिक योग्यता वा सो सरह उत्तीर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
(घ) तोकिएको समावेशी समूह

- **आदिवासी/जनजाति**का लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि,
- **मधेशी**का लागि सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि,
- **दलित**का लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि वा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जाति भित्रको थर भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि,
- **पिछडिएको क्षेत्र**का लागि अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्वन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्वन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने अन्तिम ३ महिनाभित्र सिफारिस भएको प्रमाणपत्रको प्रतिलिपि।
- केरमेट वा सच्याइएको प्रमाणपत्रको प्रतिलिपिलाई मान्यता दिइनेछैन।

(९) **पाठ्यक्रम पाइने वेबसाइट :-**

सहायक सूचक, सुरक्षा गार्ड र परिचर पदका परीक्षाको पाठ्यक्रम राष्ट्रिय अनुसन्धान विभागको वेबसाइट https://nidept.gov.np/career बाट download गरी प्राप्त गर्न सकिनेछ।

(१०) **विस्तृत स्वास्थ्य परीक्षण :-**

क) सहायक सूचक पदको लिखित परीक्षामा सफल भएका उम्मेदवारहरूले राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल वा स्वास्थ्य संस्थामा पाठ्यक्रममा तोकिएको मापदण्ड बमोजिम अनिवार्य विस्तृत स्वास्थ्य परीक्षण गर्नुपर्नेछ।

ख) सुरक्षा गार्ड र परिचर पदको पूर्व योग्यता परीक्षामा सफल भएका उम्मेदवारहरूले राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल वा स्वास्थ्य संस्थामा पाठ्यक्रममा तोकिएको मापदण्ड बमोजिम अनिवार्य विस्तृत स्वास्थ्य परीक्षण गर्नुपर्नेछ।

**विस्तृत स्वास्थ्य परीक्षण गर्दा अस्पतालबाट तोकिए बमोजिम शुल्क लाग्नेछ। स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवारहरू मात्र अन्य चरणको परीक्षामा समावेश हुन सक्नेछन्।**

(११) **तलब, भत्ता, रासन तथा अन्य सुविधाहरू :-** राष्ट्रिय अनुसन्धान विभागको नियम र प्रचलित व्यवस्था बमोजिम हुनेछ।

(१२) **परीक्षाका लागि सम्पर्क मिति :-** दोब्बर दस्तुर तिर्ने म्याद सकिएपछि विभागको वेबसाइटमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ।

(१३) **अन्य विवरण :-**

(क) नेपाल विशेष सेवा नियमावली, २०४४ र राष्ट्रिय अनुसन्धान विभागको सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त, २०६६ बमोजिम पदपूर्ति गरिनेछ।
(ख उम्मेदवारहरूले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कलै प्रति साथमा लिई उपस्थित हुनुपर्नेछ।
(ग) हरेक चरणको परीक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरूलाई मात्र अर्को परीक्षामा सम्मिलित गराइनेछ।
(घ) लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई पाठ्यक्रममा तोकिए बमोजिम सशस्त्र प्रहरी बल, नेपालको नेपाल ए.पी.एफ. अस्पतालबाट विस्तृत स्वास्थ्य परीक्षण गराइनेछ।
(ङ) स्वास्थ्य परीक्षणमा सफल उम्मेदवारहरूलाई मात्र सो पश्चात्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।
(च) अन्तिम चरणको परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरूले नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजातको सक्कल र सोका प्रमाणित प्रतिलिपिहरूका साथमा लिई उपस्थित हुनुपर्नेछ।
(छ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ पाएको र कुनै अवैध संस्था वा सङ्गठनको सदस्य रहेको व्यक्ति परीक्षामा संलग्न हुन पाउनेछैन।
(ज) तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।
(झ) सहायक सूचक पद र सुरक्षा गार्ड पदका उम्मेदवारहरूले दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।
(ञ) सहायक सूचक पदका उम्मेदवारहरूले लिखित परीक्षामा अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## पुरुषोत्तम चेस च्याम्पियन

**काठमाडौँ** (गोरखापत्र), जेठ १० गते । राष्ट्रिय बुद्धिचाल 'बी' छनोट प्रतियोगिताा बिहीबार पुरुषोत्तम सिलवाल च्याम्पियन बन्नुभएको छ । ६० जना राष्ट्रिय शीर्ष खेलाडी सहभागी रहेको प्रतियोगितामा १५ वर्षीय पुरुषोत्तमले नौ चरणपछि सर्वाधिक ७.५ अङ्क हासिल गर्नुभयो ।

नेपाल बुद्धिचाल महासङ्घको आयोजनामा भएको प्रतियोगितामा काभ्रेका क्यान्डिडेड मास्टर मिलन लामा, पूर्वनेपाल च्याम्पियन केशव श्रेष्ठ र ललितपुरका सुरोज महर्जन समान ६.५ अङ्क प्राप्त गर्दै संयुक्त दोस्रो स्थानमा रहन सफल हुनुभयो । पुरुषोत्तमसँगै यी खेलाडी राष्ट्रिय चेसमा चयन भएका छन् । यसै गरी राजअंव कार्की, प्रकाशचन्द्र नेपाल, राजन सुवेदी, प्रेमकृष्ण महर्जन र एरिना इन्टरनेसनल मास्टर शुश्रुत दहाल पनि समान छ अङ्सहित छनोट हुनुभएको छ । सुशील चौधरी र सिएम पुरुषोत्तम चौलागाईं वैकल्पिकमा हुनुहुन्छ ।

यस प्रतियोगिताबाट शीर्ष नौ महिला खेलाडी पनि जेठ १९ गतेदेखि काठमाडौँको होटल हिमालयनमा हुँदै छ । यसै गरी आगामी सेप्टेम्बरमा विश्व बुद्धिचाल महासङ्घले युरोपको हङ्गेरीमा हुने चेस ओलम्पियाडमा नेपालका तर्फबाट पाँच खेलाडी सहभागी हुने छन् । यस प्रतियोगिताबाट महिला र खुला समूहबाट छनोट भएका नौ नौ जना खेलाडीले वर्तमान नेपाल पहिलो, दोस्रो र तेस्रोसँग पुनः प्रतिस्पर्धा गरी हङ्गेरीको बाटो तय गर्ने छन् ।

## सिएचआइटिएफ तेक्वान्दो हुने

**काठमाडौँ** (गोरखापत्र), जेठ १० गते । नेपाल–चाङ हुन अन्तर्राष्ट्रिय तेक्वान्दो महासङ्घको आयोजनामा प्रथम सिएचआइटिएफ एसियन तेक्वान्दो प्रतियोगिता हुने भएको छ । सो प्रतियोगिता जेठ ११ देखि १३ गतेसम्म सातदोबाटोस्थित कराँते हलमा हुने छ ।

प्रतियोगितामा नेपाल, मलेसिया, बङ्गलादेश, भारत, चीन, पाकिस्तान, भियतनाम, फिलिपिन्स, श्रीलङ्का, सिङ्गापुरका करिब दुई हजार पाँच सय खेलाडी सहभागी हुने छन् । प्रतियोगितामा ८५ स्वर्ण, ८५ रजत र ११६ कांस्य पदकका लागि प्रतिस्पर्धा हुने बताइएको छ ।

## स्टिमरमाथि बुद्धिचाल

**स्याङ्जा** (गोरखापत्र), जेठ १० गते । गण्डकी प्रदेशस्तरीय बुद्धिचाल प्रतियोगिता कालीगण्डकी नदीमा चल्ने स्टिमरमा गरिने भएको छ । जेठ १२ र १३ गते हुने सो प्रतियोगितामा ११ जिल्ला र आयोजक कालीगण्डकीलाई एक जिल्ला मानी १२ वटा जिल्लाका दुई पुरुष तथा दुई महिला गरी ४८ जनाको सहभागिता रहने छ । प्रतियोगितामा पुरुषतर्फ सात राउन्ड र महिलातर्फ पाँच राउन्डमा हुने छ ।

# एटलान्टालाई युरोपा लिग




एटलान्टा पहिलो पटक युरोपा लिग च्याम्पियन बनेको हो । यस नतिजापछि एटलान्टाको ६१ वर्ष लम्बिएको उपाधि खडेरी तोडिएको छ । पछिल्लो पटक सन् १९६३ मा एटलान्टाले कोपा इटालिया जितेको थियो । युरोपा लिग जितेपछि एटलान्टा अर्को सत्रको च्याम्पियन्स लिगमा चयन भएको छ ।

**डब्लिन,** जेठ १० गते । विन्गर एडिमोला लुकम्यानको ह्याट्रिकको सहयोगमा इटालीको एटलान्टाले बिहीबार जर्मनीको बायर लिभरकुसेनलाई ३–० ले हराएर युरोपा लिगको उपाधि जितेको छ । एटलान्टा पहिलो पटक युरोपा लिग च्याम्पियन बनेको हो । यस नतिजापछि एटलान्टाको ६१ वर्ष लम्बिएको उपाधि खडेरी तोडिएको छ । पछिल्लो पटक सन् १९६३ मा एटलान्टाले कोपा इटालिया जितेको थियो । युरोपा लिग जितेपछि एटलान्टा अर्को सत्रको च्याम्पियन्स लिगमा चयन भएको छ ।

इटालियन सिरिज 'ए' बाट च्याम्पियन्स लिग स्थानको छिनोफानो हुन बाँकी नै रहेको स्थितिमा एटलान्टाले पहिले नै युरोपा लिग जितेर विश्वको सबभन्दा प्रतिष्ठित फुटबल प्रतियोगितामा आफ्नो स्थान पक्का गरेको हो । लिभरकुसेनको यस सत्रमा अपराजित यात्रा निकै महत्त्वपूर्ण खेलमा तोडियो । यसअघि बायर लिभरकुसेन पछिल्ला ५१ खेलमा अपराजित थियो । ती खेलमध्ये पनि बायर लिभरकुसेन दुई खेलमा मात्र बराबरीमा रोकिएको थियो । आज जितेको भए बायर लिभरकुसेन युरोपेली फुटबलमा एक सत्रमा अपराजित रहने पहिलो टिम बन्ने थियो । एटलान्टासँग हारेपछि बायर लिभरकुसेनको तेस्रो पटक युरोपा लिग जित्ने सपना पनि पूरा भएन । बायर लिभरकुसेनले यस सत्रमा अपराजित रहँदै जर्मनी लिग फुटबल बुन्डेसलिगा जितेर इतिहास बनाएको थियो । यस सत्रमा लिभरकुसेनले पुनरागमन जनाएर थुप्रै खेल जितेको छ । एटलान्टाविरुद्ध लिभरकुसेनले सोही प्रदर्शन दोहोऱ्याउन सकेन ।

लन्डनमा जन्मिएका नाइजेरियाली अन्तर्राष्ट्रिय फुटबलर लुकम्यानले सुरुका २६ मिनेटमा नै दुई गोल गरिसक्नुभएको थियो । खेलको ७५ औँ मिनेटमा उहाँले ह्याट्रिक पूरा गर्नुभयो । लुकम्यान युरोपेली फाइनलमा ह्याट्रिक गर्ने छैटौँ र सन् १९७५ पछि पहिलो खेलाडी हुनुहुन्छ । **एपी**

## राष्ट्रिय महिला प्रारम्भिक टिम घोषित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

नेपाल क्रिकेट सङ्घ (क्यान) ले बिहीबार एसिसी महिला एसिया कप–२०२४ का लागि २८ सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेको छ ।

सो टिममा इन्दु वर्माको कप्तानी कायम छ । अन्य खेलाडीमा रुबिना क्षेत्री बेलबासे, सीता रानामगर, कविता कुँवर, सम्झना खड्का, कविता जोशी, काजल श्रेष्ठ (विकेटकिपर), पूजा महतो, डली भट्ट, विन्दु रावल, र रोमा थापा हुनुहुन्छ । यसै गरी ममता चौधरी, कृतिका मरासिनी, राजमती ऐरी, सबनम राई, रुबी पोदार (विकेटकिपर), खुसी डङ्गोल, लक्ष्मी साउद, अलिसा खडिया, अप्सरी बेगम, करुणा भण्डारी, अस्मिना कर्मचार्य, सङ्गीता राई, आरती महतो, सावित्री धामी, यशोदा विष्ट, सोनी पाख्रिन र हेलिसा गुरुङ पनि प्रारम्भिक टिममा अटाउनुभएको छ । करुणा भण्डारीले राष्ट्रिय टिममा पुनरागमन गर्नुभएको हो । सावित्री धामी र हेलिसा गुरुङले ललितपुर मेयर्स कपमा राम्रो प्रदर्शनपछि पहिलो पटक राष्ट्रिय टिमको बन्द सत्रमा पर्नुभएको हो ।

महिला एसिया कप–२०२४ जुलाई १९ देखि २८ तारिखसम्म श्रीलङ्कामा हुँदै छ । एसियाली क्रिकेट काउन्सिल (एसिसी) को विश्वमा महिला क्रिकेटलाई प्रवर्धन गर्ने लक्ष्य अनुरूप एसिया कपमा आठ टिम सहभागी गराउने निर्णयपछि नेपाल भाग्यमानी बनेको हो ।

गत फागुनमा सम्पन्न एसिसी महिला प्रिमियर कपको सेमिफाइनलमा आयोजक मलेसियासँग नाटकीय तरिकाले चार विकेटले हारेपछि नेपालले एसिसी महिला एसिया कपमा खेल्ने अवसर गुमाएको छ । सो समय एसिसी महिला प्रिमियर कपको फाइनलमा पुग्ने दुई टिम एसिया कपमा खेल्न योग्य हुने प्रावधान थियो तर अहिले आइसिसीको नयाँ निर्णयपछि नेपाल मात्र होइन थाइल्यान्डले पनि एसिया कप खेल्न पाउने भएको हो । नेपालको महिला क्रिकेट टिमले तेस्रो पटक एसिया कप खेल्न लागेको हो । यसअघि सन् २०१२ र २०१६ मा पनि नेपाल महिला एसिया कपमा सहभागी भएको थियो ।

एसिया कपमा नेपाल कठिन समूह 'ए' मा रहेको छ । सो समूहमा उपाधि दाबेदार टिमहरू भारत र पाकिस्तानसँगै एसिसी महिला प्रिमियर कप विजेता युएई रहेका छन् । भारत सर्वाधिक सात पटकको विजेतासँगै गत च्याम्पियन टिम पनि हो । नेपालले आफ्नो पहिलो खेल उद्घाटन दिन पाकिस्तानसँग खेल्ने छ । त्यसपछि नेपालले जुलाई २१ मा युएईसँग र जुलाई २३ मा भारतसँग खेल्ने छ । समूह 'बी' मा बङ्गलादेश, श्रीलङ्का, मलेसिया र थाइल्यान्ड रहेका छन् । यी दुवै समूहमा शीर्ष दुई स्थानमा रहने टिम फाइनलमा पुग्ने छन् ।

## कबड्डी खेलाडी बङ्गलादेश प्रस्थान



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

चौथो बङ्गबन्धु कप पुरुष अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगितामा सहभागी हुन १२ खेलाडीसहित १६ सदस्यीय नेपाली टोली बिहीबार बङ्गलादेशको ढाका प्रस्थान गरेको छ । अखिल नेपाल कबड्डी सङ्घका महासचिव अरविन्दकुमार झाले मे २६ देखि जुन ३ तारिखसम्म हुने प्रतियोगितामा १२ राष्ट्रको सहभागिता रहने जानकारी दिनुभयो । सहभागी टिमलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा खेल खेलाइने छ । नेपाल रहेको समूह 'ए' मा बङ्गलादेश, श्रीलङ्का, इराक, मलेसिया र इन्डोनेसिया तथा समूह 'बी' मा थाइल्यान्ड, जापान, पाकिस्तान, दक्षिण कोरिया, केन्या र पोल्यान्ड छन् ।

नेपाली टिममा घनश्याम रोक्कामगर (कप्तान), गणेश कार्की, मनोज भट्ट कपाडी, जितेन्द्र अवस्थी, सागर यादव, इसरात मियाँ, कमलेश लोनिया, प्रकाश गिरी, खगेन्द्र जोशी, सुशील चुनारा, रोहन श्रेष्ठ र विशाल थापा रहनुभएको छ । कप्तान घनश्याम भारतको प्रो कबड्डी लिग खेलिसकेका खेलाडी हुनुहुन्छ । उहाँ प्रो कबड्डी लिगको दसौँ संस्करणमा हरियाणा स्लिर्समा १३ लाख भारतीय रुपियाँमा अनुबन्धित हुनुभएको थियो । घनश्याम प्रो कबड्डी लिगमा आबद्ध हुने नेपाली खेलाडीमध्ये सर्वाधिक पारिश्रमिक लिने खेलाडी हुनुहुन्छ । यसअघि महासचिव झाले सञ्जय श्रेष्ठ र जयबहादुर बोहोराले समान आठ आठ लाख तथा लालमोहर यादव र नागेश्वर चौधरीले समान १०/१० लाख भारतीय रुपियाँ पारिश्रमिक लिएको जानकारी दिनुभयो । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले शुभकामनासहित बिदाइ गर्नुभयो । बिदाइमा एसियाली खेलकुदमा ऐतिहासिक कांस्य पदक जित्ने महिला राष्ट्रिय कबड्डी टोलीको पनि उपस्थिति रहेको थियो ।

सदस्यसचिव घिसिङले १९ औँ एसियाली खेलकुदमा महिला कबड्डी टोलीलाई सहभागी गराएकोमा धेरै प्रश्नको सामना गर्नु परेको स्मरण गर्दै महिला टोलीले पदक जितेर सहभागिताको औचित्य पुष्टि गरिसकेको बताउनुभयो । उहाँले अब महिला टोलीलाई विगतभन्दा राम्रो गर्ने चुनौती थपिएको र पुरुष टोलीलाई बङ्गबन्धु कप पदक जित्ने राम्रो अवसर भएको बताउनुभयो । सदस्यसचिव घिसिङले खेलाडीका साथै प्रशिक्षकले समयानुकूल 'अपडेट' र 'अपग्रेड' हुनुपर्नेमा जोड दिँदै खेलाडीको शारीरिक क्षमताको पहिचान गर्न परिषद्ले चाँडै स्पोर्ट्स साइन्स ल्याब स्थापना गर्ने जानकारी दिनुभयो ।

## भिसाका लागि मन्त्रालयको पहल

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय क्रिकेट खेलाडी सन्दीप लामिछानेको भिसा अमेरिकन राजदूतावासले अस्वीकार गरेको विषयमा आवश्यक पहल सुरु गरेको छ । युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काबिच सोसम्बन्धी छलफल भएको थियो ।

सो कुराकानीपश्चात् युवा तथा खेलकुद मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई सन्दीपको भिसा उपलब्ध गराउन आवश्यक सहजीकरण गर्न अनुरोध गर्दै पत्र पठाएको छ । मन्त्री श्रेष्ठले सन्दीपको भिसाका लागि मन्त्रालयबाट गर्नुपर्ने सबै पहल गरिएको बताउनुभयो । अब परराष्ट्र मन्त्रालयले सन्दीपको भिसाको विषयमा कामकारबाही अघि बढाउने बताइएको छ । एक दिनअघि सन्दीपलाई अन्तर्वार्तामा बोलाएर अमेरिकी दूतावासले भिसा अस्वीकार गरेको थियो ।

## कला / साहित्य

# देशभर बुद्धको सम्झना



तस्बिर : राजन रावत

**रलिङ गुम्बामा तीर्थयात्रीको भिड ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

२५६८ औँ बुद्ध जयन्तीका अवसरमा पूजा, आराधना एवं प्रवचन गरी देशभर मनाइएको छ । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइने गरिन्छ । सिद्धार्थ गौतमले विश्व शान्तिका लागि पुऱ्याएको योगदानको स्मरणस्वरूप यो पर्व मनाउने गरिएको छ । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण मृत्यु वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्ध जयन्ती मनाउने गर्दछन् ।

'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो' यस्ता अनेकौँ कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६८ औँ जयन्ती शान्तिको कामना गर्दै देशभर मनाइएको हो । बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ । आममानिसलाई बेलुकी घरमा दीपावली गरेर बुद्ध जयन्ती मनाउन सरकारले आह्वान गरेको छ । यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा छ । इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६८ वर्षअघि रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो । २९ वर्षको उमेरमा दरबार छोडी शान्तिको खोजीमा गौतम बुद्धले घर छाड्नुभएको थियो ।

### कला प्रदर्शनी

२५६८ औँ बुद्ध जयन्तीका अवसरमा काठमाडौँको बौद्धमा बिहीबारदेखि बुद्धकै विषयमा कला प्रदर्शनी सुरु भएको छ । प्रदर्शनीबाट प्राप्त आम्दानीको पाँच प्रतिशत रकम असहायका लागि प्रदान गरिने जनाइएको छ । पाँच दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा २० जना कलाकारले बनाएका ३० वटा सिर्जनाले स्थान पाएका छन् । आर्ट बुम, द स्प्रिच्युअल आर्ट्स र ललितकला गुठी तथा एला आर्ट ग्यालरीको संयुक्त आयोजनामा प्रदर्शनी सुरु भएको हो ।

**हुम्ला समाचारदाता**का अनुसार बुद्ध जयन्तीका अवसरमा दुई सय वर्ष पुरानो रलिङ मेला मनाइएको छ । सिमकोट गाउँपालिका–३ का छपाल लामाका अनुसार रातभर जाग्राम बसेर पूजापाठ गर्दै धुमधामसाथ रलिङ मेला मनाइन्छ । पूर्णिमाको अघिल्लो दिनमै रातभर जाग्राम बसेर पूजा गर्ने गरिन्छ । विभिन्न ठाउँबाट आएका भक्तजनले तीन हजार ९३८ मिटर उचाइमा रहेको रलिङ गुम्बाको दर्शन गरेका थिए । लामा समुदायका महिला पुरुष परम्परागत पहिरनमा सजिएर गुम्बामा पुग्ने, गीत गाउने गर्दछन् । पूजापाठपछि गुम्बा क्षेत्रकै चौरमा घोडा दौडाउने कार्य गरिन्छ । त्यसपछि गुम्बाभन्दा केही तल रहेको तोग्रामा आएर रातभर देउडा गाउने गरिन्छ ।

### पुरस्कार प्रदान

२५६८ औँ बुद्ध जयन्तीका अवसरमा बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित अन्तरविद्यालय चित्रकला र वक्तृत्वकला प्रतियोगिताका विजयी विद्यार्थीलाई पुरस्कारस्वरूप सिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । बौद्ध तामाङ कल्याण गुठीले संयोजन गरेको सो प्रतियोगिताका विजयीलाई सांसद सन्तोष चालिसेले सिल्ड, पदक तथा प्रमाणपत्र प्रदान गर्नुभयो । अन्तरविद्यालय चित्रकला प्रतियोगितामा कैलाशबोधी माविका डिकिडोमा लामा पहिलो, मङ्गलदीप माविका छेवाङ ग्याल्छेन लामा दोस्रो र अरुणिमा माविकी कन्या राई तेस्रो हुनुभएको थियो । बुद्ध, शान्ति विषयमा आयोजित वक्तृत्वकलामा लर्डबुद्ध माविकी शर्मिला श्रेष्ठ पहिलो, बौद्ध इङ्ग्लिस सेकेन्डरी स्कुलका रचना सुन्दास दोस्रो र कुमारी आवासीय माविकी छात्रा दिपाली कसौधन तेस्रो हुनुभएको थियो ।

## चण्डेश्वरी जात्रा सुरु

**केदार तिमल्सिना**
*बनेपा, जेठ १० गते*

हरेक वर्ष वैशाख शुक्ल पूर्णिमाको दिन (बुद्ध जयन्ती) र त्यसको भोलिपल्ट बनेपालीले भव्य रूपमा मनाउने 'चण्डेश्वरी जात्रा' सुरु भएको छ । बनेपालीले चण्डेश्वरी जात्रा वैशाख पूर्णिमा र त्यसको भोलिपल्ट गरी दुई दिन विशेष रूपमा मनाउने गर्दछन् ।

जात्राको पहिलो दिन बिहीबार (पूर्णिमा) दिउँसो काठमाडौँको हनुमानढोकाबाट कनफट्टा जोगी आई बनेपाको तीनधारामा एक भेडा र एक कुखुराको भाले काटी विधिको पूजा गरी देवता बनेपाको तीनधारामा रहेको खाली रथमा देवी राख्नका लागि रथलाई चण्डेश्वरी मन्दिर लगिएको छ ।

पूर्णिमाको भोलिपल्ट अर्थात् जात्राको अन्तिम दिन (शुक्रबार) देवी राख्नका लागि चण्डेश्वरी मन्दिर पुऱ्याइएको रथमा देवी राखी रथलाई बजारतर्फ ल्याइन्छ । देवी राखी ल्याइएको सो रथलाई भैरव कुण्डलमा देवताको मुख धोएर बजारतर्फ ल्याउने र उक्त रथलाई भोछिभोया थरका कन्याले लशःकुशः अर्थात् देवताको मुख खोलेर स्वागत गर्नेछन् । लशःकुशः गरेपछि सो रथलाई सहर परिक्रमा गराई लायकु दरबारमा लगी हाँसको बलि दिई (राज) पूजा गरिने प्रचलन रहेको छ । बलि दिएका १२ काला बोकामध्ये एक बोका पूजापाठ गर्ने जोशीलाई, एक द्वारेलाई दिई अन्य बोकाको मासु टुक्रा पारी कलदान गर्ने चलन रहेको छ ।

कलदान गरेको मासुमध्ये पनि बोकाको कान, जिब्रो, आँखा, सिङलगायतका चिज भेटाउने मानिसले आफूले चिताएको पुग्ने किंवदन्ती रहेको छ । यसमध्ये पनि दाहिने सिङ र आँखा, कान भेटाएमा झन् राम्रो हुने स्थानीय बताउँछन् ।

कलदानपछि देवता राखेको रथलाई गणेशस्थानबाट चण्डेश्वरीसम्म पुऱ्याइन्छ । भाले बास्नुभन्दाअगावै सो रथलाई चण्डेश्वरी पुऱ्याउनुपर्ने जात्राको अर्को रोमाञ्चक पक्ष रहेको छ । भाले बासेपछि रथलाई चण्डेश्वरीमा पुऱ्याइएको खण्डमा सो रथलाई मन्दिरभित्र पसाउन नपाइने नियम रहेको छ ।

देवमाला वंशावलीमा उल्लेख भए अनुसार सत्य युगको प्रथम पागमा नै चण्डेश्वरी जात्रा उल्लेख भएको पाइन्छ । चण्डेश्वरी जात्राका लागि भोछिभोया परिवारले जात्राको विधि सुरु गर्ने तथा खटका लागि काठ काट्ने, मान्नधरको ख गुठीले खट तयार पार्ने, श्रेष्ठले खट सिङ्गार्नेलगायतको काम गर्ने गर्दछन् ।

## महिलाले ताने रथ

**गोरखापत्र समाचारदाता**
*ललितपुर, जेठ १० गते*

रातो मत्स्येन्द्रनाथको रथ तान्न बिहानदेखि ललितपुरको लगनखेलमा महिलाको भिडभाड देखिन्थ्यो । रातो मत्स्येन्द्रनाथको रथको टुप्पोबाट नरिवल खसालेको भोलिपल्ट बिहीबार बिहानै महिलाले रथ तान्ने परम्परा छ । यसलाई नेपाल भाषामा याकः मिसाया भूज्याः (एकल महिलाको जात्रा) भनिन्छ ।

करिब तीन सय महिलाले रातो मत्स्येन्द्रनाथको विशाल रथलाई लगनखेलबाट तानेर थतिटोलसम्म पुऱ्याउँछन् । बिहीबार बिहान पाँच बजेदेखि भेला भएका महिलाले ६ बजेबाट तान्न थालेका थिए । बिहान ७ बजेतिर रथ थतिटोल पुऱ्याइएको थियो । अन्य दिनमा साँझतिर तानिने रथ यस दिन बिहान तानिन्छ । थतिटोलमा पुगेपछि ज्योतिषले दोस्रो चरणको साइत हेरेर जावलाखेल पुऱ्याइने दिनको टुङ्गो लाग्छ । रथ जावलाखेल पुगेको चार दिनपछि भोटो जात्रा मनाइन्छ । त्यसपछि खटमा राखेर त्यही दिन मत्स्येन्द्रनाथलाई बुङ्गमती फर्काइन्छ ।

संस्कृतिविद् डा. चुन्दा वज्राचार्यका अनुसार विगतमा महिलाले रथ तान्ने कार्य झिसमिसेमै हुने गर्दथ्यो तर एक दशकदेखि यो बिहानको उज्यालो सँगसँगै रथ तान्ने कार्य गरिन थालिएको हो ।

एकल महिलालाई समाजमा स्थान दिएको प्रतीकस्वरूप एकल महिलाले मात्र रथ तान्ने परम्परा थियो । अहिले यो परम्परा परिमार्जित भएर रथ तान्ने कार्यमा सबै महिलाको सहभागिता हुन थालेको छ ।

**नेपाल राष्ट्र बैङ्क**

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

२०८१ साल जेठ ११ गते (मे २४, २०२४) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३२।९६ | १३३।५६ |
| युरो | १ को रु. | १४४।१८ | १४४।८३ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १६९।२९ | १७०।०६ |
| स्विस फ्रैङ्क | १ को रु. | १४५।५३ | १४६।१८ |
| अस्ट्रेलियन डलर | १ को रु. | ८८।२७ | ८८।६७ |
| क्यानेडियन डलर | १ को रु. | ९७।२६ | ९७।७० |
| सिङ्गापुर डलर | १ को रु. | ९८।५४ | ९८।९८ |
| जापानी येन | १० को रु. | ८।४९ | ८।५२ |
| चिनियाँ युआन | १ को रु. | १८।३६ | १८।४५ |
| साउदी अरब रियाल | १ को रु. | ३५।४५ | ३५।६१ |
| कतारी रियाल | १ को रु. | ३६।४८ | ३६।६४ |
| थाई भाट | १ को रु. | ३।६४ | ३।६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३६।२० | ३६।३६ |
| मलेसियन रिङ्गिट | १ को रु. | २८।२६ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।७६ | ९।८० |
| स्विडिस क्रोनर | १ को रु. | १२।४४ | १२।४९ |
| डेनिस क्रोनर | १ को रु. | १९।३२ | १९।४१ |
| हङ्कङ डलर | १ को रु. | १७।०३ | १७।११ |
| कुवेती दिनार | १ को रु. | ४३३।१८ | ४३५।१३ |
| बहराइन दिनार | १ को रु. | ३५२।६७ | ३५४।२७ |

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## मनाइयो उँभौली

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ १० गते*

किराँत समुदायले उँभौली पर्व मनाएका छन् । किराँत धर्मावलम्बी राई, लिम्बूलगायत जातजातिले उँभौली अर्थात् चण्डी पूर्णिमामा प्रकृतिको पूजा आराधना गरी यो पर्व मनाउने गर्दछन् । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बाली लगाउनुअघि गाउँ गाउँमा रहेका भूमेस्थानमा बाली राम्रो होस् भनेर प्रकृतिको पूजा गर्ने परम्परा रहिआएको छ । किराँत समुदायले यस दिनलाई 'सम्रमा' अर्थात् देवी पार्वतीको सृष्टि भएको दिनका रूपमा पनि मान्ने गर्दछन् ।



तस्बिर : सुजन गुरुङ

किराँत समुदायले यस दिनलाई 'सम्रमा' अर्थात् देवी पार्वतीको सृष्टि भएको दिनका रूपमा पनि मान्ने गर्दछन् ।

किराँत समुदायभित्रका चाम्लिङ, बान्तवा, सुनुवार, राई याक्खा, लिम्बूलगायतले यस पर्वलाई मनाउने गर्दछन् । मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन बाली भित्र्याएर जाडो छल्न बेँसी झरेका मानिस आजदेखि उँभो लाग्छन् । वैशाख पूर्णिमापछि गर्मी बढ्दै जाने र बेँसीमा रहेका यो समुदायका मानिस लेकतिर उँभो लाग्ने भएकाले पनि यसको नाम उँभौली रहेको बताइन्छ । उँभोको अर्थ खेतीपाती राम्रो होस्, धेरै होस्, उन्नति होस् भन्ने भनाइ पनि रहेको छ ।

वैशाख शुक्ल पूर्णिमादेखि चराचुरुङ्गीलगायत जङ्गली जनावर पनि उँभो लाग्ने किराँत समुदायको विश्वास छ । नदीमा माछा पनि गर्मीबाट बच्न बेँसीको नदीबाट लेकतिर जान्छन् भन्ने मान्यता छ । यस पर्वका अवसरमा चण्डी नाचसमेत नाचिन्छ । यसै कारण वैशाख शुक्ल पूर्णिमाको दिनलाई चण्डी पूर्णिमा पनि भनिन्छ । आज साकेला नाच पनि नाच्ने गरिन्छ । ललितपुरको हात्तीवनस्थित साकेलास्थानमा पूजा आराधना गरिन्छ । किराँत समुदायको बाहुल्य भएको ठाउँमा यो पर्वलाई भव्य रूपमा मनाउने गरिन्छ । परम्परागत नृत्य गर्दै र मिठा परिकार खाएर आपसमा सुख, शान्ति, सुस्वास्थ्यको आदानप्रदान गरी रमाइलोसँग उँभौली पर्व मनाउने परम्परा छ ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. २९/०५३/५४ । निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४